## यस अङ्कमा


१७ वर्षमै नोबेल पुरस्कार पेज ३

शिक्षित रोजगार महिलाहरूको समस्या
– भुवन ढुंगाना पेज ४

नयाँ संविधानमा नागरिकताको सवाल
– डा. चन्द्रकान्त ज्ञवाली



पेज ५

महिला अधिकार : थप बहसको खाँचो
– शुभेच्छा विन्दु पेज ११

महिला सभासद ककस
– उषाकला राई पेज १२


अन्तर्वार्ता



"सबै पक्षको प्रतिनिधित्व र अपनत्व चाहियो भनेर नयाँ संविधान बनाउन लागेका हौं" पेज १६

अनुसन्धान अनुभव
– डा. मीना आचार्य पेज १८

महिला आन्दोलनकी अग्रणी योद्धाको अवसान
– मञ्जु थापा



पेज २२

विकासमा महिला
– मोना शेर्पा पेज ३०

महिनावारी बन्द हुने अवस्था : रजोनिवृत्ति
– डा. अरुणा उप्रेती पेज ३३

छाउपडीले आहत महिला अस्तित्व
– अञ्जु क्षेत्री पेज ३६

नेपाली समाज, साहित्य र महिला
– डा. सुधा त्रिपाठी पेज ३८

नेपाली चलचित्रमा नारी
– दिवस गुरागाई पेज ४०

विमलाले दिलाइन् एकमात्र पदक
– जयदेव गौतम



पेज ४४

बेइजिङ + २० राष्ट्रिय महिला सम्मेलन पेज ४६

नर्सको संस्मरणलाई मदन पुरस्कार पेज ४८

का.जि.का.द.नं. : ४७६/२०७०/०७१
वर्ष १, अङ्क १, असोज–कात्तिक २०७१
October-November 2014

अस्मिता हाम्रो
रुपान्तरणमा नारीवादी विमर्श

**संस्थापक सम्पादक**
सुसन मास्के
अञ्जु क्षेत्री

**सल्लाहकार**
डा. मीना आचार्य
डा. अरुणा उप्रेती
डा. सेरा तामाङ

**सम्पादक**
मञ्जु थापा

**कार्यकारी सम्पादक**
जयदेव गौतम

**सह-सम्पादक**
राजेन मानन्धर

**लेखा तथा प्रशासन प्रमुख**
शान्ता भण्डारी

**बजार व्यवस्थापन**
प्रकाश के.सी.

**तस्बिर**
अस्मिता तस्बिर संग्रह

**प्रकाशक**
अस्मिता महिला प्रकाशन गृह
सञ्चार तथा स्रोत संस्थाको
सहकार्यमा इन्दु तुलाधर
पो.ब.नं. ४७९५, फोन नं. ५२०३०२९
इमेल : asmita@healthnet.org.np

**मुद्रण**
पोलिइमेज प्रिन्टिङ सपोर्ट
न्युप्लाजा, पुतलीसडक, काठमाडौं

**आवरण चित्र**
सामाजिक सञ्जाल/ई–कान्तिपुर

**सम्पादकीय**

# उत्तरदायी छलफल आवश्यक

नेपालको महिला आन्दोलन पनि क्रमशः परिपक्व हुँदै अघि बढ्दैछ । आजभन्दा अठ्सठ्ठी वर्षअघि यो आन्दोलन संगठित रूपमा सुरु भएको थियो । यो आन्दोलनकी एकजना अग्रणी योद्धा सहाना प्रधानको हालै मात्र अवसान भएको छ । अहिले यो आन्दोलनमा स्वपहिचान र समानताको आधारमा महिलालाई नागरिकतामा समान अधिकार र समान राजनीतिक सहभागिता हुनुपर्छ भन्ने जस्ता आवाज बुलन्द भइरहेका छन् । यस बीचमा नेपाली खोलानाला र नदीहरूमा प्रशस्त पानी बगिसकेको छ । मुलुक जहाँनिया शासन व्यवस्थाबाट गणतन्त्रमा प्रवेश गरिसकेको छ । शीर ठाडो गरेर हेर्न नसक्ने रैतीहरू आज सार्वभौम नागरिक भइसकेका छन् । विश्व रंगमञ्चमा हरेक नागरिकको पूर्ण मानवअधिकारलाई सुनिश्चित गर्ने धेरै प्रतिबद्धताहरू पारित भइसकेका छन् । यति धेरै सकारात्मक रूपान्तरणका बाबजुद एक्काइसौं शताब्दीका नेपाली महिलाले सम्पूर्ण अर्थमा आफूलाई समान नागरिक अनुभव गर्न नपाउने विडम्बना यथावत् नै छ ।

करिब सात दशक लामो यो आन्दोलन कहिले तीव्र र कहिले सुस्त गतिमा अघि बढ्दै आयो । यसमा समयक्रममा महिला अधिकारका विभिन्न मागहरू उठ्दै आए । महिलाको समान साम्पत्तिक अधिकार, गर्भपतनको अधिकार, महिलाविरुद्ध हिंसाको अन्त्य, महिला बेचबिखनको अन्त्य, नीति–निर्णायक क्षेत्रमा महिलाको समान सहभागिता, रक्सीविरोधी अभियान, बोक्सी कुप्रथाको अन्त्य, दाइजो कुप्रथाको अन्त्यजस्ता सवालमा विभिन्न अभियान र सक्रियताहरू यस आन्दोलनमा देखा परे । । २०४५ सालदेखि अस्मिता पत्रिका र अस्मिता संस्थाले पनि यस अभियान र आन्दोलनको होस्टेमा हैंसे गर्दै आयो । कहिले त्रैमासिक, कहिले द्वैमासिक र कहिले मासिक रूपमा प्रकाशित हुँदै अस्मिता पत्रिकाले महिला अधिकारको स्वरलाई सुनाउन प्रयत्न गरिरह्यो । नेपालको महिला आन्दोलनलाई अधिकार प्राप्तिको बाटोमा अघि बढाउन आफूले पनि योगदान गर्न पाउँदा अस्मिता सधैं गौरवान्वित छ ।

पाठक तथा शुभेच्छुकहरूको माया, विश्वास र साथ हुँदाहुँदै पनि २०६६ सालको अन्त्यतिर ६९ अंक निस्किएपछि विभिन्न कारणवश यस पत्रिकालाई निरन्तरता दिन नसक्ने अवस्था सृजना भयो । यस बीचमा मुलुकमा मिडियाको पनि विकास भयो । पहिलेको तुलनामा मिडियाले महिला अधिकारका सवाललाई केही स्थान पनि दिन थाल्यो तर महिला आन्दोलनका आवाजहरूलाई थप महत्वका साथ मुखरित गर्नुपर्ने काम अझै पनि बाँकी नै छ । महिलाका चुनौती, संघर्ष, क्रियाशीलता र उपलब्धिका गाथाहरूलाई नारीवादी धरातलमा उभ्याएर व्याख्या गर्न पनि सकिएको छैन । अब बन्ने नयाँ संविधान र त्यसमा आधारित मुलुकको राजनीतिक, सामाजिक तथा आर्थिक संरचनामा महिलाको समान अधिकार सुनिश्चित गराउने चुनौती झनै टड्कारो छ । समग्रमा राज्यको पुनर्संरचनालाई महिला लगायत सीमान्तीकृत समुदायको पक्षमा बनाउन गम्भीरतापूर्वक विमर्श गरिनु जरुरी छ । नेपाली महिलाको अधिकारको प्राप्ति, उनीहरूको पहिचान र प्रतिष्ठापूर्ण जीवनका निमित्त सम्बन्धित तमाम सवालहरूमा लैङ्गिक रूपमा सम्वेदनशील, गम्भीर र उत्तरदायी वैचारिक छलफलको आवश्यकता छ । साथै, विश्व नारीवादी आन्दोलनका विभिन्न आयाम, महिलामाथि भूमण्डलीकरणको प्रभाव, नवउपनिवेशवाद र महिला, उत्तर–नारीवाद, नारीवाद र उत्तर–औपनिवेशिक दृष्टिकोण, नारीवादी इतिहास लेखन आदि विषयमा पनि नेपाली सन्दर्भमा उत्तिकै विमर्श चाहिएको छ ।

यही पृष्ठभूमिमा हाम्रा धेरै पाठक तथा शुभेच्छुकहरूले महिला अधिकार आन्दोलनलाई अगाडि बढाउन र हरेक प्रक्रियालाई नारीवादी दृष्टिकोणबाट विश्लेषण गरी बहसमा ल्याउनका लागि महिला केन्द्रित पत्रिकाको अझै पनि खाँचो छ भनेर हामीलाई घच्घच्याइरहनुभयो । अनि केही चिन्तन–मनन र सोचविचारपछि अस्मिता समूह 'अस्मिता हाम्रो' पत्रिका प्रकाशन गर्ने निर्णयमा पुगेको छ । विविध प्राविधिक कारणवश अस्मितालाई पुरानै रूपमा प्रकाशन गर्न सम्भव भएन तापनि त्यसकै भाव, धार र प्रतिबद्धताको निरन्तरताका रूपमा अस्मिता समूहले नै 'अस्मिता हाम्रो' पत्रिका प्रकाशन गर्ने निर्णय गरेको छ । उही समूह र उद्देश्यबाट प्रेरित यस पत्रिकालाई हाम्रा पाठक र शुभेच्छुकहरूले उत्तिकै माया र साथ दिनुहुनेछ भन्ने हामीले ठानेका छौं । अस्मिता हाम्रो पत्रिकाको यो पहिलो सौगात यहाँको हातमा छ, हामी यहाँको खुला सुझावका लागि प्रतीक्षारत छौं ।




# १७ वर्षमै नोबेल पुरस्कार

**मलालालाई अहिलेसम्म प्राप्त प्रमुख अन्तर्राष्ट्रिय पुरस्कार :**

- नोबेल शान्ति पुरस्कार २०१४
- सखारोभ पुरस्कार २०१३
- राष्ट्रिय मलाला शान्ति पुरस्कार २०११
- सिमोन दि बुआ पुरस्कार २०१३
- एम्बेसडर अफ कन्साइन्स पुरस्कार २०१३
- युएस ग्ल्यामर अवार्ड फर वुमन अफ द इअर २०१३



पाकिस्तानमा जन्मेर हाल बेलायती राजधानी लन्डनमा बसोबास गरिरहेकी १७ वर्षीया किशोरी मलाला युसुफजाईलाई 'बालिका शिक्षा अभियन्ता' का रूपमा वर्ष २०१४ को नोबेल शान्ति पुरस्कारबाट सम्मानित गरिने भएको छ । उनलाई यो विश्वप्रसिद्ध पुरस्कार बालश्रम विरुद्धका भारतीय अभियन्ता ६० वर्षीय कैलाश सत्यार्थीसँगै संयुक्त रूपमा दिन लागिएको हो । पुरस्कारको रकम ११ लाख अमेरिकी डलर यी दुई अभियन्ताबीचमा बाँडिने छ । पुरस्कार समितिका अनुसार, यो वर्षको नोबेल शान्ति पुरस्कारका लागि विश्वभरबाट २७८ जनाको नाम सिफारिस गरिएको थियो ।

मलाला सन् १९०१ मा स्थापना भएको विश्वकै ठूलो पुरस्कार मानिने नोबेल पुरस्कारको इतिहासमा १७ वर्षकै उमेरमा यो पुरस्कार पाउने सबैभन्दा कान्छी व्यक्ति हुन पुगेकी छन् । उनले गरेको बालबालिका र युवाको पक्षमा अडिग संघर्ष वा विद्रोहका लागि उनलाई यो पुरस्कार दिइएको हो । उनको यो भनाइ निकै चर्चित छ, 'बालबालिका पाठशाला जानुपर्छ र तिनीहरूमाथि आर्थिक शोषण गरिनु हुँदैन ।'

पुरस्कारको घोषणा गर्दै पुरस्कार समितिका अध्यक्ष थोरबोर्योनले 'भारत र पाकिस्तानका एकजना हिन्दू र एकजना मुस्लिमले यो पुरस्कार शिक्षाका लागि र अतिवादका विरुद्धको संघर्षका लागि पाउन लागेका अवसर आफैमा महत्वपूर्ण कुरा' भएको उल्लेख गरेका छन् ।

मलालाको जन्म सन् १९९७ जुलाई १२ मा भएको थियो । उमेरले सानै भए पनि सन् २०१२ मा पाकिस्तानको स्वात उपत्यकामा बालिकाहरूको शिक्षाका लागि काम गर्दैगर्दा उनलाई इस्लामिक कट्टरपन्थी समूह तालिबानका लडाकुहरूले ज्यान मार्ने नियतले टाउकोमा गोली हानेका थिए, ठीक दुई वर्षअघि । उनको अपराध के मात्र थियो भने ती डरलाग्दा अतिवादीहरूका बीचमा रहेर पनि उनले बालिकाको शिक्षा पाउने अधिकारका विषयमा मुख खोल्ने हिम्मत गरेकी थिइन् । त्यसबेला उनी १५ वर्षकी मात्र थिइन् तर त्यस्तो खतरनाक अवस्थामा पनि बालिका शिक्षाको लागि लड्नबाट पछि हटिनन् । उनको यस साहसको विश्वभर कदर गरिएको थियो । सन् २०१२ अक्टोबर ९ मा भएको गोली प्रहारको त्यस घटनाको ६ दिनपछि मलाला उपचारको क्रममा इङ्ल्यान्ड पुगिन् र उपचारपश्चात् त्यहीँ बरमिङ्घमको स्कुलमा पढ्न थालिन् । स्कुलमै उनलाई नोबेल पुरस्कार पाउने भएकोबारे जानकारी दिइएको थियो ।

गत वर्ष लडाकुहरूसँगको आफ्नो संघर्षका क्षणहरूको संस्मरणका रूपमा प्रकाशित उनको पुस्तक 'आई एम मलाला' को प्रकाशनले पनि उनी चर्चाको शिखरमा पुगेकी थिइन् र केही युरोपेली पुरस्कारहरू पनि प्राप्त गरेकी थिइन् ।

उनको कथालाई विश्वले हालको पाकिस्तानले भोगिरहेको चुनौतीका रूपमा लियो । आणविक शस्त्रको धनी पाकिस्तानमा भएको लडाकु कट्टरपन्थीहरूको कार्यशैली र त्यसका विरुद्धमा प्रगतिकामी जनताको भविष्यका रूपमा उनको संघर्षलाई विश्वभर चित्रण गरियो ।

यसअघि मलालाले सन् २००९ मै एक छद्म नामबाट आफ्नो ब्लगमा स्वात उपत्यकाबारेमा विस्तृत वर्णन लेखेकी थिइन्– त्यहाँको तालिबान शासन र बालबालिकाको अधिकारका बारेमा । त्यहाँ त्यतिबेला तालिबानहरूले बालिकालाई स्कुल जानबाट प्रतिबन्ध लगाएका थिए । त्यस ब्लगमा उनले स्वात उपत्यकामा बालिका शिक्षालाई प्रवर्धन गर्नुपर्ने कारणहरू खुलस्त व्याख्या गरेकी थिइन् । त्यसपछि अमेरिकी पत्रिका न्युयोर्क टाइम्सका पत्रकार एडम बी एलिकले मलालाको जीवनीबारे एउटा डकुमेन्ट्री बनाएका थिए । त्यसपछि उनी मिडियामा पनि छाइन् र त्यसैको परिणामस्वरूप अन्तर्राष्ट्रिय बाल शान्ति पुरस्कारका लागि पनि छानिइन् ।

सन् २०१२ अक्टोबर ९ मा मलालालाई स्वातमै एक बन्दुकधारीले नाम सोधेरै टाउकोमा तीनपल्ट गोली हानेको थियो । उनलाई समयमै उपचारका लागि त पहिले स्वदेशमै र पछि विदेश लगियो तर पनि ज्यानको खतराबाट भने उनी मुक्त भइनन् । एकातिर उनलाई गोली हान्नेका विरुद्ध त्यहींका ५० जनाले मृत्युदण्डको आदेश (फतवा) जारी गरे भने अर्कोतिर तालिबानी लडाकुहरूले पुनः उनलाई र उनको बुबालाई पनि मारिछोड्ने वक्तव्य दोहोऱ्याए ।

यही कुराले फेरि पनि विश्वको ध्यान आफूतिर तान्यो । सन् २०१३ अप्रिल २९ मा विश्व–चर्चित अमेरिकी पत्रिका टाइम म्यागेजिनको मुखपृष्ठमा मलालाले स्थान पाइन् । साथै, संसारका सबैभन्दा प्रभावशाली १०० जना 'टाइम व्यक्तिहरू'मध्ये एकजना भनेर पनि छानिइन् । त्यसपछि २०१३ जुलाई १२ मा संयुक्त राष्ट्र संघको मुख्यालयमा सम्बोधन गर्ने अवसर पनि पाइन् । सन् २०१३ को अक्टोबर १६ मा उनलाई आन्द्रेई सखारोभ पुरस्कार दिइयो भने क्यानाडा सरकारले उनलाई मानार्थ नागरिकता दिने इच्छा व्यक्त गऱ्यो ।

उनलाई दिइएको नोबेल शान्ति पुरस्कार हाल इराक, सिरिया, यमन आदि देशहरूमा भइरहेको द्वन्द्वको अन्तर्राष्ट्रिय प्रतिवादको सन्देशका रूपमा पनि लिइएको छ । – *अस्मिता डेस्क*

# शिक्षित रोजगार महिलाहरूको समस्या

✍भुवन ढुंगाना

शिक्षित रोजगार महिलाको हैसियतले मैले आफूले नै भोग्नु परिरहेका कटु सत्यलाई यहाँ पोखिरहेछु । आर्थिकस्तर माथि उठाउने सम्भावनामा पुरुष सरह जागिर खानुका साथै घर-परिवार चलाउनुपर्ने अभिभारा पनि आफूले नै बोक्नु परेकाले ऐनाको दुइटा पाटामा प्रतिबिम्बित आफ्नो रूपलाई यदाकदा नाटकका पात्रहरूसँग दाँज्दछु । म पत्नी, आमा, बुहारी र अरू नै नातागोताका लागि विभिन्न रूप हुँ । पात्रहरू जो क्षणक्षण अभिनय परिवर्तन गर्छन्, रुन्छन्, हाँस्दछन्, खिन्न हुन्छन्, प्रफुल्लित देखिन्छन् । महिनाको अन्तमा जागिरको तलब हात पर्दा महिनाभरी साँचेर राखेका सपनाहरू क्रमशः एक एक गरी कानेखुसी गर्न आउँदछन् भने सम्पूर्ण महिनाभरी पैसा खर्च गर्नुपर्ने र घरबाहिर व्यवस्था पनि मिलाउनुपर्ने मानसिक तनावमा दिनहरू कसरी बितिरहेका हुन्छन्, व्याख्या गर्न सकिँदैन । शिक्षित रोजगार हुनुको अर्थ सधै मानसिक तनावमा रहिरहनु हो त ?

म देख्दछु, सधैं प्लेटफर्मबाट रेलगाडी छुट्ने बेलामा यात्रुहरूको हतारजस्तै शिक्षित रोजगार महिलाहरूको अफिसबाट घर पुग्नुपर्ने, घरबाट अफिस भ्याउनुपर्ने हतार यथावत् छ । अफिसमा कलम चलाउनुपर्ने बाध्यता, घरमा डाढु-पन्यु हल्लाउनुपर्ने कुशल गृहिणीको दायित्व र कर्तव्यबोध । यस्तो स्थितिमा घर र अफिस तराजुका दुइटा पाटा हुन् । शिक्षित रोजगार महिला भने तराजुको डाँठ भएर तल-माथि गरिरहेकी छन् । कहिले उनी हलुंगो, कहिले गरुङ्गो भएको महसुस गर्दछिन् । के अरू कुनै विकल्प छ त उनका अगाडि ?

बिहानीको प्रेसर कुकरका सिटीका साथै रही रहीकन मुस्लोजस्तै उठ्ने यी शिक्षित रोजगार महिलाहरूको समस्या र समाधानका लागि आफू स्वयं टाइम मेसिन हुनुबाहेक अरू कुनै विकल्प छैन ।

घरमा नोकर-चाकरको अभाव, भनेकोजस्तो मान्छे नपाउनुको बाध्यतामा ख्वाउनु, खानु, अफिस धाउनुका साथै यदाकदा आत्मग्लानिले पनि पीडित भएको देख्दछु स्वास्नीमान्छे । अफिस जानुपर्ने समयाभावले लथालिङ्ग घर, अफिस पुगेर क्षणक्षण उठिरहने घर र छोराछोरीको तर्कना ! कस्तो विरोधाभासको परिस्थिति ? यस्तो अवस्थामा एउटा प्रश्न उठ्दछ– आजका शिक्षित, रोजगार महिलाहरूभन्दा विगतका अशिक्षित घरायसी काम मात्र गर्ने महिलाहरू के बढी सुखी थिए, सन्तुष्ट थिए ? मानसिक तनावबाट मुक्त थिए ? लोग्नेको आइडेन्टिटी सिउँदोको सिन्दूर र पोतेमा प्रतिबिम्बित गरेर, लोग्नेको तलबमा मात्र घरपरिवार चलाएका नै थिए । आजका शिक्षित रोजगार महिलाहरूलाई यो जान्नु, हुनु र देख्नु-सुन्नुको उत्सुकता र चेतनाले धेरै नै पिरोल्दछ । धेरै नै बिथोल्दछ । दोहोरो कमाइमा पनि (हुन सक्छ, समय र महंगीले होला) कतै केही छिन्न-भिन्न भएजस्तो लाग्दछ । रोजगार महिलाहरूले कमाउनुपर्ने प्रतिस्पर्धामा लोग्नेको मुखभरीको जवाफ पनि नसुन्नुपर्ने होइन– तिमी पनि त कमाउँछ्यौ नि, मेरो मात्र कमाइ छ र ? आफू स्वयं शिक्षित, रोजगार, चेतनशील भन्ने बोध र यस्तै उथल-पुथलमा, संक्रमणकालमा, संकटका अभावमा खर्च गर्नुपर्ने हुँदा न पेवा हुन्छ, न दाइजो हुन्छ न जगेर्ना हुन्छ, न लोग्नेको कमाइमा रजाइँ हुन्छ । समान अधिकारका कुरा भाषणमा रहे तापनि शासनमा भने कसको प्रभुत्व छ भन्ने कुरा दोहोरो दायित्व (घर र अफिस) वहन गर्नु परिरहेका शिक्षित रोजगार महिलाहरूले बुझेकै कटु सत्य हो । अत्यधिक मात्रामा सम्झौता गर्नु नै पारिवारिक सुखको मापदण्ड हो ।

समान अधिकारका कुरा भाषणमा रहे तापनि शासनमा भने कसको प्रभुत्व छ भन्ने कुरा दोहोरो दायित्व (घर र अफिस) वहन गर्नु परिरहेका शिक्षित रोजगार महिलाहरूले बुझेकै कटु सत्य हो । अत्यधिक मात्रामा सम्झौता गर्नु नै पारिवारिक सुखको मापदण्ड हो ।



अस्मिता पत्रिकाको पहिलो अङ्क

हिन्दी भाषामा एउटा उखान प्रचलित छ– "दिल्लीका लड्डु खाए भी पछताए, ना खाए तो भी पछताए" । हाम्रो मुलुकमा शिक्षित रोजगार महिलाहरूको खासगरी मध्यमवर्गीय महिलाहरूको स्थिति माथिको उखानलाई सुहाउँदो छ ।

*(अस्मिता, २०४५ वैशाख-जेठ-असार, अंक १ बाट)*



**चन्द्रकान्त ज्ञवाली, पिएचडी**
अधिवक्ता तथा उपप्राध्यापक त्रिविवि

## राष्ट्रियता, समानता र राज्यविहीनतामा नागरिकता

# नयाँ संविधानमा नागरिकताको सवाल

राज्य र नागरिकबीचको सम्बन्ध सेतु नागरिकता हो। नागरिकताले राष्ट्र र त्यस देशका बासिन्दाबीचको राजनीतिक सम्बन्धलाई परिभाषित गर्दछ । सामान्य अर्थमा नागरिक तथा राजनीतिक अधिकार प्रयोग गर्न पाउने तथा सम्बन्धित राष्ट्रप्रति विशेष कर्तव्यहरू प्रदान गरिएका राजनीतिक व्यक्तिलाई नागरिक भनिन्छ। स्थायी जनसंख्या, सार्वभौमसत्ता, भूगोल र सरकार राज्यको पूर्वशर्त हो । राज्यको स्थायी जनसंख्या नागरिक हो । तसर्थ नागरिकताले राष्ट्र र सो राष्ट्रमा बस्ने व्यक्तिहरूबीचको राजनीतिक सम्बन्धलाई बुझाउँछ ।

नागरिकताको अवधारणा अन्तर्गत राजनीतिक समुदायभित्र नागरिकले गर्न सक्ने योगदान, प्राप्त गर्ने अधिकार र स्वतन्त्रता एवं लाभसमेतका आधारमा राष्ट्रिय कानुनद्वारा नागरिकको हैसियत प्रदान गर्दै उक्त राजनीतिक समुदायको सदस्यको रूपमा अधिकार, कर्तव्य र दायित्व निर्धारण हुने उल्लेख गरेको देखिन्छ । नागरिक भएको वा नभएको आधारमा संगठित राजनीतिक समुदायमा राजनीतिक अधिकार प्राप्त हुने वा नहुने अवस्था विद्यमान रहन्छ। नागरिक राष्ट्रप्रति बफादार हुनुपर्ने र त्यसवापत राष्ट्रबाट सुरक्षा पाउने मतदानको अधिकार, सार्वजनिक पद धारण गर्ने अधिकारका साथै नागरिक राष्ट्रप्रति निष्ठा एवं बफादारी राख्ने, कर तिर्नुपर्ने र सैनिक सेवा गर्नुपर्ने समेतका कर्तव्य हुने उल्लेख गरेको पाइन्छ ।

राष्ट्र र जनता दुवैको पहिचान कायम राख्न, कानुनको पालना गर्न गराउन, जनतालाई राष्ट्रप्रतिको कर्तव्य वहन गराउन, राष्ट्रमा अनिवार्य सेवाको सुनिश्चितता गर्न, राज्यको शासन व्यवस्था सञ्चालन गर्न, राष्ट्रिय सुरक्षा कायम राख्न प्रत्येक राष्ट्रको एक पूर्वशर्तको रूपमा नागरिकता रहेको हुन्छ । विभिन्न देशहरूले आ–आफ्नै रूपमा नागरिकताको अभ्यास गरिरहेको भए तापनि मूलतः वंशज, जन्म र अंगीकरणका आधारमा नागरिकता प्रदान गर्ने गरेको पाइन्छ । राष्ट्रियतालाई व्यक्तिको मानव अधिकारको रूपमा आत्मसात गरिएको छ[१] । समयक्रममा मानव अधिकारको अभियानको विकाससँगै मानिसहरूबीच लिङ्ग, वर्ग, उत्पत्ति जस्ता कुनै पनि आधारमा विभेद गर्न नहुने अवधारणा र अभ्यास विकसित हुँदै आयो । नागरिकता राज्यको विशेषाधिकारको विषयबाट क्रमशः व्यक्तिको राष्ट्रविहीनताको समस्या समाधान गर्ने मानव अधिकारका रूपमा समेत विकसित हुँदै आएको छ ।

यसै सन्दर्भमा विभिन्न अन्तर्राष्ट्रिय कानुनका पक्ष राष्ट्रले महिलालाई पुरुष सरह आफ्नो राष्ट्रियता प्राप्त गर्ने, कायम राख्ने वा परिवर्तन गर्ने समान अधिकार प्रदान गर्ने, विदेशीसँग विवाह गरेको कारणबाट वा विवाहको अवधिमा पतिले राष्ट्रियता परिवर्तन गरेको कारणले पत्नीको राष्ट्रियता स्वतः परिवर्तन नहुने र निजलाई राष्ट्रियताविहीन नबनाइने वा पतिकै राष्ट्रियता लिन बाध्य नपारिने सुनिश्चितता गर्दै महिलालाई आफ्ना बालबालिकाको राष्ट्रियताको सम्बन्धमा पुरुष सरहको समान अधिकार प्रदान गर्ने व्यवस्था गरेको छ । राज्यले बालबालिकालाई जन्मनासाथ दर्ता गरिने, नाम राख्न पाउने, राष्ट्रियताको अधिकार हुने व्यवस्था गरेको छ । पक्ष राष्ट्रहरूले बालबालिकाहरूलाई राष्ट्रविहीन हुन नदिन अन्तर्राष्ट्रिय दायित्व बमोजिम बालबालिकाका यी अधिकार आ–आफ्नो राष्ट्रिय कानुनमार्फत कार्यान्वयन गर्ने सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ[२] ।

कुनै पनि मुलुकमा  नागरिक र गैरनागरिक गरी दुई किसिमका मानिस हुन्छन् । नागरिकले देशको सम्पूर्ण मौलिक हक र राजनितिक अधिकारहरूको उपभोग गर्न पाउँछन् तर गैरनागरिकले राजनितिक अधिकार प्रयोग गर्न पाउँदैनन् । कतिपय सामाजिक, सांस्कृतिक र




१ अमेरिकी अभिसन्धि १९६९ को धारा २० र राष्ट्रियता सम्बन्धी युरोपेली महासन्धि, १९९७ को धारा ४, मानव अधिकारको विश्वव्यापी घोषणा–पत्र, १९४८ को धारा १५, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञा–पत्र, १९६६ को धारा २४, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९ को धारा ९,

२ बाल अधिकार महासन्धि, १९८९ को धारा ७

आर्थिक अधिकारहरू पनि राज्यको स्रोत र साधनका आधारमा कति अधिकार दिने वा नदिने भनी राष्ट्रिय कानुनद्वारा निर्धारण गरेको हुन्छ। नागरिकताको प्राप्ति मुख्यतः जन्म, वंशज, रजिस्ट्रेसन, अंगीकरण, क्षेत्रविलय, पुनःस्थापना आदि आधारमा हुन्छ।

वंशको आधारमा नागरिकताको प्राप्ति विश्वको एक प्राचीन अवधारणा हो। नागरिकता प्राप्ति सम्बन्धी वंशको अवधारणालाई रगतको अधिकार वा वंशजको अधिकार ९चष्मजत या दयियम यच वाक क्बलनगष्लक्ष्क० पनि भन्ने गरिन्छ। नागरिकताको रगतको अधिकारको सिद्धान्तलाई सन् २००० अघि जर्मनीले अवलम्बन गरेको पाइन्छ। अभिभावकको नागरिकताको आधारमा तिनका सन्तानलाई नागरिकता प्रदान गर्ने मान्यतालाई यस अवधारणाले समेट्छ। बुल्गेरिया, चीन, फिनल्यान्ड, जर्मनी, ग्रीस, हंगेरी, आइसल्यान्ड, भारत, आयरल्यान्ड, इजरायल, इटाली, जापान, लेबनान, पोल्यान्ड, रुस, दक्षिण कोरिया, स्पेन, टर्की लगायतका देशहरूमा मुख्य रूपमा रगतको अधिकारको सिद्धान्त अपनाएको पाइन्छ।

नागरिकता सम्बन्धी जन्मसिद्ध आधार (Jus soli) को मान्यताले व्यक्ति जुन देशमा जन्मेको छ, उसलाई सोही देशको नागरिक मान्दछ। यस सिद्धान्तलाई जन्मभूमिको अधिकार वा जन्मको अधिकार पनि भनिन्छ। नागरिकता सम्बन्धी यो अवधारणा फ्रान्सेली अवधारणाको रूपमा रहेको छ। अर्जेन्टिना, अजरबैजान, ब्राजिल, क्यानाडा, ग्वाटेमाला, होन्डुरस, जमैका, लेसोथो, मेक्सिको, निकारागुवा, पाकिस्तान, पेरु, रुमेनिया, संयुक्त राज्य अमेरिका, उरुग्वे र भेनेजुएला लगायतका मुलुकहरूले नागरिकता सम्बन्धी जन्मभूमिको आधारलाई अपनाएको पाइन्छ। वर्तमान विश्वमा नागरिकता प्राप्तिका यी दुवै आधारहरूको मिश्रित स्वरूपलाई अवलम्बन गर्ने अभ्यास बढ्दो रूपमा रहेको छ।

अंगीकरण (Naturalization) को आधारमा राष्ट्रियता प्राप्त गर्न विवाह, वैधकरण, चयन, स्थायी बसोबास, सरकारी सेवामा नियुक्ति र निवेदन गरी ६ तरिका छन्। विभिन्न मुलुकले निश्चित योग्यता पुगेका विदेशीहरूलाई पनि कानुनको प्रक्रिया पुऱ्याई अंगीकृत नागरिकता प्रदान गर्ने अभ्यास रहेको छ। अंगीकरण गरेर नागरिकता प्रदान गर्ने अभ्यास र प्रचलन प्रायः सबै मुलुकमा रहेको भए तापनि यसका आधारहरू सबै मुलुकमा एकै प्रकारको भएको पाइँदैन। विदेशीलाई अंगीकरण गर्ने विषय नितान्त कुनै पनि देशको निरपेक्ष हित र इच्छाको विषय हो। विदेशी व्यक्तिको अधिकारको रूपमा यो विषय रहेको हुँदैन।

> एकभन्दा बढी मुलुकको नागरिकता प्राप्त गर्न सक्ने अवस्थाका व्यक्तिले छनोट गरी कुनै एक देशको नागरिकता प्राप्त गर्ने आधारलाई छनोटको आधार भनिन्छ। कुनै मुलुकमा गाभिने गरी कुनै भूभाग प्राप्त भएमा सो भूभागमा बस्ने बासिन्दाहरूलाई उक्त भूभाग विलय भएको राष्ट्रको नागरिकता प्राप्त हुन सक्दछ। यसप्रकारको नागरिकताको प्राप्तिलाई भौगोलिक क्षेत्रको विलयको कारण प्राप्त नागरिकताको रूपमा लिइन्छ। यी आधारहरूका अतिरिक्त कतिपय अवस्थामा विभिन्न कारणले लोप भएको नागरिकता पुनर्प्राप्ति पनि हुन सक्छ। त्यसैले पुनर्प्राप्ति पनि नागरिकता प्राप्तिको आाधर हुन सक्छ




विभिन्न मुलुकले अपनाएको नागरिकता सम्बन्धी फरकफरक नीतिका कारण कतिपय अवस्थामा कुनै व्यक्तिलाई दुई देशको नागरिक बन्न सक्ने अवस्थाहरू पनि सिर्जना हुन सक्छन्। यस्तो अवस्थामा त्यस्ता व्यक्तिहरूलाई नागरिकता छनोट गर्नुपर्ने अवस्था आउँछ। यसरी एकभन्दा बढी मुलुकको नागरिकता प्राप्त गर्न सक्ने अवस्थाका व्यक्तिले छनोट गरी कुनै एक देशको नागरिकता प्राप्त गर्ने आधारलाई छनोटको आधार भनिन्छ। कुनै मुलुकमा गाभिने गरी कुनै भूभाग प्राप्त भएमा सो भूभागमा बस्ने बासिन्दाहरूलाई उक्त भूभाग विलय भएको राष्ट्रको नागरिकता प्राप्त हुन सक्दछ। यसप्रकारको नागरिकताको प्राप्तिलाई भौगोलिक क्षेत्रको विलयको कारण प्राप्त नागरिकताको रूपमा लिइन्छ। यी आधारहरूका अतिरिक्त कतिपय अवस्थामा विभिन्न कारणले लोप भएको नागरिकता पुनर्प्राप्ति पनि हुन सक्छ। त्यसैले पुनर्प्राप्ति पनि नागरिकता प्राप्तिको आाधर हुन सक्छ भने कतिपय मुलुकहरूमा त्यस देशको सार्वजनिक पदमा नियुक्त भएमा पनि त्यस देशको नागरिकता प्राप्त हुन सक्ने व्यवस्था भएको पाइन्छ।

नेपाल र भारतजस्ता मुलुकहरूले आफ्नो देशको नागरिकले अर्को देशको नागरिकता प्राप्त गरेमा त्यस्तो व्यक्तिको नागरिकता समाप्त हुने व्यवस्था गरेका छन्। विश्वका कतिपय देशले विदेशी नागरिकता लिएको कारणले मात्र सो देशको नागरिकता प्राप्त गर्न वा कायम रहन रोक लगाएको देखिँदैन। बंगलादेश, आयरल्यान्ड, दक्षिण अफ्रिका, ब्राजिल, इजरायल, स्पेन, क्यानाडा, इटाली, फ्रान्स, नेदरल्यान्ड्स, संयुक्त अधिराज्य, न्युजिल्यान्ड, संयुक्त राज्य अमेरिका लगायतका देशले बहुनागरिकतालाई अनुमति दिएको देखिन्छ। अर्कोतर्फ अस्ट्रिया, इन्डोनेसिया, पाकिस्तान, बेल्जियम, जापान, म्यानमार, केन्या, फिलिपिन्स, चीन, कोरिया, डेनमार्क, सिंगापुर, मलेसिया, स्विडेन, फिनल्यान्ड, थाइल्यान्ड, जर्मनी, नेपाल, भेनेजुएला, भारत, नर्वे आदि देशहरूले बहुनागरिकतालाई अनुमति प्रदान गरेको पाइँदैन।

पछिल्लो समयमा विभिन्न मुलुकहरूले प्रवासमा रहेका आफ्नो मूलका विदेशीहरूलाई सीमित अधिकारसहितको बहुनागरिकता प्रदान गर्न थालेका छन्। उदाहरणका लागि, भारतमा भारतीय मूलका विदेशीलाई नागरिकता भएको देशको कानुनले अनुमति दिएमा विदेशीका लागि भारतीय नागरिकता (Overseas Citizenship of India) प्रदान गर्ने गरेको पाइन्छ। यस्ता नागरिकलाई भारतीय नागरिकको तुलनामा राजनीतिक र कतिपय आर्थिक अधिकारमा बन्देज लगाएको छ। युद्ध, औपनिवेशीकरण, विज्ञान र प्रविधिको विकास, आर्थिक उदारीकरण, विश्वव्यापीकरण, अवसरको खोजी, बहुराष्ट्रिय कम्पनीहरूको विस्तारजस्ता विभिन्न कारणले विश्वको एक कुनाको व्यक्ति अर्को कुनामा बस्ने प्रवृत्ति बढ्दो रूपमा रहेको छ। अवसरको खोजीका लागि बिदेसिएका यस्ता नागरिक प्रकारान्तरले आप्रवास भएको मुलुकको नागरिक बन्दै गएको भए तापनि आफ्नो जन्मभूमि, आफन्त, आफ्नो संस्कृति, मूल्य, मान्यता, परम्परा, धर्मसमेतका कारणले आफ्नो पुर्ख्यौली थलोसँगको सम्बन्धलाई कायमै राख्न चाहन्छन्। एकातर्फ प्रवासमा रहेका व्यक्तिहरूलाई आफ्नो पुर्ख्यौली देशप्रतिको माया, ममता, सुरक्षित लगानी गर्ने इच्छा र अर्कोतर्फ विकसित मुलुकमा बसोबास गरेका व्यक्तिहरूको नयाँ ज्ञान, सीप, दक्षता, प्रविधि र सम्पत्तिको उपयोग हुन सकेमा राष्ट्रिय विकासमा महत्वपूर्ण सहयोग पुग्न सक्ने आधारमा आफ्नै मूलका विदेशी नागरिकलाई राष्ट्रहरूले विशेष महत्व दिँदै आएको पाइन्छ।

संयुक्त राज्य अमेरिकामा जन्मेका वा अंगीकरण भएका तथा यसको क्षेत्राधिकार अन्तर्गत रहेका सबै व्यक्ति संयुक्त राज्य अमेरिकाका तथा आफू बसोबास गरेको राज्यका नागरिक हुने तथा कुनै राज्यले संयुक्त राज्य अमेरिकाका नागरिकको अधिकार र सुविधालाई कटौती गर्ने गरी कानुन बनाउन वा लागू गर्न नपाउने गरी व्यवस्था गरेको छ[३]। दक्षिण अफ्रिकामा साझा नागरिकता रहने, सबै नागरिक अधिकार, सुविधा र लाभका समान हिस्सेदार हुने, नागरिक समान कर्तव्य र उत्तरदायित्वका विषय हुने, नागरिकताको प्राप्ति, समाप्ति र पुनर्प्राप्ति कानुनद्वारा व्यवस्था भए बमोजिम हुने व्यवस्था गरेको छ । स्विस महासंघको संविधानले नागरिकता तथा राजनीतिक अधिकार सम्बन्धी छुट्टै भागको व्यवस्था गरेको छ[४] । नगरपालिका (Municipality) र राज्य (Canton) को नागरिक स्विस महासंघको नागरिक हुने, कुनै पनि व्यक्तिलाई नागरिकताका आधारमा कुनै विशेषाधिकार तथा बेफाइदा नहुने व्यवस्था गरेको छ ।

भारतको संविधानले संविधान प्रारम्भ हुँदाका बखतको नागरिकता सम्बन्धी व्यवस्था अन्तर्गत संविधानमा भारतमा बसोबास गरेको, भारतमा जन्मेको वा निजको कुनै अभिभावक भारतमा जन्मेको वा संविधान जारी हुनुभन्दा कम्तीमा पाँच वर्ष अघिदेखि भारतमा बसोबास गरेको व्यक्ति भारतको नागरिक ठहर्ने, कुनै पनि व्यक्ति आफैं वा निजको बाबुआमा वा हजुरबुबा–हजुरआमा भारतमा जन्मेको र विदेशमा बसेको भएमा भारतीय नागरिकको रूपमा कूटनीतिक नियोगमा पञ्जीकरण भएमा त्यस्तो व्यक्ति पनि भारतको नागरिक हुने, कुनै भारतीय नागरिकले स्वेच्छाले विदेशको नागरिकता प्राप्त गरेमा भारतको नागरिक नरहने, भारतका नागरिक वा भारतको नागरिक ठहर्ने व्यक्तिहरू संविधानका अन्य प्रावधान तथा पछि बन्ने कानुन बमोजिम निरन्तर रूपमा भारतको नागरिक कायम नै रहने र नागरिकता प्राप्ति र समाप्तिका सम्बन्धमा संविधान प्रतिकूल नहुने गरी कानुन बनाउन सकिने व्यवस्था गरेको छ ।


## नागरिकता सम्बन्धी नेपालको संवैधानिक व्यवस्था

एकातिर विश्वमा नागरिकतासम्बन्धी यस्ता अभ्यासहरू भइरहेका छन् भने यता नेपालमा पहिलोपटक वि.सं. २००९ वैशाख २६ गते नागरिकता ऐन, २००९ जारी भएको थियो । नागरिकता ऐन, २००९ ले नेपालको "अधिवासी" भई नेपालमा जन्मेको वा आमाबाबुमध्ये एक नेपालमा जन्मेको वा स्थायी बसोबास गरेको व्यक्ति र नेपालको नागरिकसँग विवाह गरेकी स्वास्नीमानिस नेपालको नागरिक हुने व्यवस्था गरेको थियो ।

संवैधानिक रूपमा सर्वप्रथम नेपालको संविधान, २०१९ ले नेपालमा जन्मेको वा आमा बाबुमध्ये एकजना नेपालमा जन्मेको, नेपाली नागरिकसँग विवाह भएकी स्वास्नीमानिस र नेपालको कानुन बमोजिम नागरिकताको प्रमाणपत्र लिइसकेको नेपालमा स्थायी बासस्थान भएको व्यक्ति संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको थियो । संविधान प्रारम्भ भएपछि राष्ट्रभाषा बोल्न र लेख्न जान्ने, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्याग्न कारबाही चलाएको समेतका आधारमा नागरिकता प्रदान गर्न सक्ने गरी कानुन बनाउन सकिने व्यवस्था गरेको थियो । त्यस्तै, अन्तर्राष्ट्रिय ख्याति प्राप्त व्यक्तिले नेपाली नागरिकताका लागि आवेदन गरेमा वा विशेष ख्याति प्राप्त व्यक्तिलाई सम्मानार्थ नेपालको नागरिकता प्रदान गर्न सकिने व्यवस्था थियो ।




संवत् २०४६ साल चैत्र मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी रुपले बसोवास गर्दै आएको व्यक्तिले एक पटकका लागि तोकिएको अवधिभित्र निवेदन दिने व्यक्ति वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला वा नेपालभित्र गाभिने गरी प्राप्त भएको क्षेत्रभित्र बसोबास भएको व्यक्ति साथै विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा जन्मेको, नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्ति कानुनको अधीनमा रही नेपालको नागरिक हुन सक्ने व्यवस्था समेत गरेको छ ।




नेपाल अधिराज्यको संविधान, २०४७ ले नेपालको वंशज वा अंगीकृत नागरिकता प्राप्त गरेका व्यक्तिहरू संविधान प्रारम्भ हुँदाका बखत नेपालका नागरिक ठहर्ने व्यवस्था गऱ्यो । संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने र नेपालभित्र फेला परेको पितृत्वको ठेगाना नभएको नाबालक निजको बाबुको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक ठहर्ने व्यवस्था गऱ्यो । नेपालमा गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति कानुनका अधीनमा रही नेपालको नागरिक हुने र संविधान प्रारम्भ भएपछि विदेशीलाई कानुन बमोजिम नेपालको नागरिकता प्रदान गर्दा नेपालको राष्ट्रभाषा बोल्न र लेख्न जानेको, नेपालमा कुनै व्यवसाय गरी बसेको, अन्य राज्यको नागरिकता त्यागेको र कम्तीमा १५ वर्षसम्म नेपालमा बसोबास गरेको जस्ता आधारहरू तोकेको थियो ।

३ संयुक्त राज्य अमेरिकाको संविधानले यसको निर्माणका समयमा नागरिकता सम्बन्धी व्यवस्था नगरिएको र यसको चौधौं संशोधन, १८६८

४ दक्षिण अफ्रिकाको संविधानको धारा ३

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि र नेपालको नागरिकता त्यागी विदेश गएको व्यक्तिले विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्ने, अंगीकृत बाहेकको नेपाली नागरिकको छोरा, छोरी वा वंशजको हकमा त्यस्तो व्यक्तिले नेपालमा दुई वर्षसम्म बसोबास गरेको भए कानुन बमाजिम नेपालको नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था थियो। संविधानले अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्तिलाई सम्मानार्थ नागरिकता प्रदान गर्न सकिने व्यवस्था पनि गरेको थियो।

त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को भाग २ ले नागरिकता सम्बन्धी व्यवस्था गरेको छ। संविधान प्रारम्भ हुँदाका बखत नेपालको नागरिकता प्राप्त गरेको र भाग २ बमोजिम नागरिकता प्राप्त गर्न योग्य व्यक्तिहरू नेपालका नागरिक हुने व्यवस्था गरेको छ। संविधान प्रारम्भ हुँदाका बखत नेपालमा स्थायी बसोवास भई संविधान प्रारम्भ हुनु अगावै वंशजको आधारमा नागरिकता प्राप्त गरेको व्यक्ति र जन्मँदाका बखत बाबु वा आमा नेपाली नागरिक भएको व्यक्ति र नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको नाबालक निजको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यवस्था गरेको छ।

संवत् २०४६ साल चैत मसान्तसम्म नेपालमा जन्म भई नेपालमा स्थायी रूपले बसोबास गर्दै आएको व्यक्तिले एकपटकका लागि तोकिएको अवधिभित्र निवेदन दिने व्यक्ति वा नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिला वा नेपालभित्र गाभिने गरी प्राप्त भएको क्षेत्रभित्र बसोवास भएको व्यक्ति साथै विदेशीसँग विवाह गरेकी नेपाली महिलाबाट नेपालमा जन्मेको, नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्ति कानुनको अधीनमा रही नेपालको नागरिक हुन सक्ने व्यवस्था समेत गरेको छ। नेपाल सरकारले अंगीकृत वा सम्मानार्थ नेपाली नागरिकता प्रदान गर्न सक्ने व्यवस्था समेत गरेको छ। साथै नागरिकता पाउन योग्यता पुगेका व्यक्तिलाई नागरिकता प्रदान गर्न नागरिकता वितरण टोली खटाउने व्यवस्था पनि गरेको छ।

हालसम्म नेपालमा नागरिकतासम्बन्धी संवैधानिक र कानुनी व्यवस्था यसरी विकसित हुँदै आएको पाइन्छ। त्यसबाहेक नागरिकता सम्बन्धमा सर्वोच्च अदालतले गरेका केही विशेष फैसलाहरूको चर्चा गर्नु पनि वाञ्छनीय देखिन्छ जसले सर्वोच्च अदालत महिलाको समान नागरिकताको अधिकार सम्बन्धमा अनुदार देखिएको छ। जस्तो– छवि पिटर समेत[५] भएको रिटमा जहाँसुकै जन्मेको भए पनि बाबु नेपाली नागरिक भए निजका सन्तान वंशजका आधारमा नेपाली नागरिक हुने तर नेपाली नागरिक महिलाले विदेशी नागरिकसँग विवाह गरी जन्मेका सन्तानले वंशजको आधारमा नेपाली नागरिकता पाउन नसक्ने भनी उक्त रिट खारेज भएको पाइन्छ। बेन्जामिन पिटर[६] को रिटमा नेपाली नागरिक पुरुष र महिलाबीच भिसा सम्बन्धमा रहेको विभेद हटाउन सर्वोच्च अदालत समक्ष परेको निवेदनमा स्विजरल्यान्डका नागरिक बेन्जामिन पिटर र नेपाली नागरिक मीनाकुमारी तिलिजाको बीच मिति २०४७।१।२५ मा दर्ता विवाह भई पति–पत्नीको सम्बन्ध रहेको र एक सन्तान छोराको जन्म भएकोमा विदेशी सम्बन्धी नियमावली, २०३२ को नियम १४(३) ले नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएको विदेशी महिलाले भिसाको म्याद थप्नु नपर्ने एवं वैवाहिक सम्बन्ध कायम रहुञ्जेल र त्यसपछि तीन महिनासम्म भिसा बहाल रहने तथा सो नियमावलीमा २०४५ सालमा भएको संशोधनले नेपाली महिला नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी लोग्नेलाई साधारणतया एक वर्षभित्र अधिकतम चार महिनाका लागि मात्र गैरपर्यटक भिसा दिइने गरी नियम १४(४) ले गरेको व्यवस्थाले नेपाली पुरुष नागरिक र नेपाली महिला नागरिकबीच भेदभावपूर्ण व्यवहार गरेकाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११ को समानताको हक विरुद्ध भएकोले बदर घोषित गरिपाउँ भन्ने माग भएकोमा संविधानले प्रत्याभूत गरेको समानताको व्यवस्था सामान्य प्रकारको हो भने नागरिकता सम्बन्धी व्यवस्था विशेष व्यवस्था हो। नागरिकता सम्बन्धी विशेष व्यवस्था सामान्य व्यवस्था अनुरूप भएन भन्ने कुरा मान्य हुँदैन भनी विदेशी नागरिकप्रति विभेदयुक्त व्यवस्था रहेको उक्त नियमावलीको व्यवस्था बदर घोषित गरिएन।

अधिवक्ता चन्द्रकान्त ज्ञवाली समेत[७] भएको सम्वत् २०५७ सालको रिट नं. ३६६८ उत्प्रेषणयुक्त परमादेशमा आमा नेपाली नागरिक भए पनि निजका सन्तानले वंशजको आधारमा नागरिकता नपाउने व्यवस्था लिङ्गका आधारमा नागरिकतामा भएको भेदभावजन्य व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १ र ११ सँग बाझिएकोले बदर घोषित गरिपाउन र आमाको नामबाट सन्तानले नागरिकता नपाउने विभेदयुक्त व्यवस्था हटाउन माग भएकोमा सर्वोच्च अदालतले नागरिकता सम्बन्धी विषय अत्यन्त महत्वपूर्ण र सम्वेदनशील विषय भएकोले संविधानमा नै नागरिकताको व्यवस्था गरिएको, नेपाल नागरिकता ऐन, २०२० र नागरिकता नियमावली, २०४९ अनुसार नेपालको नागरिकता प्राप्त गर्दा बाबु नेपाली नागरिक भएको आधारमा मात्र वंशजको आधारमा नेपालको नागरिकता प्रदान गर्ने व्यवस्था भएकोले आमा नेपाली नागरिक भए पनि निजका सन्तानले वंशजको आधारमा नागरिकता नपाउने व्यवस्थालाई कायम राख्दै सर्वोच्च अदालत विशेष इजलासले बाबु नेपाली नागरिक भएको आधारमा मात्र वंशजको नागरिकता लिन सकिने व्यवस्था समानता सम्बन्धी हकसँग बाझिएको भन्न नमिल्ने भनी रिट निवेदन खारेज गरेको देखिन्छ। यसरी महिला अधिकारका धेरै सवालमा उदार रहँदै आएको सर्वोच्च अदालत नागरिकताको सवालमा समानताको पक्षमा उभिन सकेको पाइँदैन।

## संविधानको प्रस्तावित मस्यौदा २०६६

गणतन्त्र नेपालको घोषणासँगै नयाँ नेपाल निर्माणका लागि आवश्यक संविधान बनाउने उद्देश्यले २०६४ सालमा निर्वाचित संविधानसभाले संविधान निर्माण गर्न त सकेन तापनि केही सहमति र असहमतिका प्रावधानहरू राखेर संविधनको प्रस्तावित मस्यौदा तयार गरेको थियो। जस्तो– वंशजको आधारमा नेपालको नागरिकता प्रदान गर्दा कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति।

गणतान्त्र नेपालको घोषणासँगै नयाँ नेपाल निर्माणका लागि आवश्यक संविधान बनाउने उद्देश्यले २०६४ सालमा निर्वाचित संविधानसभाले संविधान निर्माण गर्न त सकेन तापनि केही सहमति र असहमतिका प्रावधानहरू राखेर संविधानको प्रस्तावित मस्यौदा तयार गरेको थियो । उक्त प्रस्तावित मस्यौदामा नागरिकता सम्बन्धमा केही विशेष व्यवस्थाहरू गरिएको थियो ।

५ ने.का.प.२०४९, पृष्ठ ४४३
६ ने.का.प.२०४८ अंक ११, पृष्ठ ७४९
७ ने.का.प. २०५८, अंक ११, पृष्ठ १

विदेशी नागरिकसँग विवाह भएका नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र आमा वा बाबुको नागरिकताको आधारमा विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको व्यक्तिले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति ।

नेपाल सरहदभित्र फेला परेको आमा–बाबुको ठेगान नभएको प्रत्येक नाबालक नाबालिका निजको आमा वा बाबु पत्ता नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ भनिएको छ ।

नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गरिनेछ तर बाबु विदेशी नागरिक प्रमाणित भएमा त्यस्तो व्यक्तिको नागरिकता स्वतः अंगीकृत नागरिकतामा परिणत हुनेछ ।

त्यसैगरी अंगीकृत नागरिकता सम्बन्धी व्यवस्थामा (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएका विदेशी पुरुषले वैवाहिक अंगीकृत नागरिकता लिन चाहेमा नेपालमा १५ वर्षसम्म स्थायी बसोबास गरेको अवस्थामा अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ । नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपाली नागरिकताको प्रमाण–पत्र लिन चाहेमा विदेशी मुलुकको नागरिकता त्याग्ने कारबाही चलाएपछि अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ भनिएको छ ।

अघिल्लो संविधानसभाबाट तयार संविधानको उपर्युक्त प्रस्तावित मस्यौदामा भए अनुसारका प्रावधानहरूलाई यथावत् राखेर अहिलेको संविधान सभा दस्तावेज अध्ययन तथा निर्क्योल समितिले यी विषयहरूलाई सहमतिको विषय भनेर प्रस्तुत गरेको छ र यसलाई अहिले मस्यौदा समितिमा पठाइएको छ । अब यसमा भएका विभेदपूर्ण प्रावधानहरूलाई सच्याउने ठाउँ भनेको संविधान सभा नै हो । तसर्थ संविधानसभाका सभासद्हरूले प्रचलित राष्ट्रिय अन्तराष्ट्रिय कानुन र मानव अधिकारका मूल्य–मान्यताहरूलाई आत्मसात् गरेर यस छलफलमा गम्भीर तथा विवेकपूर्ण ढंगले सहभागी भई समानताको पक्षमा पैरवी गर्न जरुरी देखिन्छ । नागरिकतासम्बन्धी प्रस्तावित व्यवस्थाबाट निम्नअनुसारका नकारात्मक असर पर्न सक्ने हुनाले केही वैकल्पिक सुझावहरू पनि यहाँ दिइएको छ ।

## नकारात्मक असर र सुझाव

१. पहिलो कुरा त आमा र बाबु दुवै नेपाली नागरिक (वंशज) हुनुपर्ने अनिवार्य प्रावधानबाट दुवै बाबु र आमाले चाहेको खण्डमा मात्र वंशज (Jus Sanguinish) को नागरिकता प्राप्त गर्न सकिने तर आमा वा बाबुले सम्बन्ध–विच्छेद गरेमा वा मृत्यु भएमा वा आमाको नामबाट मात्र वंशजको नेपाली नागरिकता प्राप्त गर्न सक्ने अवस्था रहेको छैन । त्यसैगरी, नेपाली वा विदेशी महिला जसले विभिन्न कारणले नेपाली नागरिकता प्राप्त गर्न सकेका छैनन्, बाबु नेपाली भए पनि उनीहरूका सन्तानले समेत यो प्रावधानलाई यथावत् राखिरहेमा वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्दैनन् र यसबाट बालबालिकाको राज्यविहीनता ९क्तबतभभिककलभकक० हुन सक्ने देखिन्छ ।

२. त्यस्तै, लैङ्गिक समानतालाई आधार मान्ने हो भने विदेशी नागरिक महिला भएको खण्डमा विदेशी मुलुकको नागरिकता त्याग्ने कारबाही चलाएपछि तत्कालै अंगीकृत नेपाली नागरिकताको प्रमाण–पत्र प्रदान गर्ने तर विदेशी पुरुषले अंगीकृत नागरिकता लिन चाहेमा १५ वर्षपछि विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएपछि मात्र नेपालको अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने प्रावधान भने लैङ्गिक विभेदीकरण नै मान्न सकिन्छ ।

> प्रचलित भन्ने शब्द हटाउनुपर्ने र त्याग गरेपछि भन्ने शब्दको सट्टा विदेशी मुलुकको नागरिकता त्याग्ने कारबाही चलाएपछि अंगीकृत नेपाली नागरिकता प्राप्त गर्न सक्नेछ भन्ने शब्द राख्नुपर्ने देखिन्छ ।

३. नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजको नागरिकता प्रदान गर्ने तर बाबु विदेशी नागरिक भएको प्रमाणित भएमा त्यस्तो व्यक्तिको नागरिकता स्वतः अंगीकृत नागरिकतामा परिणत हुने व्यवस्थाले वंशजको नागरिकता प्राप्तिबाट पाउने सम्पूर्ण सुविधा अंगीकृत नागरिकतामा परिणत हुँदा वशंजको नागरिकताबाट वञ्चित हुन सक्ने देखिन्छ । त्यसैले पाइसकेको वंशजको नागरिकता र सरसुविधाबाट समेत वञ्चित गरिनु हुँदैन ।

४. नेपाली नागरिक आमा वा बाबु एकबाट जन्मेका बालबालिकाको नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको आमा वा बाबु वा आमा नेपाली नागरिक भएमा वशंजकै आधारमा नेपाली नागरिकता दिने प्रावधान राखियो भने मात्र राज्यविहीनता हुने समस्याको अन्त भई लैङ्गिक समानता र आमाको पहिचान समेत प्राप्त हुने देखिन्छ ।

## निष्कर्ष

विभिन्न राष्ट्रिय अन्तराष्ट्रिय कानुनहरूले बालबालिका र महिलाको पहिचान र राष्ट्रियताको अधिकारलाई सुरक्षित गर्ने व्यवस्था गरेका छन् । यस आधारमा पनि उनीहरूले राज्यविहीन हुनु नपर्ने र समान नागरिकताको अधिकार पाउनुपर्ने हुन्छ । उदाहरणका लागि, बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई नेपालले समेत अनुमोदन गरेको छ । धारा ७ मा “जन्मनासाथ बालबालिकालाई दर्ता गरिनेछ र बालकले जन्मेपछि आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार, सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउने छन्” भन्ने उल्लेख भएको छ । पक्ष राष्ट्रहरूले आ–आफ्ना राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय लिखतहरू अन्तर्गतको दायित्व अनुसार विशेषगरी बालबालिका राज्यविहीन हुने भएमा उल्लेखित अधिकारहरूको कार्यान्वयन सुनिश्चित गर्नेछन् भनिएको छ । त्यस्तै धारा ८ मा पक्ष राष्ट्रहरूले कानुनले मान्यता दिए अनुसार बालबालिकाले आफ्नो राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायत आफ्नो परिचय संरक्षण गर्न पाउने गैरहस्तक्षेप बिना सम्मान गर्ने प्रतिज्ञा गर्नेछन् भन्ने प्रावधान रहेको छ जसको पक्ष राष्ट्र नेपाल पनि हो ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन सम्बन्धी महासन्धी–१९७९ सन् १९८१ देखि लागू भएको छ र नेपाल यसको पक्ष राष्ट्र हो । यसको धारा १ ले “महिलाविरुद्ध भेदभाव” भन्नाले महिलाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक वा अरू कुनै विषय सम्बन्धी मानव अधिकार तथा स्वतन्त्रतालाई आफ्नो वैवाहिक स्थिति जे जस्तो रहेको भए तापनि, पुरुष र महिलाको समानताको आधारमा उपभोग गर्नमा वा प्रयोग गर्नमा व्यवधान पार्ने वा त्यसको मान्यतालाई नै क्षति वा शून्यकरण पार्ने उद्देश्य भएको लिङ्गको आधारमा हुने कुनै पनि भेदभाव वा बहिष्कार वा प्रतिबन्धलाई मानेको छ ।

नेपालमा बालबालिका ऐन, २०४८, अन्तरिम संविधान २०६३ र संविधान सभाबाट बन्न गइरहेको प्रस्तावित लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०६७ को मस्यौदाको मौलिक हकको धारा २४ मा “प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्म दर्ताको हक हुनेछ भन्ने प्रस्ताव गरिएको छ। त्यस्तै, अन्तरिम संविधान २०६३ को धारा २२ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुनेछ” भन्ने व्यवस्थाले नेपालमा जन्म हुने कुनै पनि नेपाली बालबालिकाहरू आफ्नो पहिचान र राष्ट्रियताबाट वञ्चित हुनु हुँदैन तर प्रस्तावित मस्यौदालाई दोस्रो संधिानसभाले कुरा समेत नउठाएको भए पनि यिनै विषयमा गहन छलफल गरी राज्यविहीनता हुनबाट बचाउने नागरिकता नीति राज्यले लिनुपर्दछ ।

‘आमा र बाबु नेपाली नागरिक रहेछ’ भन्नुको सट्टा ‘आमा वा बाबु नेपाली नागरिक रहेछ’ भन्ने शब्द राख्नु आवश्यक देखिन्छ ।

कुनै पनि बालबालिकाको पहिचान र राष्ट्रियताविहीन भई नेपाली नागरिकता प्राप्त गर्न नसकेमा उनीहरू बालिग मताधिकारबाट वञ्चित हुने, सार्वभौमसत्ता र राजकीय सत्ता प्राप्त नहुने, मौलिक हक प्रयोग गर्नबाट वञ्चित हुनुपर्ने, १८ वर्ष उमेर पूरा भएर पनि मतदान गर्ने अधिकार नहुने, संसदको सदस्य, राष्ट्रपति, प्रधानमन्त्री एवं मन्त्रीहरू र स्थानीय पदाधिकारी हुन नपाउने अवस्था सृजना हुन्छ। त्यसैगरी उनीहरू अन्य संवैधानिक हक र आर्थिक अधिकारबाट समेत वञ्चित हुनुपर्ने देखिन्छ । नागरिकताको अभाव र राज्यविहीनताको अवस्थामा उद्योग व्यवसाय खोल्न, विदेश भ्रमणका लागि आवश्यक दस्तावेज प्राप्त गर्न, विभिन्न रोजगारी प्राप्त गर्न, घरजग्गा कारोबार गर्न पनि पाइँदैन ।

तसर्थ, यदि नागरिकता सम्बन्धी सबै कुराको समाधान गर्ने हो र महिला तथा बालबालिकालाई राज्यविहीनता हुनबाट बचाई निजहरूलाई पहिचान र राष्ट्रियता प्रदान गर्ने हो भने कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा वा बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति “वंशजको आधारमा नेपालको नागरिकता प्रदान गर्ने व्यवस्था गर्नु जरुरी देखिन्छ जसबाट लैङ्गिक समानताको दृष्टिबाट पहिचान र राष्ट्रियताको प्राप्ति हुन सक्छ ।

हाल संविधान सभा अन्तर्गतको राजनीतिक सम्वाद तथा सहमति समितीलाई संविधान सभाबाट निर्देशसहित प्राप्त असहमतिका मुख्य अन्तर्वस्तु राज्यको पुर्नसंरचना, शासकीय स्वरूप, न्याय प्रणाली, निर्वाचन प्रणाली र नागरिकताका विषयमा सहमति गर्न भरमग्दुर प्रयास रहे पनि चाहना अनुरूप सबै विषयमा निर्धारित समयभित्रै सहमति निर्माण गर्न सम्भव नभएको र पुनः म्याद थपिएको भए पनि समितिले यस विषयमा कुरा नै नचलाएबाट संविधान सभालाई समेत झकझकाउनुपर्ने देखिन्छ । ❑❑




विजयादशमी, शुभदीपावली, ईद तथा छठ पर्वको सुखद उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना

**पूर्ण मुखिया**
बजार प्रबन्धक
केन्द्रीय चिया सहकारी संघ




केन्द्रीय चिया सहकारी संघ (सिटिसिएफ) ले चियाको बिक्री कक्ष खोली काठमाडौं शान्तिनगरस्थित सहकारी बजारबाट चियाको बिक्री हालै सुरु गरेको छ । बिक्री केन्द्रमा विभिन्न किसिमका ह्वाइट, गोल्ड, सिल्भर टिप्सदेखि ग्रीन, ब्ल्याक, ओलाङ लगायतका चिया उपलब्ध छन् । यहाँ ग्रामीण भेगका किसानले उत्पादन गरिरहेको अर्ग्यानिक चिया मात्र बिक्री हुन्छ ।

# महिला अधिकार
# संविधान सभाबाहिर थप बहसको खाँचो



शुभेच्छा बिन्दु

देश, काल र परिस्थिति अन्यथा भएन भने नेपालको इतिहासमै पहिलो पटक जनताले जनताका लागि जनताको भावना अनुरुप बनाएको संविधान निकट भविष्यमै पाउँदैछन् । १० वर्ष लामो सशस्त्र द्वन्द्व, राजाको प्रत्यक्ष शासन, १२ बुँदे बृहत् शान्ति सम्झौता र अन्तरिम संविधान हुँदै निर्वाचित भएको पहिलो संविधानसभाले समयावधि थप गरेर पनि जिम्मेवारी पूरा गर्न नसकेपछि दोस्रो संविधानसभाको चुनाव भएको थियो । यसको म्याद अब केही महिना बाहेक चमत्कारै नभए थपिने सम्भावना छैन । संविधान बन्छ भन्नेमा अब कुनै शंका छैन ।

बरु संविधान कस्तो आउने हो ? कसको हितका लागि आउँछ ? कसले भनेअनुसारको आउँछ ? यस्ता अन्योल र आशंका यथावत् छन् । सबै समुदाय आफूले भनेजस्तो नयाँ संविधान पाउन आतुर छन् । त्यस्तै, हजारौं वर्षदेखि एकखालको राज्य व्यवस्था, धार्मिक, सांस्कृतिक र सामाजिक स्थितिका कारण पिल्सिन परेका महिलाहरू पनि अब महिला पुरुष भेदभाव नभएको र आफूमाथि न्याय हुने संविधान बनोस् भनेर पर्खिरहेका छन् । अब सदियौंदेखिको असमानता मेटिएको हेर्न चाहन्छन् महिलाहरू ।

के यो सम्भव छ त ? यो यक्ष प्रश्न आज भन्दा ६ वर्ष अगाडि पहिलो संविधान सभाको गठन हुँदा महिलाहरूका अगाडि तेर्सिएको थियो । पहिलो संविधानसभाले बिताएको अवधिमा थुप्रै उतारचढावहरु आए, धेरै कुराहरू बुझाउने कोसिस गरियो– कुनै कुरा बुझियो, कुनै कुरा बुझ्न अस्वीकार गरियो । सबै दलका शीर्ष नेताहरू पुरुष भएको नेपालको राजनीतिक परिवेशमा सडकदेखि सदनसम्म धेरै संघर्ष गरेर महिलाहरुले केही ऐतिहासिक सफलता पाएको कसैबाट छिपेको छैन । यद्यपि आजका दिनमा पनि महिलाहरू राज्यबाटै विभेदमा पारिएको र सीमान्तीकृत बनाइएको वास्तविकता पनि छँदैछ ।

अघिल्लो संविधानसभामा महिलाहरूको उपस्थिति आफै उत्साहजनक थियो । माथिल्लो तहमा महिला नेतृत्वदेखि तल्लोभन्दा तल्लो आर्थिक र सामाजिक वातावरणबाट आएका महिलाहरू त्यहाँ थिए । उनीहरू आफ्नो क्षमताले भ्याएसम्म महिलाको मुद्दालाई बोकेर अन्तिम घडीसम्म लडिरहे । यसबाहेक सदनसम्म पुग्न नसकेका महिला अभियन्ता र कार्यकर्ताहरू पनि महिला अधिकारका सवाल उठाएर सडकमा दिनरात व्यस्त भए । आआफ्नो क्षेत्रबाट समाजमा जागरण ल्याउन, राजनीतिक दलहरूलाई दबाब दिन र संविधानसभा सदस्यहरूलाई यी मुद्दाहरूको गम्भीरता बुझाउन एक हदसम्म सफल नै भए । परिणाम केही मात्रामा प्राप्त भएको सफलताले पनि देखाएको छ ।

अहिलेको संविधानसभाको बनोट पहिलेको जस्तो छैन । प्रत्यक्ष चुनावमा दशजना मात्र महिलाले जित्न सकेको अवस्था छ । संविधान सभाभित्र पुगेका सक्षम महिला नेताहरूले पनि आफ्नो वर्गका लागि आवाज उठाउन पार्टीको दायरा नाघ्नेसम्मको कदम चाल्न हिच्किचाएको देखिन्छ । पहिलो संविधानसभामा ‘महिला ककस’को निर्माण हुनाले सभा हलभित्र महिला हक र अधिकारका आवाज बुलन्द भएको थियो, तर अहिले त्यस्तो ककस बनाउन सकेको देखिएन । एकले अर्कालाई दोष देखाएर वा बहाना बनाएर महिला सदस्यहरू आफूलाई चोख्याइरहेका छन् । यस्तो महत्वपूर्ण घडीमा महिला समानताका लागि आवाज उठाउन उनीहरु चुकिरहेका छन् । महिला अधिकारका आवाजहरु संविधान सभाभित्र गुञ्जिन छाडेका छन् ।

संविधान सभाभित्रका सदस्यहरू त आ आफनो पार्टीका् ह्विपले बाँधिएका हुनाले पार्टीभन्दा फरक मत राखेर बोल्न सकेनन् । दशकौंदेखि महिला अधिकारको क्षेत्रमा काम गर्दै र बोल्दै आएका जुझारू अधिकार अभियन्ताहरूले पनि यो पालि खासै सक्रियता देखाउन सकिरहेका छैनन् । यो अन्तिम घडीमा कुनै नाटकीय छलाङ लगाउने जस्तो काम भएन भने अघिल्लो संविधानसभाले तय गरेका बाहेक कुनै खास उपलब्धि हासिल गरेको श्रेय संविधान सभाका महिला नेताहरू र अन्य अधिकारकर्मीहरुले पनि लिन पाउने सम्भावना देखिँदैन । यो संविधान सभापछि अर्को संविधान सभा अब आउने छैन । त्यसैले महिला लगायत सम्पूर्ण उत्पीडित वर्ग र समुदायले आफ्नो अधिकार सुरक्षित गर्ने अन्तिम अवसर भनेको यही हो । अहिले चुक्नु भनेको आफूले दशकौंदेखि चलाउँदै आइरहेको आन्दोलनको उपलब्धि हासिल गर्नबाट चुक्नु हो । संविधान सभाभित्र महिलाको संख्या कम भए पनि र प्रशस्त आवाज उठ्न नसके पनि महिला अभियन्ताहरूले अब बाहिरबाट दबाब सिर्जना गर्नुपर्ने आवश्यकता बढेको छ । संविधान सभामा महिलाको संख्या कम हुँदैमा विषय गौण हुँदैन । त्यसैले अब महिला अधिकारका विषयलाई संविधान सभाबाहिर बढी बहसमा ल्याउनु आवश्यक छ । महिला मुद्दा महिलाको मात्र विषय होइन । यो हाम्रो सामाजिक र राष्ट्रिय मुद्दा पनि हो । त्यसैले यो विषय महिलाले मात्रै उठाउनु पर्छ भन्ने छैन । महिला अभियन्ताहरूले अब आफ्ना विचारसँग सहमत पुरुष अभियन्ताहरूलाई पनि यसमा सामेल गराई आन्दोलन अगाडि बढाउनु पर्दछ ।

अहिले संविधान सभाभित्र महिला सभासद्हरू कम हुनु मात्र होइन, उनीहरुबीच पनि महिला मुद्दामा एकता र समन्वय नहुनु प्रमुख समस्या भएको छ । आफैमा समन्वय नभएका कारण बाहिर चलिरहेको आन्दोलनसँग तादात्म्य नहुनु स्वाभाविकै भयो । पहिले महिला ककस भएको कारणले यस्तो समन्वयकारी कार्य भइरहेको थियो । तर ककस नभए पनि कुनै एक व्यक्ति वा समूह बनाएर त्यस्तो समन्वयकारी भूमिका खेल्न सकिन्छ । त्यसलाई संविधान सभाबाहिरको आन्दोलनले टेवा दिन सक्छ । संविधान सभाभित्र रहेका महिला सभासद्हरूबीचको समन्वय र बाहिर चलिरहेको महिला आन्दोलन एकाकार हुन सके त्यसले सकारात्मक नतिजा ल्याउने निश्चित छ । यसका लागि पाइला चाल्ने सही समय भनेको यही हो । संविधान लेख्ने काम सुरु भइसकेको छ । यतिबेला थोरै मात्र प्रभावकारी कार्य गर्न सके दशकौं अघिदेखि चल्दै आइरहेको महिला आन्दोलनले उठाउँदै आएका सवाल सम्बन्धमा खास उपलब्धि हासिल गर्न सकिन्थ्यो । समय गुज्रिसकेपछि जतिसुकै ठूलो आन्दोलन चलाए पनि त्यसको अर्थ रहँदैन । यसमा सबैले चिन्तनमनन गरौं । ❑❑

# महिला सभासद ककस के गर्‍यो ? के गर्न पाएन ?



उषाकला राई

हाम्रा मुद्दाहरू कुनै पनि कतै नछुटुन् भन्ने नै थियो । त्यस्तै गरेर महिलाका प्रमुख सवाल के हुन त ? महिलामाथि भएका तमाम विभेद, सामाजिक, सांस्कृतिक वा आर्थिक वा कुनै पनि विभेद र हिंसा सदाका लागि कसरी अन्त्य गर्न सकिन्छ ? महिलाका यी समस्याहरूलाई यो नयाँ संविधानले कसरी सम्बोधन गर्न सक्दछ ? एकरूपले भन्नुपर्दा अग्रगामी राष्ट्र निर्माण गर्न महिलालाई केन्द्र भागमा राखेर आर्थिक सामाजिक रूपान्तरण कसरी गर्न सकिन्छ ? भन्ने निकै ठूलो ध्येयका साथ हामीले काम गरेका थियौं ।

पहिलो संविधान सभा २०६५ साल जेठ १५ गते संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेर औपचारिक रूपमा अगाडि बढेको थियो । यस संविधान सभाले निकै राम्रा र महत्वपूर्ण काम गरेको थियो । संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा औपचारिक रूपमा गर्नु एउटा इतिहासको अन्त्य गरेर अर्को इतिहास बसाल्ने कुरा थियो । जनताका अधिकारहरूबारे व्यापक रूपमा छलफल भएका थिए । सभामा बनेका १० वटा विषयगत समितिले आआफ्नो अवधारणा र मस्यौदा सभामा समयमा नै प्रस्तुत गरेका थिए । प्रत्येक विषयगत समितिले आआफ्नो क्षेत्राधिकारभित्रका सबै विषयमा व्यापक रूपमा छलफल र बहस चलाएका थिए ।

संविधानसभा एक हिसाबले भन्नु पर्दा महासागरजस्तै थियो । निश्चित ठूला माछाहरूको प्रभाव समुद्रमा भएजस्तै सभामा पनि ठूला दलका ठूला नेताहरूको प्रभाव त्यस्तै प्रतिबिम्बित हुन्थ्यो । ठूलाहरू संविधान सभा हलको अगाडिको कुर्सीमा विराजमान हुन्थे र ती ठूला नेताहरूलाई मिडियाले पनि त्यतिकै साथ दिइरहेका हुन्थे । प्रत्येक दिन टेलिभिजनहरूले उहाँहरूको फोटो प्रसारण गरिरहेका हुन्थे र ठूला नेता नभएका बेला खाली कुर्सीका फोटाहरू खिँचेर देखाइदिन्थे तर हेपिएका महिलाहरू सभा हलको पछाडिका पंक्तिमा हुन्थे । जसले जति महत्वपूर्ण मुद्दा सभामा बोले पनि त्यसमा खासै मिडियाको चासो हुँदैनथ्यो । बरु संविधान सभामा आएका महिलाहरू अनपढ, गँवार, अशक्त भनेर पत्रपत्रिकामा चित्रित हुन्थे । भाँडा मल्ने हातहरू, चुरा लगाउने हातहरू, यस्ता हातले के संविधान लेख्छन् भनेर खिसिटिउरी गरेर राष्ट्रिय छापाहरूमा पनि छापिए । एक हिसाबले भन्नुपर्दा गरिब र महिलाका प्रतिनिधिहरूको उछित्तो नै काढियो । अत्यन्तै हेपियो । अन्ततः हाम्रो समाज सामन्ती र निम्न पुँजीवादी दृष्टिकोण बोकेको समाज भएकाले तिनका उपज र मानसिकता भनेको अशक्त र कमजोरलाई हेप्ने प्रवृत्ति निकृष्ट ढंगले छरपष्ट हुन कतै बाँकी रहेनन् । महिलाको अस्तित्व र उपस्थितिको तिखो प्रहारका बाबजुद पनि महिला सभासदहरू जुधी नै रहे । हाम्रो सकारात्मक दृष्टिकोण र प्रयत्नले पछिल्लो कालमा भने महिलालाई हेप्ने प्रवृत्ति कम भयो ।

**महिला सभासद समूहको गठन :**

गत संविधान सभामा महिलाका अधिकारको दृष्टिकोणले भन्नुपर्दा महिला आन्दोलन एउटा उचाइमा पुग्न सकेको थियो । सर्वप्रथम त सम्पूर्ण महिला सभासदहरू महिलाका मुद्दामा एक ठाउँमा आएर महिला सभासद समूह (महिला सभासद ककस)को गठन गर्नु साझा मुद्दाप्रति लड्नका लागि एउटा सांगठनिक आधार थियो । हुन त महिला सभासद समूह गठन गर्दा हामीले निकै ठूलो संघर्ष गर्नुपरेको थियो । वास्तवमा २०५८ सालदेखि नै ककसको अवधारणा आएको थियो । अन्तरिम व्यवस्थापिका संसदमा यसलाई संसद्को औपचारिक अंगका रूपमा स्वीकार गरिसकिएको थियो । संविधान सभाको गठनपछि बनेको सभा सञ्चालन नियमावली मस्यौदा समितिले विगतको नियमावलीमा भएको महिला सांसद समूहको औपचारिक व्यवस्थालाई काट्ने काम गरेर महिलालाई संसद अन्तरगतको महिला बालबालिका समितिमा थन्क्याउने काम गरेको थियो । जुन मस्यौदा समितिमा पठाइएका महिला साथीहरू त्यहाँ भएको गैरजिम्मेवार कामको साक्षी मात्र हुनुभयो ।

संविधानसभामा नियमावलीमा नै महिला सभासदहरू एक ठाउँमा बस्ने कुनै निकाय नभएपछि सम्पूर्ण महिला सभासदहरू आन्दोलित भए । सभाभित्रै महिला सभासद समूह बनाउने आन्दोलनमा हामी उत्रियौं । हामीले स्पष्ट के

बुझेका थियौं भने संविधानसभा र संसदको काम फरक थियो । संविधान सभाले नयाँ संविधान बनाउने काम गर्थ्यो भने संसद विकास निर्माण, सरकार र बजेटजस्ता कुरासँग सम्बन्धित थियो । यसकारण प्रस्ट रूपमा हाम्रो सरोकार थियो– नयाँ संविधानमा महिलाका मुद्दाको विषय । नयाँ संविधानमा महिलाका विषय व्यापक रूपमा छलफल, बहस गर्न र महिलाका मुद्दाका विषयमा विश्लेषण, संश्लेषण गरी हाम्रा मुद्दा पहिचान गर्न र त्यो पहिचान गरिएका अधिकार प्राप्तिको लागि नयाँ संविधानमा लेख्न ग्यारेन्टी गर्न सम्पूर्ण महिला एक ठाउँमा आउन जरुरी थियो जुन कुरा आज पनि त्यतिकै आवश्यक छ ।

यही उद्देश्य लिएर हामी सम्पूर्ण दलका सम्पूर्ण ६०१ मध्ये १९७ जना महिला सभासदहरूको संघर्ष र एकताको बलमा पहिलो संविधान सभामा महिला सभासद समूहको गठन भएको थियो । धेरै छलफल र संविधान सभाका अध्यक्षसँगको परामर्शमा महिला सभासद समूहलाई औपचारिक समितिको मान्यता नदिए पनि औपचारिक समिति सरह कार्यालय र सचिवालय पाउने गरी समूहको निर्माण भएको थियो । महिला सभासद समूह तत्पश्चात् आफ्नो गतिविधि आफैंले बनाएको नियम र नियमावली अनुसार वैधानिक समिति सरह संविधानसभामा चार वर्ष सक्रिय रूपमा क्रियाशील रह्यो र यसरी समूहको गतिविधि पहिले सोचेभन्दा तीव्र रूपले अगाडि बढेपछि ककसको महत्व बढेर गएको सबैलाई महसुस भएको थियो ।

**महिलाका समस्याहरूको पहिचान** :

महिला सभासद् समूहले सर्वप्रथम त संविधान सभामा निर्माण भएको विषयगत समिति र त्यसको क्षेत्राधिकार र त्यसभित्र महिलाका मुद्दा र सवालको विषयमा अध्ययन गर्‍यौं । हाम्रो उद्देश्य हाम्रा मुद्दाहरू कुनै पनि कतै नछुटुन् भन्ने नै थियो । त्यस्तै गरेर महिलाका प्रमुख सवाल के हुन त ? महिलामाथि भएका तमाम विभेद, सामाजिक, सांस्कृतिक वा आर्थिक वा कुनै पनि विभेद र हिंसा सदाका लागि कसरी अन्त्य गर्न सकिन्छ ? महिलाका यी समस्याहरूलाई यो नयाँ संविधानले कसरी सम्बोधन गर्न सक्दछ ? एकरूपले भन्नुपर्दा अग्रगामी राष्ट्र निर्माण गर्न महिलालाई केन्द्र भागमा राखेर आर्थिक सामाजिक रूपान्तरण कसरी गर्न सकिन्छ ? भन्ने निकै ठूलो ध्येयका साथ हामीले काम गरेका थियौं । खास गरेर नयाँ संविधानमा महिलाका मुद्दाहरू अब के के हुन् त भन्ने विषयमा हामीले व्यापक छलफल बहस र विश्लेषण गरेका थियौं । वास्तवमा कस्ता समस्याबाट महिलाहरू प्रताडित बन्न बाध्य छन् र कुन अधिकारले ती समस्याहरू सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा हाम्रो अध्ययन र छलफल केन्द्रित थियो ।



हाम्रो अध्ययन र छलफलबाट हामी के देखिरहेका थियौं भने मुख्यतः महिलाले पाएका संवैधानिक अधिकार समेत कार्यान्वयन हुन सकिरहेका थिएनन् । अन्तरिम संविधानले व्यवस्था गरेका महिलाका अधिकारहरू कुनै पनि कार्यान्वयन भएको देखिएको थिएन । महिलालाई कुनै पनि प्रकारको विभेद र हिंसा नगर्ने र गरेमा त्यो दण्डनीय हुने भनेर भनिए तापनि महिलामाथि अझ विभेद र हिंसा चुलिएको थियो । महिलाको प्रजनन स्वास्थ्य र प्रजनन् सम्बन्धी अधिकार अन्तरिम संविधानले ग्यारेन्टी गरेको विषय भए तापनि कार्यान्वयन भएको थिएन । आमाको नामको नागरिकता र महिलाको सम्पत्तिको अधिकार कतै कार्यान्वयन भएको थिएन । यी विषयहरूले हामीलाई गम्भीर बनाएको थियो ।

अन्तरिम संविधान नयाँ संविधान कोर्नको निम्ति एउटा आधार भने थियो तर महिलाको अधिकार यसमा पर्याप्त थिएन भन्ने नै हामीले महसुस गर्‍यौं । मुख्यतः आमाको नामको नागरिकता महिलाको पहिचान र वंशको अधिकारसँग गाँसिएको विषय थियो । त्यसैले हामीले 'महिलाको वंश र अंशको अधिकार, महिला मुक्तिको पहिलो आधार' भन्ने सार अर्थमा प्रमुख रूपमा लिएका थियौं । खास गरेर छोरीलाई वंश नमान्ने र आमालाई पहिचानको आधार नमान्ने पुरुष प्रधान सामाजिक मूल्य र मान्यता एवं कानुनी व्यवस्थाप्रतिको दरिलो झापड भनेर यो मुद्दा प्रस्ताव गरिएको थियो । छोरा र छोरी अनि आमा र बाबुबीचको भेदभावको खाडल पुर्न भनेर प्रस्ताव गरिएको थियो महिलाको वंशको अधिकार । यो अधिकारको वैज्ञानिक तर्क के थियो भने हरेक मान्छे आमा र बाबुको समान अस्तित्वको परिणाम हो । जैविकीय हिसाबले भन्नुपर्दा हरेक मान्छे सिंगै आधा बाबु र सिंगै आधा आमा हो । आमाबाट २३ वटा क्रोमोजोम र बाबुबाट २३ वटा क्रोमोजोमको संयुक्त २३ जोडी क्रोमोजोमको युग्म जोडी नै मान्छेको भ्रूण हो जसबाट एउटा मानवको विकास हुन्छ तर अरू भावनात्मक कुरा गर्ने हो भने आमाको उचित निगरानी र मायाविना एउटा मान्छे बन्ने कुरा असम्भव हुन्छ । त्यसकारण सन्तानप्रति आमाको पहिलो अधिकार हुनु आवश्यक छ भन्ने हाम्रो बुझाइ हो ।

यी सम्पूर्ण कामको अध्ययन, छलफल र बहस गरी नयाँ संविधानमा महिलाका मुद्दा पहिचान गर्न र प्रस्ताव तयार गर्न महिला सभासद समूह ककसले नयाँ संविधानमा महिलाका मुद्दा अध्ययन तथा मस्यौदा तयारी समिति यही पंक्तिकारको संयोजकत्वमा निर्माण गरेको थियो । संविधान सभा अन्तरगत बनेको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको सदस्य तथा सोही समिति अन्तरगत बनेको लैङ्गिक उपसमितिको संयोजकको जिम्मेवारी समेत यही पंक्तिकारलाई भएको कारणले महिला सभासद समूहले उठाएका महिलाका मुद्दाका विषयमा समितिमा प्रस्तुत गर्न सजिलो भएको थियो ।

**महिलाका मुद्दाहरूको पहिचान** :

नयाँ संविधानमा पहिचान गरिएका महिलाका प्रमुख अधिकारहरू :

१. वंशको अधिकार
२. समान सम्पत्तिको अधिकार
३. समानुपातिक समावेशी सिद्धान्तको



आधारमा महिलालाई राज्यको हरेक संरचनामा सहभागी बन्न पाउने अधिकार

४. शिक्षा स्वास्थ्य र रोजगारीमा विशेष अधिकार

अन्तरिम संविधान, २०६३ मा व्यवस्था भइसकेका अधिकारहरू जुन नयाँ संविधानमा पनि मौलिक हकका रूपमा प्रस्तावित भएका छन्, ती अधिकारहरूमा

१. महिलालाई महिला भएकै कारणले कुनै पनि प्रकारको विभेद गर्न नपाइने
२. महिलामाथि कुनै पनि प्रकारको हिंसा (शारीरिक, मानसिक, यौनजन्य, प्रथा, परम्परा, संस्कार, संस्कृति, चलन, प्रचलन वा कुनै पनि नाममा) विरुद्धको अधिकार,
३. महिलालाई प्रजनन र प्रजनन स्वास्थ्यको अधिकार हुने, प्रमुख छन् ।

नयाँ संविधानका लागि उठेका महिलाका थप अधिकारहरू :

१. नागरिकता प्राप्ति र समाप्तिमा समान अधिकार,
२. मातृत्वको अधिकार,
३. वैवाहिक अवस्थाका कारणले भेदभाव गर्न नपाइने,
४. बहुपति बहुपत्नी एकै साथ एकै समयमा राख्न नहुने,
५. पहिचानको अधिकार,
६. सशक्तीकरणको विषय र अधिकार,
७. मानव बेचबिखन विरुद्धको अधिकार,
८. महिलाका सम्पूर्ण मानव अधिकारहरूको संरक्षण,
९. प्राकृतिक स्रोत, साधनमा महिलाको अग्राधिकार,
१०. घरेलु श्रमको सम्मान र राष्ट्रिय आयमा मूल्यांकन,
११. दाम्पत्य जीवनमा महिलाको समान अधिकार,
१२. समान मूल्यको कामका लागि समान ज्याला,
१३. बालबच्चाको रेखदेख र पालनपोषणमा आमा र बाबुको समान अधिकार र समान दायित्व,
१४. राष्ट्राध्यक्ष, सरकार प्रमुख र सभामुखमध्ये एक महिला हुनुपर्ने र यी पदहरूका प्रमुख र उपप्रमुख एउटै लिङ्गको हुन नहुने,
१५. राष्ट्रिय महिला आयोग संवैधानिक हुनुपर्ने ।

इत्यादि जस्ता विषयहरू संविधानसभामा महिला सभासद समूहले पहिचान गरेका विषयहरू थिए । यिनै महत्वपूर्ण महिला मुद्दामा केन्द्रिकृत भएर विषयगत समितिहरूको क्षेत्राधिकारसँग मेल खाने गरेर महिला सभासद समूहले प्रत्येक समितिमा आफ्नो सुझाव पेस गरेको थियो । सम्पूर्ण महिला सभासदहरूको एकता, व्यापक छलफल र बहसबाट यी मुद्दाहरू साझा रूपमा तय भएका थिए । यसअनुसार प्रत्येक समितिमा रहेका महिला सभासदहरूले सकारात्मक भूमिका खेलेका थिए जसको परिणामस्वरुप सबै समितिहरूमा महिलाका कुरा उठे र मुख्य गरेर मौलिक अधिकार समितिले यी मुद्दा महिलाको हकमा नै धेरै समेट्ने काम गर्‍यो ।

यी सम्पूर्ण मुद्दा यतिकै टप टप टिपेर जम्मा भएका थिएनन् । प्रत्येक मुद्दा प्रस्ताव गरिरहँदा त्यसको अर्थ र परिभाषा प्रस्तावको कारण र यसको पूरा कार्यान्वयनको प्रभावमा सकारात्मक परिणामका अवधारण सैद्धान्तिक रूपले पस्किइएको थियो । त्यो कुराको तर्क आज वा भोलि उत्तिकै खोजनीय, सोधनीय र बुझ्नुपर्ने हुन आउँछ किनभने महिला मुद्दा हामीले यतिकै हल्काफुल्का ढंगले लिएका थिएनौं र यो छैन पनि । यो सिंगो समाजको समृद्धिसँग गाँसिएको विषय थियो र हो ।

मान्छेका अधिकारको कुरा गरिरहँदा महिलाको विषय भनेको तिनै मान्छे जन्माउने मान्छे हो भनेर हामीले बुझेका थियौं तर विडम्बना ! पुरुषवादी दृष्टिकोण र यसकै आधारमा बनेका मूल्य र मान्यताको छाप संविधान सभामा पनि प्रचुर थियो । त्यसका विरुद्ध लड्न नै हामी गोलबन्द भएका थियौं । त्यो हाम्रो बाध्यता थियो । निश्चित सम्भ्रान्त पुरुषवादी हैकमका विरुद्ध हाम्रो आन्दोलन केन्द्रित थियो । हामी संविधान सभाभित्र नै आन्दोलित थियौं । एउटा खुसीको विषय के थियो भने न्यायका लागि हाम्रो तर्कपूर्ण लडाईंको हुँकारले संविधान सभा थर्कमान थियो । सबैलाई डर थियो– यी महिलाहरूले चाहेको खण्डमा जे पनि गर्न सक्छन् । त्यसकारण महिला विरोधीहरू र पितृसत्तावादीहरूको मुटुभित्र या बाहिर त्यतिकै थर्किएको थियो तर विडम्बना नै भन्नुपर्छ, फेरि पनि त्यो पूर्वाग्रही महिला हेपाहा दृष्टिकोण शासनमा पुग्यो र निर्णायक पनि भइरहन सफल छ । हामी सभामै पनि धुलोमा थियौं, भुँईमा थियौं र आफ्नो अधिकार मागिरहेका थियौं । हामी अधिकार प्राप्तिको लडाँईंमा थियौं ।

संविधान सभामा महिलाका दुई विवादित मुद्दा : नागरिकता र समानुपातिक सहभागिता

**(१) नागरिकता** : मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको क्षेत्राधिकारभित्र पर्ने महत्वपूर्ण विषय 'नागरिकता' थियो । यो विषयमा समितिले छलफलका लागि निकै

समय खर्च गरेको थियो । 'नागरिकता' वास्तवमा के हो ?

- व्यक्तिको परिचय-पत्र जसले सम्बन्धित मुलुकको नागरिक हो भन्ने कुरा प्रष्ट पार्दछ ।
- जसले नागरिक र राज्यको सम्बन्ध स्पष्ट पार्दछ ।
- जसले नागरिकको पहिचान र राष्ट्रियता परिभाषित गर्दछ ।
- जसले नागरिकको राजनीतिक अधिकार सिर्जना गर्दछ ।
- नागरिकता त्यस्तो द्वार हो त्यहाँबाट छिरेपछि मात्रै राज्यले प्रत्याभूत गर्ने सम्पूर्ण संवैधानिक तथा कानुनी अधिकारहरू उपभोग गर्न पाइन्छ ।

त्यसैले, भनिन्छ, नागरिकता पहिचान र राष्ट्रियताको आधार हो। नागरिक र नागरिकता एक अर्काका अन्योन्याश्रित विषय हुन् । यो महिलासँग गाँसिएको विषय पनि हो । माथि उल्लिखित महिलाका सम्पूर्ण अधिकारहरूमा सभामा खासै विरोध थिएन तर अधिकारहरूको पनि अधिकार भनेर चिनिने नागरिकताजस्तो विषयमा महिलालाई विभेद गर्ने पितृसत्तात्मक पूर्वाग्रही षड्यन्त्रको छाया हामीले सुरुमै महसुस गरेका थियौं । मौलिक अधिकार समितिले लामो बहस र छलफल र हाम्रो प्रयत्नमा समानताको आधारमा नागरिकताको प्रावधान राख्ने सैद्धान्तिक सहमति गरेका थियौं । त्यसअनुसार, बाबु र आमा वंशज भए मात्र सन्तान वंशजको आधारले नागरिक बन्ने अनि वैवाहिक आधारले अंगीकृत नागरिकता दिने विषयमा नेपाली नागरिकसँग विवाह गरेका विदेशी नागरिकलाई आफ्नो देशको नागरिकता त्याग गरेपछि नेपालमा बस्न चाहेमा १५ वर्ष स्थायी बसोबास गरेको हुनुपर्ने प्रावधान राखिएको थियो । तर, यो पंक्तिकारद्वारा समितिमा यस कुरामा आपत्ति जनाउँदै आमा सृष्टिकर्ता भएको कारणले आमाको पहिचानको आधारमा मात्र पनि सन्तानले वंशजको आधारले नागरिकता पाउनुपर्ने माग राख्दै फरक मत दर्ज भएको थियो । फेरि पनि उच्चस्तरीय राजनीतिक विवाद समाधान समितिले नागरिकताको विषयलाई अझ विवादित बनाउने काम गऱ्यो । अहिले पनि नागरिकताको विषय विवादित नै रहिआएको छ । हाम्रो मान्यता के हो भने मुलुकमा नागरिकहरू समान छन्, लैङ्गिक हिसाबले नागरिकताजस्तो महत्वपूर्ण विषयमा महिलालाई कुनै पनि आधारमा विभेद गर्न पाइँदैन । नागरिकता प्राप्ति र समाप्तिमा सबै नागरिकलाई समान व्यवहार हुनुपर्दछ ।

**(२) समानुपातिक समावेशी सिद्धान्तको आधारमा महिलालाई राज्यका हरेक संरचनामा सहभागी बन्न पाउने अधिकार** : नयाँ संविधान बनाउने सन्दर्भमा महिलाको सहभागिताको मुद्दा पनि एक महत्वपूर्ण मुद्दा थियो । राज्यको शासकीय स्वरूप र संरचनामा नीति निर्माण तहमा जबसम्म महिलाहरू समान सहभागितामा पुग्न सक्दैनन्, तबसम्म महिलाहरूको समान अधिकार पूर्ण प्रत्याभूत भयो भन्ने कुरा परिणाममा नहुने भएकोले महिलाको सहभागिताको यो मुद्दा संविधानसभामा नै एउटा महत्वपूर्ण मुद्दा थियो । हुन त यतिखेर महिलाको सहभागिता हेर्ने हो भने गिर्दो अवस्थामा छ । दोस्रो संविधान सभामा पहिलो संविधान सभाभन्दा महिलाको उपस्थिति चार प्रतिशतले गिरावट छ । राज्यका हरेक संरचनामा महिलाको सहभागिता अत्यन्त न्यून छ तर महिलाको समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको हरेक संरचनामा सहभागी बन्न पाउने अधिकार अन्तरिम संविधान, २०६३ को धारा २१ मा उल्लेख छ ।

यसरी शक्ति संरचनामा जनताको प्रत्यक्ष नेतृत्व र सहभागिताको कुरा उठिरहेको सन्दर्भमा हिजोको संविधान सभामा महिलाको पनि जनसंख्याको आधारले राज्यको हरेक संरचनामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी बन्न पाउने अधिकारको कुरा उठेको थियो । यो संविधानसभाका महत्वपूर्ण मुद्दाहरूमध्ये एक थियो । यसअनुसार महिलाको अधिकारका बारेमा मौलिक अधिकार समितिमा छलफल र बहस भैरहँदा महिलाको ३३ प्रतिशत या समानुपातिक समावेशी भन्ने विषयमा तर्क बाझिएको थियो । मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिले तयार पारेको पहिलो मस्यौदामा महिलाको ३३ प्रतिशत भनेर प्रस्ताव गरिएको थियो । यो विषयमाथि महिलाहरूको निकै ठूलो आपत्ति र आलोचना भयो । धेरै सरोकारयुक्त ठाउँहरूमा यस विषयमा चर्को बहस पनि भयो । अन्त्यमा समितिमा नै यो विषयप्रति आपत्ति र फरक मत भएपछि एकचोटिका लागि सहमति जुटाउन दलहरूमा फर्काइएको थियो । हाम्रो निरन्तर प्रयत्न र संघर्षबाट र दलहरूमा पनि खेलेको महत्वपूर्ण भूमिकाका कारण समितिमा यो मुद्दा महिलाको ३३ प्रतिशत मात्र होइन बरु समानुपातिक समावेशी नै हुने भनेर समितिले सर्वसम्मत पास गरेको थियो तर राजनीतिक दलहरूले मौलिक हकमा भएको महिलाको हकमा उल्लेखित माहिलाको समानुपातिक समावेशी अधिकारका बारेमा कुनै चोट पुग्ने कुरा नबोले तापनि व्यवहारमा महिलालाई पूर्ण समानुपातिक समावेशी अधिकार नदिने सहमति गर्दै आएका छन् ।

**निष्कर्ष** :

नयाँ संविधानमा महिलाका मुद्दाका विषयमा पहिलो संविधान सभामा नै धेरै काम भैसकेका छन् जसलाई यो दोस्रो संविधान सभाले स्वामित्व ग्रहण गरिसकेको छ तर हिजो नै विवादित बनाइएका महिलालाई पूर्ण समानताको अधिकार नदिने मनशायबाट बल्झाइएका मुद्दाहरू –नागरिकता र समानुपातिक समावेशी सहभागिता– आज पनि बहसमा छन् । विभेदसहितको संविधान कसैलाई स्वीकार्य हुँदैन । नागरिकतामा समानता र शक्ति संरचनामा महिलाको समान सहभागिता नयाँ संविधानमा ग्यारेन्टी हुन आवश्यक छ । यसका लागि सबैको ध्यान जानु पर्दछ । ❑❑





# 'सबै पक्षको प्रतिनिधित्व र अपनत्व चाहियो भनेर नयाँ संविधान बनाउन लागेका हौं'

**ओनसरी घर्ती मगर**
उपसभामुख, संविधान सभा

**उमेर र शारीरिक उचाई कम भए पनि विचार, मनोवल र मानसिकतामा उच्च भावना भएकी ओनसरी घर्तीमगर कम उमेरमै उप-सभामुख जस्तो गरिमामय पदमा पुग्नुभएको छ । मुलुकमा चलेको १० वर्षे सशस्त्र द्वन्द्वपछि सतहमा उदाएका महिला राजनीतिकर्मीमध्ये उहाँ पनि एक महत्वपूर्ण व्यक्तित्व हुनुहुन्छ । प्रस्तुत छ, शुभेच्छा बिन्दु र जयदेव गौतमले उहाँसँग लिएको अतर्वार्ता ः**

**दोस्रो संविधान सभाको चुनाव भएर नयाँ सरकार गठन भएको पनि यत्तिका समय बितिसकेको छ । अचेल संविधान सभामा खास के के मुद्दामा छलफल भइरहेको छ ?**

विषयको हिसाबमा संविधान सभामा सबै विषयमा छलफल र बहस भइरहेको छ । यसले विगतको संविधान सभाले चार वर्षमा गरेका कामहरू र त्यसको हाउसबाट पारित भएका सहमतिका कुराहरूलाई स्वामित्व ग्रहण गरिसकेको छ । त्यो कुरालाई लिएर मस्यौदा समितिले मस्यौदा समेत गरिसकेको छ । बाँकी रहेका तीनवटा मुख्य विषय– राज्य पुनर्संरचना, शासकीय स्वरूप र न्याय प्रणाली सम्बन्धी बहस छलफल गम्भीर ढंगले भइरहेको छ । त्योसँग जोडिएका अन्य कुरा पनि छन् जुन यी कुराहरू टुंगिएपछि टुंगो लाग्ने छन् । त्यसमध्ये पनि राज्य पुनर्संरचना नै प्रमुख छ ।

**यस्तो अवस्थामा माघ ८ गते नै संविधान जारी हुन्छ भनेर विश्वस्त हुन सक्छौं त ?**

हामीसँग केही महिना बाँकी छन् । संविधान सभाको काम जसरी घनीभूत ढंगले जानुपर्थ्यो, राजनीतिक दलहरू जसरी दत्तचित्तका साथ लाग्नुपर्थ्यो, त्यो हुन सकिरहेको छैन । त्यसमा पनि केही प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू नै देशबाहिर जाने क्रम बढ्दो छ । यी सबै कुराहरूलाई हेर्दा आशंका त पैदा भएको छ, व्यक्तिगत रूपमा भन्दा मलाई पनि आशंकाहरू सिर्जना भएका छन् । अहिले हामी आशा गरौं र सकारात्मक रूपमा सोचेर विश्वास पनि गरौं । राजनीतिक दलहरूले केही महिनामा यी कुराहरूलाई सहमतिको बिन्दुमा पुऱ्याउनुहुन्छ र माघ ८ गते सहमतिमै संविधान आउँछ ।

**अब बन्ने संविधानमा महिलाका मुद्दाहरू कसरी आउँदै छन् ?**

महिला मुद्दाहरूमा विगतको संविधान सभामा निकै राम्रो अभ्यास भएको थियो । केही महिला मुद्दामा भने राजनीतिक दलहरूका कारणले गर्दा पनि नकारात्मकताले प्रवेश पाएको छ । जस्तो– नागरिकताको सवालमा "आमा वा बुबा" हुनुपर्नेमा "आमा र बुबा" उल्लेख भएर आएको छ तर पनि अहिले संविधान सभा सार्वभौम छ, प्रत्येक व्यक्तिले आफ्नो विचार राख्न सक्नुहुन्छ । यो देशमा आज हामीलाई आवश्यक परेको कुरा सहमति नै हो । हामीले हामीसँग संविधानै नभएर संविधान बनाउन लागेको होइन । संविधानमा सबै पक्षको प्रतिनिधित्व र अपनत्व चाहियो भनेर नयाँ संविधान बनाउन लागेका हौं । त्यसैले महिलाको मुद्दालाई सम्बोधन नगर्ने संविधान बन्ने हो भने यस संविधानले खासै अर्थ राख्दैन । आधाभन्दा बढी जनसंख्या महिलाको छ, तिनीहरूलाई छुटाएर संविधान लेख्नुको अर्थ छैन । यसका लागि जुन जुन समितिमा महिला सदस्यहरू हुनुहुन्छ, त्यसमा उहाँहरूले नै पहलकदमी लिनुपर्छ किनभने उहाँहरू धेरैजना समानुपातिक प्रतिनिधित्वका लागि आउनुभएको हो । प्रत्यक्षबाट आउनुभएको त सबै हो तर विशेषगरी महिलाको प्रतिनिधित्व गरेर आउनुभएकाहरू समानुपातिक नै हुनुहुन्छ । प्रत्यक्षमा १० जनाले मात्र जितुभयो । बाँकी १७२ जना समानुपातिक प्रतिनिधित्वबाट आउनुभएको हो । पुरुष माननीयहरूले उहाँहरूलाई साथ दिनुभएन र उहाँहरूको आवाज त्यहाँसम्म पुग्न सकेन । हाउसमा सम्पूर्ण सदस्यहरू एकमतले आउनुभयो भने हाउसले पास नगर्ने कुरै छैन । विगतमा हामीले महिला ककस निर्माण गरेर महिलाका सबै इस्युहरूमा एकमत भएर बोलेका थियौं । केही पुरुष माननीयहरू महिलाका इस्युमा नकारात्मक हुनुहुन्छ होला तर अधिकांश त सकारात्मक नै हुनुहुन्छ । उहाँहरूले पनि साथ दिनुहुन्छ र महिलाका कुराहरू पारित हुन्छन् नै जस्तो लाग्छ ।

**यसपालि ककस नभएको अवस्थामा महिलाका लागि आमूल परिवर्तन भएको संविधान आँउछ भन्ने आशा गर्न सक्छौं त ?**

उहाँहरू इस्युमा एक हुनुहुन्न भने तपाईंहरूले एक हुनुस् भनेर भावनात्मक कुरा गरेर हुँदैन । उहाँहरूको वैचारिक दृष्टिकोणको प्रश्न हो तर मलाई जहाँसम्म लाग्छ, महिला माननीयहरू एकमतै हुनुहुन्छ ।

**यसपटक ककस बनाउन नसकेको हो ? कि नबनाएको हो ? कि बनाउन अर्कै अप्ठेरो आएको हो ?**

नियमावलीले हरेक समुदायले आफ्ना अधिकारका लागि माग गर्न सक्छ भन्ने केही छूट त दिएको छ तर ककस बनाउन हुन्न भन्ने पनि त छैन नि । विगतमा पनि ककस बनाउनस् भनेर भनेको थिएन । अहिले पनि उहाँहरूले बनाउन चाहनुभयो भने बन्छ । सबैले हाम्रो मुद्दा उठाउँछौं भनेको अवस्था छ भने किन एउटा समूह बनाएर संकीर्णता देखाउने भन्ने उहाँहरूको मनमा लागेको जस्तो लाग्यो । अब आउने दिनहरूमा आफ्ना इस्युहरूलाई अझ बढी पेचिलो बनाउनुहुन्छ होला । आज महिलाहरूको जुन इस्यु उठ्नुपर्ने हो, ती इस्युहरूमा स्वयं महिलाहरू नै पछि सरिरहेको र एकमत नभइराखेको भनेर मिडियाहरूले सम्प्रेषण दिइरहेका छन् । यो दुःखको कुरा हो । उहाँहरू एकैमत हुनुपर्छ । भविष्यमा

पनि एक भएर मात्र हाम्रा अधिकार सुनिश्चित गर्न सक्छौं। महिला अधिकारकर्मी र महिला मिडियाका साथीहरू थुप्रै हुनुहुन्छ। उहाँहरूको पनि जोड हुनुपर्‍यो। कुन इस्यु संविधान सभामा उठाउने, कुन इस्युमा लड्ने, नेपालमा के के समस्या छ महिलाहरूलाई, केले गर्दा आज उहाँहरू पछि परिराख्नुभएको छ भन्ने इस्युहरू उहाँहरूले पनि उजागर गरिदिनुपर्‍यो। त्यस्तो आवाजको पनि कमीजस्तो लाग्छ मलाई। पहिले यस्ता सवालहरूमा कोठामा वर्कसपदेखि सडकमा आन्दोलनसम्म प्रशस्तै थियो। यसपटक त्यो भएन, यो पनि कमजोरी छ।

**महिला, आदिवासी, जनजाति र तेस्रोलिङ्गी आदि पहिचानका विषयमा अहिले कुनै विवादहरू छन् ?**

राज्य पुनर्संरचनामा सबैभन्दा ठूलो बहस हुँदैछ। विगतको संविधान सभाले पहिचानको पाँचवटा आधार र सामर्थ्यको चारवटा आधार तय गरेको थियो। के के भयो भने प्रदेश चलाउन सकिन्छ र अहिलेसम्म पहिचान नपाएका समुदायहरू को को हुन् ? तिनीहरूको पहिचान खुलाउनका लागि के के गर्नुपर्छ भन्ने स्पष्ट छ। विगतको संविधान सभालाई आधार मानिसकेपछि त्यसैमा आधारित भएर छलफल गर्नु जरुरी छ। शासकीय स्वरूप र न्यायिक प्रणालीको विषयमा दलहरू सहमतिको नजिक पुग्नुभएको छ। यसरी एउटा विषय टुंगियो भने अरू विषय टुंगिन बाटो खुल्छ।

**संविधान बन्ला कि नबन्ला भन्ने शंका उठिरहेको छ। छलफल चलिरहेको छ भन्नुभयो। हामीले यो छलफल कति लामो समयसम्म गरिरहने हो ? फेरि एक महिना थप्ने पनि कुरा आइरहेको छ। के हुन्छ यो ?**

हामीले कार्यतालिका बनाएका छौं। त्यो माघ ८ गतेसम्मको लागि मात्र छ। विशेष परिस्थितमा निश्चित मितिभित्र सहमति भए पनि नभए पनि संविधान सभामा टेकओभर गर्ने योजना छ। त्यसपछि यही महिनाको अन्तिमसम्ममा मस्यौदा समितिमा हाउसले पारित गरेर पठाउनु पर्छ। संविधान सभाभन्दा बाहिर रहेका राजनीतिक दलहरूमा पनि सबैलाई सँगै लिए जाने भन्ने एउटा कार्यदल बनेको छ। यो कार्यदलले गर्दा संविधानसभामा म्याद थप्ने कुराहरू आइरहेको हो। संविधान सभाभित्र रहेका दलहरूले मात्र छलफल गर्दाको स्थितिमा त २१ गते कुनै हालतमा आउनै पर्दथ्यो तर बाहिर रहनुभएका दलहरू पनि आउन चाहनुहुन्छ भने त स्थायी शान्तिका लागि योभन्दा अर्को विकल्प कुनै पनि हुन सक्दैन। हुन त एक महिना समय थप्ने कुरा भइरहेको छ तर संविधान सभामा रहेका दलहरूबाहेकका अन्य दलहरूले पनि आफ्ना सहमतिहरू जाहेर गरेर उहाँहरूका कुरा पनि समेटेर संविधान बन्यो भने त स्थायी शान्ति हुन्छ। त्यसैले यो कुरामा म एकदम सकारात्मक छु।

**एउटा पार्टी जुन चुनावमा गएन त्यसले हामीलाई पनि राखेर संविधान बनाऊ भन्यो भने यसलाई हामीले कसरी न्यायिक र लोकतान्त्रिक मान्ने ?**

हामी संक्रमणकालमा छौं। यो देशको समग्र परिस्थितिलाई विश्लेषण गर्दाखेरि हामीले स्थायी शान्ति ल्याउनु छ, शान्तिप्रक्रियाका कुराहरू टुंगो लगाउनु छ। चुनावमा आउन नसकेको शक्ति पनि हामी तपाईंहरू सँगसँगै हिंड्छौं भन्यो भने अन्यथा हुँदैन जस्तो लाग्छ। यसलाई देशको विशिष्ट स्थितिमा विशिष्ट सम्बोधन भनेर हामीले लिनुपर्ने हुन्छ।

**अलिकति प्रसंग फेरौं। पहिले 'जनयुद्ध'ताका कमान्डर भएर हिंड्दाको र अहिले उपसभामुख भएर हिंड्दाबीचको फरक र अनुभव कस्तो भइरहेको छ ?**

जुनबेला म माओवादी छापामार भएर हिंडेकी थिएँ, त्यतिबेला मैले आफू यति बाचुँला भनेर सोचेकै थिइन। मृत्युलाई पर्खेको जस्तो समय थियो तर हामी बाँच्यौं। त्योबेला यो राज्यसत्ता परिवर्तन हुनुपर्छ भन्ने मात्र सोच थियो। पछि हामीले जनताको प्रतिनिधित्व गराउनै पर्छ भन्ने सोच्यौं। यसरी काम गर्दै आउँदा मैले जसरी छाप्राबाट आएर अहिले उपसभामुखको पदसम्ममा आफूलाई विकास गरें, यसलाई जनयुद्धको राप र तापको प्रतिफल सम्झिन्छु। १२ बुँदे सम्झौतापछि १९ दिने जनआन्दोलन भयो, त्यसपछि नेपालमा लगातार महिला आन्दोलनजस्ता थुप्रै आन्दोलन भए। अहिलेको अवस्था तिनकै प्रतिफल हो जस्तो मलाई लाग्छ। त्यो बेला मेरो लक्ष्य मेरो मोर्चालाई सफल बनाउनु थियो भने आज मेरो लक्ष्य राष्ट्रलाई सफल बनाउनु हो। मान्छेले सुख र दुःखको अनुभव गर्ने भनेको दृष्टिकोणको आधारमा गर्ने रहेछ। मान्छेको आफ्नो लक्ष्य अनुसारको काम भइरहेको छ भने त्यो भन्दा सुख अरू हुँदैन। हामीले मृत्युलाई स्वीकार गरेका थियौं। कति कठिन थियो तर त्यो नै जिन्दगीको सबैभन्दा ठूलो सुखजस्तो लाग्छ। आज एउटा जिम्मेवारी छ ममा। आफ्नो कामप्रति सन्तुष्ट छु। तर आज जनताको अधिकारको रक्षा गर्नु सक्छु कि सक्दिन भनेर प्रत्येक क्षण चिन्तित हुन्छु।

नेपालको महिला आन्दोलनलाई विभिन्न हिस्सामा हेर्न सक्छौं तर जसरी हेरे पनि अरू देशमा यो मात्रात्मक छ, नेपालमा गुणात्मक छ। नेपालमा यो कहिले जनआन्दोलनको रूपमा छ त कहिले जनयुद्धको रूपमा छ, कतै अधिकारकर्मीहरूले टेबुलमा बोलिराखेर त कहिले आवाजको आन्दोलनमा देखिन्छ।

**नेपालको महिला आन्दोलनलाई कसरी हेर्नुभएको छ ?**

नेपालको महिला आन्दोलनलाई विभिन्न हिस्सामा हेर्न सक्छौं तर जसरी हेरे पनि अरू देशमा यो मात्रात्मक छ, नेपालमा गुणात्मक छ। नेपालमा यो कहिले जनआन्दोलनको रूपमा छ त कहिले जनयुद्धको रूपमा छ, कतै अधिकारकर्मीहरूले टेबुलमा बोलिराखेर त कहिले आवाजको आन्दोलनमा देखिन्छ। नेपालजस्तो मुलुक जहाँ पितृसत्तात्मक सोच र चिन्तन हावी थियो, सामन्तवादले जरा गाडेको थियो, त्यस्तो ठाउँमा महिलाको आन्दोलन कसरी गुणात्मक हुनसक्छ भन्ने सवालमा मैले गरेका विश्लेषणहरू यस्ता छन्– पहिलो, हामीभन्दा पहिलेका पुस्ता, जस्तो मंगलादेवी सिंह र सहाना प्रधानहरूले महिलाको आवाज बुलन्द गर्नुभयो, जिन्दगीभर लड्नुभयो। त्यो सामान्यतयाः मात्रात्मक देखिन्छ। यही जगमा बढ्दै–बढ्दै २०४६ को जनआन्दोलनमा अलिकति प्रगति प्राप्त गरेको जस्तो हामी देख्छौं। दश वर्षको जनयुद्धमा यसले गुणात्मकता हासिल गर्‍यो। पहिले महिलाहरूलाई दोस्रो दर्जाको नागरिक मानिन्थ्यो। कुनै पनि काम गर्न सक्छ र ? भनेर आशंका गरिन्थ्यो। जनयुद्धमा महिलाहरूले आफ्नो परिचय दिने अवसर पाए। जनसरकार प्रमुख भएर सत्ता सम्हाल्ने काम गरे। त्यसै कारणले अहिले सेना, सशस्त्र र प्रहरीमा महिलाहरू आउन थाले। यसरी नेपालको आन्दोलनमा गुणात्मक परिवर्तनहरू देखिन थाले।

**कति पढ्ने गर्नुहुन्छ ?**

पढ्न त एउटै मान्छेले सबै विषय पढ्न सकिंदैन। पछिल्लो समयमा मैले 'मैले देखेको दरबार' पढें। 'प्रयोगशाला' पढें। हालसालै 'रुक्मांगद कटवाल' र आङसान सू कीको किताब पढेको छु। यसबाहेक लगातार रूपममा मैले महिला र जनजातिसम्बन्धी अध्ययन गरिरहेकी छु। हालसालै मैले समाजवादको अध्ययन पनि गर्न थालेकी छु किनभने नेपालमा पुँजीवादपछि के गर्नुपर्छ भनेर जान्नु पर्छ। नेपालमा पुँजीवाद पूर्ण रूपमा आइसकेको त छैन तर सुरुआत भइसकेको मान्नुपर्छ।

**अन्त्यमा एउटा कुरा भनिदिनुस्, अब के सपना पाल्नुभएको छ ?**

म जनता शासक भएको हेर्न चाहन्छु। आजसम्म त निश्चित वर्गका मानिस शासक भए। आम नेपाली जनता शासक हुनु भनेको महिलाको, दलितको, मधेसीको वा गरिब, किसान मजदुर मालिक भएको, राज्यसत्ताको बागडोर सम्हालेको देख्न चाहन्छु। देशमा २९ जना प्रधानमन्त्री भए तर एकजना पनि महिला प्रधानमन्त्री हुन सकेका छैनन्। यो देशमा महिला राष्ट्रपति भएको, महिला प्रधानमन्त्री भएको र महिला सभामुख भएको देख्न चाहन्छु। ❑❑



डा. मीना आचार्य

# मेरो अनुसन्धान अनुभव

सबैभन्दा पहिला त म सामाजिक अभियानमा स्वतन्त्रता, लोकतन्त्र, मानवअधिकार एवं महिला अधिकारका लागि लड्ने एक अभियन्ता हुँ । मेरा अनुसन्धान मेरो अभियानबाटै निर्देशित छन् ।

अनुसन्धान भनेको के हो ? राम्रो र गुणस्तरीय अनुसन्धानका विशेषता के हुन् ? यही मूलभूत प्रश्नको परिधिभित्रबाट हेर्दा ज्ञात हुन्छ– अनुसन्धान भनेको ज्ञानको खोजी हो । अनुसन्धानको उद्देश्य शुद्ध ज्ञान–निर्माण हुन सक्छ, नीति निर्माण अनि सामाजिक परिवर्तनका लागि पैरवी र कार्ययोजनाको निर्माणका लागि मुद्दाहरूको अध्ययन हुन सक्छ। अनुसन्धानको कार्यक्षेत्र धेरै फराकिलो छ । यो भौतिक अथवा सामाजिक विषय–केन्द्रित हुनसक्छ । त्यसै पनि समाजशास्त्र भनेको एकदम फराकिलो विषय हो । मेरो अनुभव समाजशास्त्रसँग सम्बन्धित छ, त्यसमा पनि सामाजिक–आर्थिक विषयमा केन्द्रित छ । म व्यवसायिक रूपमा अर्थशास्त्री हुँ तर कामकै सिलसिलामा सामाजिक विषयहरूमा पनि केही दख्खल हासिल गरेकी छु । सबैभन्दा पहिला त म सामाजिक अभियानमा स्वतन्त्रता, लोकतन्त्र, मानवअधिकार एवं महिला अधिकारका लागि लड्ने एक अभियन्ता हुँ । मेरा अनुसन्धान मेरो अभियानबाटै निर्देशित छन् । म कुनै विषयमा पैरवी गर्नु अगाडि त्यो विषयलाई राम्रोसँग बुझ्न चाहन्छु । यसका लागि विस्तृत अनुसन्धान, ज्ञान निर्माण र सैद्धान्तिक तर्क–वितर्क बुझ्ने, तिनलाई व्यवहारको कसीमा जाँच्ने र आवश्यकता अनुसार व्यवहारमा उतार्ने अथवा अवज्ञा गर्न सक्ने क्षमता पनि आवश्यक हुन्छ ।

अनुसन्धानका लागि सर्वप्रथम तपाईंले विषय चयन गर्नुपर्दछ। यो धेरै हदसम्म त तपाईं आफ्नो अनुसन्धानको परिणामलाई के गर्न चाहनुहुन्छ भन्नेमा भर पर्छ । फेरि दोहोऱ्याऊँ, म अनुसन्धानकर्ता पनि हुँ र अभियन्ता पनि हुँ । मेरो अनुसन्धान निश्चित उद्देश्यका लागि हो र त्यो उद्देश्य हो– जनताको सेवा । पहिले म जनताको सेवा गर्न भनेर विज्ञान पढ्न चाहन्थेँ तर म पढ्ने स्कुलमा गणित विषयको शिक्षण ज्यादै कडा.थियो । त्यसबखतको शिक्षा पद्धति नै घोकाइमा आधारित थियो । अहिले पनि छ नै । मेरो ऐच्छिक गणित विषयका शिक्षक घोक्नमा कति जोड दिनुहुन्थ्यो भने ‘ज्यामितिको पुस्तक टाउकोमा राखेर माथिबाट हथौडाले हिर्काउनु’ भन्नुहुन्थ्यो । त्यसैले दश कक्षाको अन्तिम घडीमा आएर ऐच्छिक गणित छोडेर संस्कृत विषय लिएर पढें। मैले प्रवीणता प्रमाणपत्र तहमा आफ्नो विषय छान्दा म १७ वर्षकी भएकी थिएँ । मैले अर्थशास्त्र र नागरिकशास्त्र रोजेँ, जनतालाई जति सकिन्छ त्यति सेवा गरुँ भन्ने उद्देश्य लिएर। मेरो जीवन र अनुसन्धान यही उद्देश्यले निर्देशित छ ।

मैले सन् १९६६ मा मस्को स्टेट युनिभर्सिटीबाट आर्थिक साइबरनेटिक्स विषयमा विशिष्ट श्रेणीसहित स्नातकोत्तर उतीर्ण गरेँ । त्यो बेला मलाई त्यहीँ बसेर छात्रवृत्तिमा पिएचडी गर्न प्रस्ताव राखियो तर मैले त्यो अस्वीकार गरेँ र नेपाल आएँ जबकि त्यसबेलासम्ममा मैले एकजना रसियनसँग बिहे गरेकी थिएँ र उनीबाट म एक छोरीकी आमा पनि बनिसकेको अवस्था थियो । त्यसपछि उनीहरू बरु मसँग बस्न नेपाल आए। त्यसबेला मैले भनेकी थिएँ– अब थप अध्ययन गर्नका लागि कतै निस्कनुभन्दा पहिले म आफ्नै देशबारे अधिकतम ज्ञान हासिल गर्न चाहन्छु । नेपालमा मलाई राष्ट्रिय योजना आयोगमा काम गर्न प्रस्ताव आएको थियो तर मैले आफूभित्र रहेको यस देशको अर्थतन्त्रलाई राम्ररी बुझ्ने जोडदार भोक मेट्ने तिर्सना पूरा गर्न बरु नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागमा नियुक्ति लिएँ । यो अविरल इच्छा, जसबाट मेरा सबै क्रियाकलाप र छनोटहरू प्रभावित हुन्छन्, ले मलाई केही नयाँ कुरा खोज्न र निरन्तर केही नयाँ योगदान पुऱ्याइरहन असीम ऊर्जा र शक्ति दिन्छ ।

०२२–०२३ सालतिर नेपालमा आर्थिक अनुसन्धानको क्षेत्रमा प्रवेश गरी सूक्ष्म तवरले अगाडि बढ्न महिलालाई सजिलो थिएन । मैले भोगेको पहिलो अवरोध भनेकै यात्रा हो । राष्ट्रबैंकमा, बैंकिङ क्षेत्रमै पहिलो महिला अधिकृत म भएकी थिएँ । त्यसमा पनि म सोझै दोस्रो तहको अधिकृत भएर प्रवेश गरेकी थिएँ । मेरो समस्या के थियो भने प्रमाणपत्र र स्नातक तहसम्मको मेरो शिक्षा भारतीय विश्वविद्यालयको पाठ्यक्रम अनुसार भएको थियो । त्यस समयसम्म नेपालमा प्रमाणपत्रदेखि माथिको शिक्षा भारतको पटना विश्वविद्यालयको पाठ्यक्रम अनुसार हुन्थ्यो ।

त्यसपछिको शिक्षा मैले सोभियत संघमा रुसी भाषामा हासिल गरेकी थिएँ । मलाई नेपालको अर्थतन्त्रबारेमा निकै थोरै ज्ञान थियो। त्यहाँ ६ वर्ष पढ्दा अंग्रेजी भाषासँगको मेरो सम्पर्क पनि टुटिसकेको थियो। यी कमजोरीहरू पूरा गर्न मलाई कडा मिहिनेत गर्नु थियो। मलाई राष्ट्र बैंकको परीक्षामा राम्रै गरेँजस्तो लाग्छ । मेरा शैक्षिक प्रमाण–पत्र पनि उच्चस्तरका थिए तर सुरुसुरुमा मेरा सहकर्मीहरूको मैले दोस्रो तहको पदमा मेरो बुबा (टंकप्रसाद आचार्य) को प्रभावले नियुक्ति पाएँ भन्ने विचार व्यापक थियो जबकि यथार्थ के थियो भने म आफैमा पूर्ण सक्षम थिएँ । सहकर्मीहरूको त्यो मान्यतालाई गलत साबित गर्नु मेरा लागि पहिलो चुनौती थियो । र, मैले यसलाई चाँडै नै यो तथ्य प्रमाणित गरेर देखाई पनि दिएँ ।

मेरो पहिलो परीक्षा चाँडै नै आयो । राष्ट्र बैंक आउने बित्तिकै म अनुसन्धान विभागको विकास–वित्त शाखामा प्रमुख बनाइएँ । यस शाखाले अर्थ मन्त्रालय र राष्ट्र बैंकको

मौद्रिक नीतिका लागि बजेटपूर्वको परामर्श प्रतिवेदन तयार पार्नुपर्ने थियो । त्यसबेलामा अर्थ मन्त्रालयमा अनुसन्धान गर्ने क्षमता थिएन, आर्थिक सर्वेक्षण गर्ने र त्यसको लिखत तयार पार्ने काम नेपाल राष्ट्र बैंकले सुरु गर्नुपर्ने भएको थियो । केन्द्रीय तथ्यांक विभागले पनि कुल राष्ट्रिय उत्पादन अथवा आम्दानी, लगानी आदिका अनुमानहरू बजेटपूर्व प्रकाशन गर्दैनथ्यो ।

त्यो अवस्था बुझेर मैले तराईका केही मुख्य सहरलाई केन्द्रबिन्दु बनाएर आर्थिक सर्वेक्षणको मिसनमा जाने निर्णय गरेँ । त्यसबेला पूर्व–पश्चिम राजमार्ग बनिसकेको थिएन । त्यसैले बाहिर तराईमा जान पुराना जिपहरूमा पिक र साबेलसमेत साथमा लिएर कहीँ खाल्डो पुर्दै, कहीँ पानीमा हेलिँदै कच्ची बाटो भएर यात्रा गर्नुपर्थ्यो, अथवा, भारतीय रेल भएको ठाउँसम्म पुगेर आफ्नो बाँकी यात्रा पूरा गर्नुपर्थ्यो । त्यसबेलासम्म नेपाल राष्ट्र बैंकले कुनै पनि महिला कर्मचारीलाई काठमाडौं बाहिर काजमा पठाएको थिएन । म जाने कुरा त्यहाँ ठूलै समाचारजस्तो बन्यो भने सम्बन्धित अधिकारीहरू पनि मलाई राजधानी उपत्यकाबाहिर पठाउन तयार थिएनन् । मैले उनीहरू समक्ष आफ्नो तर्क राख्दै भनेँ– यदि मलाई बाहिर पठाइएन भने मैले कसरी पो राम्रो प्रतिवेदन लेख्न सकुँला र पुरुष सहकर्मीहरूसँग प्रतिस्पर्धा गरुँला ? कसरी मैले आफ्नो क्षमता र करिअरको विकास गर्न सक्छु वा पाउँछु त ? मेरो कुरा सुनेपछि अधिकारीहरूमा केही पछुतोभाव त देखा पऱ्यो तर समस्या के आइलाग्यो भने मसँग यात्रा गर्नका लागि कुनै पनि पुरुष सहकर्मी तयार थिएनन् । धेरै अनुरोध गरेपछि एकजना प्रौढ जुनियर अधिकृत मसँग यात्रा गर्न बल्लतल्ल तयार हुनुभयो ।

तर त्यो भनेको पनि केवल आधा युद्ध जित्नुजस्तो मात्र थियो । घरमा बुबाले सोध्नुभयो– महिला भएर एक्लै कसरी यात्रा गर्न सक्छेस् ? मानिसहरूले के भन्लान् ? त्यसपछि मैले बुबालाई ढाँटें, वीरगञ्जमा अर्को एकजना महिला कर्मचारीलाई सँगै लिएर जाने हो भनेर । यात्रामा हामी सबै खालको ठाउँमा सुत्नुपर्थ्यो– अफिसको टेबुलमा समेत । गुलरियापारि रहेको भारतको कतरनिया घाट भन्ने ठाउँमा त मन्दिरको पिँढीमा उपियैँ उपियाँले भरिएको चारपाइमा सुत्नुपरेको थियो । जसोतसो हामी २० दिनमा काठमाडौंबाट महेन्द्रनगरसम्मको यात्रा पूरा गरी फर्क्यौँ । नेपालगञ्जमा मैले एकजना आफन्त पर्ने दाजु भेटेँ जसले मलाई एकजना पुरुष सहकर्मीसँग यात्रा गरिरहेको देखे । घरमा पुग्दा बुबाले मैले उहाँलाई ढाँटेर गएको भन्ने पत्ता पाइहाल्नुभयो । मैले उहाँसित भनें– हो, म एकजना पुरुष साथीसँग मात्र यात्रा गरिरहेको थिएँ तर यो नेपालका बारेमा आफ्नो ज्ञान बढाउन र करिअर विकासका लागि आवश्यक थियो । त्यो सुनेर उहाँले केही भन्नुभएन । त्यसपछि भने उहाँले मेरो फिल्ड जाने कामका बारेमा केही भन्नै छोड्नुभयो ।

हामीले कृषि कार्यालय, कारखानाहरू तथा व्यापारीहरूको रायका आधारमा कृषि र औद्योगिक उत्पादन र व्यापारसम्बन्धी सूचनाहरू ल्यायौं । अर्को समूह पूर्वतिर गएको थियो । समग्रमा हामीले त्यसवर्ष समग्र राष्ट्रिय उत्पादन, बजार अवस्था र व्यापार सम्बन्धी गतिविधिबारे पर्याप्त सूचना संकलन गऱ्यौं । हामीले एउटा राम्रो स्थिति प्रतिवेदन (फ्लाइङ रिपोर्ट) लेख्यौं । अर्को वर्ष फेरि म पूर्वतिर गएँ । यसप्रकार अब नेराबैंमा महिलालाई राजधानी उपत्यकाभन्दा बाहिर कुनै जिल्लामा खटाउनु हुन्न भन्ने धारणा तोडियो ।



अनुसन्धान गर्नु भनेको कठिन कार्य हो । सर्वप्रथम त, आफूले छानेको विषय सम्बन्धी सैद्धान्तिक आधार राम्रोसँग अध्ययन–मनन गर्नुपऱ्यो र बुझ्नुपऱ्यो । दोस्रो, यस सम्बन्धमा अरूले के भनेका छन् भनेर त्यो पढ्नुपऱ्यो । तेस्रो, त्यससँग आफ्नो परिवेश र अनुभवलाई जोड्न सक्नुपऱ्यो । यसका लागि धेरै श्रम, लगनशीलता र हिम्मत चाहिन्छ ।

मैले अनुसन्धान क्षेत्रमा बिताएको लामो जीवनमा शोधविधिका बारेमा आफूले सिकेका केही कुरा म तपाईंहरू समक्ष राख्न चाहन्छु ।




सर्वप्रथम त व्यवहारिक प्रासंगिकता नभएको सामाजशास्त्रीय सिद्धान्त अर्थहीन हुन्छ । कुनै पनि सिद्धान्त व्यवहारिकताको कसीमा उत्रिएर मात्र त्यसको सान्दर्भिकता हुन सक्तछ । सबै समाजशास्त्रीय अनुसन्धानले व्यवहारसँग सम्बन्ध राख्नुपर्दछ र सामाजिक घटनाक्रम तथा मानव व्यवहारलाई व्याख्या गर्न सक्नुपर्दछ । मेरा अनुसन्धान परिणामहरूले मेरो अभियानलाई बाटो देखाउँदछन् । मैले धेरै दातृनिकायहरूसँग परामर्शको काम गर्दै आएकी छु । हरेक परामर्शले मलाई त्यस विषयका बारेमा केही ज्ञान वृद्धि गराउँदछ । अर्कोतिर मेरो अभियानले मलाई मेरो अनुसन्धानलाई यथार्थपरक बनाउँछ । यसरी हेर्दा सिद्धान्त र व्यवहारका बीच घनिष्ठ सम्बन्ध छ ।

दोस्रो, सामाजिक अनुसन्धान गर्दा एउटै विषयमा मात्र सीमित हुनुपर्ने बाध्यता भए, यो आफैमा एउटा बाधा हो । मानवीय व्यक्तित्व बहुआयामिक हुन्छ, एक पक्षले अर्को पक्षलाई प्रभाव पारिराखेको हुन्छ । यस्ता सम्बन्धलाई उपेक्षा गरेर गरिएका अनुसन्धानका परिणाम अपूर्ण र कहिलेकाहिँ त अव्यवहारिक पनि हुन्छन् । यो कुरा आर्थिक अनुसन्धानहरूमा स्पष्ट देखिन्छ । हामी 'अन्य कुराहरू यथावत् रहन्छन्' भन्ने पूर्वमान्यता राखेर काम सुरु गर्छौं । उदाहरणका लागि, बजार प्रक्रियाबाट नै समाज कल्याणका लक्ष्य हासिल हुन्छन्, सबैसँग समान सम्पत्ति र सूचनाको पहुँच हुन्छ भन्ने मान्यताका आधारमा निष्कर्ष निकाल्छौं ।

मेरो विचारमा, समाजशास्त्रीय


UNFPA

Gender Equality and Empowerment of Women in Nepal

Study Team:

Team leader: Dr. Meena Acharya,

Team members: Ms. Pushpa Ghimire, Ms. Padma Mathema, Mr. Birabhadra Acharya, Ms. Chapala Koirala, Ms. Neera Shrestha, Ms. Bhabani Sapkota

2007

अनुसन्धानकर्ताहरूले कार्ल मार्क्सको द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त पढ्नुपर्छ किनभने यसले केही महत्वपूर्ण कुरा स्पष्ट पार्छ । विशेष गरेर द्वन्द्वात्मक भौतिकवादले के देखाउँछ भने १) सबै कुरा परिवर्तनशील छन्, २) समाज भौतिक र सैद्धान्तिक अन्तरक्रियाबाट विकास हुन्छ, ३) हरेक सामाजिक घटनाक्रमको रूप र सारका बीचमा भिन्नता हुन्छ, र ४) सबै सामाजिक घटनाक्रमहरू एकआपसमा सम्बन्धित हुन्छन् ।

तेस्रो, अनुसन्धान खुला दिमागले गर्नुपर्दछ, कुनै पूर्वानुमानित निष्कर्षविना । मेरा लागि खुला दिमागबाट सुरु गर्नु भनेको कुनै हाइपोथेसिसविना नै काम सुरु गर्नु हो । हामी के निष्कर्ष पाउँछौं होला भन्ने एक अस्पष्ट विचारबाट सुरु त गर्नसक्छौं तर अनुसन्धान नै नगरी हाइपोथेसिस बनाउनु भनेको आफ्नो दृष्टिकोणले सूचना संकलनको दायरा सीमित बनाउनु हुन आउँछ ।

यसो भए तापनि हामीले कुनै पनि अनुसन्धान गर्नुअघि, त्यस विषयका उपलब्ध साहित्य र अरूहरूले गरेका व्यवहारिक अनुसन्धानका परिणामहरूको व्यापक अध्ययन गर्नु पर्दछ । पढ्नु मात्र पनि पर्याप्त हुँदैन, ती कुराहरूलाई मनन गरेर कुनै निष्कर्षसहित सहमत वा असहमत हुनु जरुरी छ । यदि त्यसमा असहमत छैनौ भने पहिले गरिएको अनुसन्धानमा नयाँ अनुसन्धानबाट के थप्न सकिन्छ भनेर सोच्नु पर्छ । यदि असहमति छ भने त्यसले निकालेको परिणामलाई प्रतिवाद गर्न यथेष्ट सूचना संकलन गर्नुपर्छ ।

अनुसन्धानले प्राथमिक र द्वितीयक (सेकेन्डरी) सूचना दुबै प्रयोग गर्नुपर्ने हुन्छ । उपलब्ध भएका सूचनाहरू फेरि संकलन गर्नुको कुनै अर्थ रहँदैन । कहिलेकाहिँ अनुसन्धान भनेको प्राप्त सूचनालाई नयाँ ढंगले व्याख्या गर्ने पनि हुन सक्छ । जस्तो– जनगणना, नेपाल जीवनस्तर सर्वेक्षण (एनएलएसएस) नेपाल श्रमसर्वेक्षण (एनएलएफएस) जस्ता प्रकाशनहरू सूचनाका समृद्ध भण्डार हुन् जुन विविध विषयमा अनुसन्धान गर्नका लागि उपयुक्त हुन्छन् । उही सूचना पनि फरक किसिमबाट विश्लेषण गर्न सकिन्छ, यो कुरा विश्लेषणको उद्देश्यमा निर्भर हुन्छ ।

कसरी अनुसन्धानको गुणस्तर उच्च राख्ने ? समाजशास्त्रमा, एउटा राम्रो गुणस्तरीय अनुसन्धान हुनका लागि त्यो परिवेशसँग मिल्ने र समाजसँग सम्बन्धित हुनुपर्छ । यसका निष्कर्षलाई व्यापकता प्रदान (Generalization) गर्न, अनुसन्धान प्रचलित सर्वमान्य विधिमा आधारित हुनु पर्दछ । तपाईं सामान्यबाट विशेषतर्फ वा विशेषबाट सामान्यतर्फ अगाडि बढ्न सक्नुहुन्छ । यसले अनुसन्धानको विषयलाई केही नयाँ कुरा दिएर योगदान गरेको हुनुपर्छ । यस्तो योगदान विधिगत वा विषयगत हुनसक्छ । तपाईंले अनुसन्धान गर्न खोज्नुभएको विषय नवीन हुनैपर्छ तर समाजमा विद्यमान जल्दाबल्दा मुद्दासँग पनि सम्बन्धित हुनु चाहिँ पर्छ नै । यहाँनिर एक किसिमको सन्तुलन आवश्यक पर्दछ । अक्सर मैले देखेको एउटा तथ्य के हो भने थुप्रै मानिस कुनै विषयको अनुसन्धानमा लागेका हुन्छन् किनभने यो विषय फेसनमा छ । यस्तो गर्नु राम्रो होइन किनभने यस्ता विषयमा नयाँ कुरा खोज्नु झन् गाह्रो हुन्छ । यसकारण पनि सम्बन्धित साहित्यको विस्तृत अध्ययन जरुरी छ, त्यो पनि विषय छान्नुभन्दा पहिले भए झन् बेस ।

कुनै कुनै अनुसन्धान कार्य प्रारम्भिक स्थिति अध्ययन (बेसलाइन सर्वे) हुन्छन् । आफूले छानेको विषयमा कुनै सूचना नै उपलब्ध हुँदैन भने त्यस्तो अवस्थामा त्यसको खोजी नै पनि एक अनुसन्धान सरह हुन जान्छ । मलाई लाग्छ, '७० को दशकको अन्ततिर हामीले 'नेपालमा महिलाको मर्यादास्तर' अनुसन्धान र विश्लेषण यस्तै प्रारम्भिक अध्ययन थियो जसको परिणामहरू त्रिभुवन विश्वविद्यालय अन्तर्गतको प्रशासनिक तथा आर्थिक विकास केन्द्र (सेडा) ले सन् १९८२ सम्म शृङ्खलाबद्ध रूपमा प्रकाशित गरेको थियो ।

> अनुसन्धान खुला दिमागले गर्नुपर्दछ, कुनै पूर्वानुमानित निष्कर्षविना । मेरा लागि खुला दिमागबाट सुरु गर्नु भनेको कुनै हाइपोथेसिसविना नै काम सुरु गर्नु हो ।

हामीले महिलाको अवस्था सम्बन्धमा अध्ययन गर्न एउटा नितान्त नयाँ बहुआयामिक विधिको विकास गरेका थियौं । विशेषगरी समय सदुपयोगको संकलनलाई घरधुरी उत्पादनको तथ्यांकसँग जोडेर हेरेकोले हामीलाई महिला र पुरुषको काम गर्ने समय मात्र नभएर यसलाई हरेक क्रियाकलापले निकाल्ने उत्पादन र आयसँग जोडेर विश्लेषण गर्न समेत सम्भव बनाइदियो । यस गणनाबाट हामी के देखाउन सक्षम भयौं भने महिला र बालिकाहरू पुरुष र बालकहरूभन्दा धेरै घण्टा काम गर्ने मात्र होइन, तिनीहरूले घरको आम्दानीमा समेत उल्लेखनीय योगदान पुऱ्याउँछन् ।

यस अध्ययनले नेपालको कृषि आमतया महिलाको श्रममा निर्भर गर्दछ भन्ने पनि देखायो जसले महिलाहरूका लागि कृषि तालिम दिन लगाउने नीति समेत बनाउन मद्दत गऱ्यो । महिलाहरू काम गर्दैनन् भन्ने धारणा हामीले यथेष्ट सूचना प्रमाणसहित गलत साबित गऱ्यौं । घर भित्रका निर्णय(प्रक्रियामा महिला/पुरुषको भूमिकाको मापन गर्न नयाँ प्रविधिको विकास गऱ्यौं । यसले हामीलाई तिब्बती, बर्मेली र हिन्दु आर्य समूहहरूमा महिलाप्रतिको साँस्कृतिक व्यवहारमा हुने भिन्नतामा अनुसन्धान गर्न पनि सक्षम बनायो । यदि हामी पहिले नै अनुमान गरिएका विचारहरूसहित फिल्डमा गएको भए यस्तो राम्रो सूचना ल्याउन सक्ने हुन्थ्यौं भन्ने विषयमा शंका छ ।

हाम्रो अनुसन्धान समूह पनि बहुविषयक थियो जसमा अर्थशास्त्रीहरू, मानवशास्त्रीहरू र समाजशास्त्रीहरू सम्मिलित थिए । अर्थशास्त्रीहरूले परिमाणात्मक विधिबाट विश्लेषण गर्थे भने मानवशास्त्री र समाजशास्त्रीहरू गुणात्मक विधिबाट गर्थे । समूहगत अन्तरक्रिया र सहकार्यबाट अर्थशास्त्रीहरूले गुणात्मक अनुसन्धानको महत्व बुझे भने समाजशास्त्रीहरूले परिमाणात्मक अनुसन्धानको । हामीले हाम्रो अध्ययनमा परिमाणात्मक र गुणात्मक विधिहरूलाई समायोजन गऱ्यौं । समयको उपयोग र घरभित्रको उत्पादनको पद्धति र परिमाणबारे भरपर्दो सूचना संकलनका लागि हामीले नेपालका विभिन्न साँस्कृतिक समुदायभित्रका समूहमा महिला/पुरुषको जीवनपद्धति बुझ्न आठ गाउँको विशेष अध्ययन (केस स्टडीहरू) प्रयोग गऱ्यौं । सामाजिक




विषयमा स्तरीय अनुसन्धानका लागि दुबै पद्धति बुझ्नु नितान्त आवश्यक हुन्छ । परिमाणात्मक तथ्यांकलाई सामाजिक सन्दर्भसँग नगाँसी अर्थपूर्ण ढंगबाट व्याख्या गर्न सकिँदैन ।

जस्तै– विवाह भन्ने कुरा नेपाली महिला र अमेरिकी महिलाका लागि अलग–अलग कुरा हुन् । पहिलो त, नेपाली महिलाहरूलाई “बिहे गरी दिएर पठाइन्छ”। अमेरिकामा भने महिलाहरू “बिहे गर्छन्” । नेपालमा महिलाहरू बिहे गरेपछि आफ्ना आमाबुबाको घर वा माइती छोड्नुपर्छ र सासुसुराहरूसँग बस्न जानुपर्छ । अमेरिकामा नवदम्पती श्रीमान् वा श्रीमतीको घरमा बस्छन् अथवा अन्यत्र कतै नयाँ घर बनाएर बस्छन् । त्यहाँ यही नै गर्नुपर्छ भन्ने कुनै अनिवार्यता हुँदैन । त्यसो हुनाले अमेरिकामा बाल विवाह र नेपालमा बाल विवाहको महिलाका लागि छुट्टै अर्थ हुन्छ । अमेरिकामा बालविवाह उमेर नपुगेका केटाकेटीको गलत कदम हो भने नेपालमा आमाबाबुको लोभ, लालच र छोरी पन्छाउने हतार ।

अध्ययन–अनुसन्धानका लागि सुहाउँदो विधि अपनाउनुका अतिरिक्त आफूले पहिल्याउन खोजेको विषयवस्तुको स्थिति झल्काउने सूचांक पनि पत्ता लगाउनुपर्छ । उदाहरणका लागि, महिला साक्षरताको वृद्धि भनेको एक सकारात्मक सूचना हो तर यसले शिक्षामा पहुँचमा लैङ्गिक विभेद बढ्दै छ अथवा घट्दै छ भन्ने बारेमा केही पनि देखाउँदैन । यो पत्ता लगाउन यहाँ महिलाका साथै पुरुष साक्षरता वृद्धिदरको पनि विश्लेषण गर्नु जरुरी छ । यदि महिला साक्षरता वृद्धिदर पुरुषको भन्दा बढिरहेको छ भने मात्र शिक्षामा पहुँचमा लैङ्गिक विभेद घट्दैछ भन्ने देखाउँछ । सन् १९९१ देखि २००८ सम्मका तथ्यांकले स्नातकोत्तर र त्योभन्दा माथिको शिक्षा हासिल गर्ने महिलाको संख्या बढ्दै गरेको देखाए पनि शिक्षा हासिल गरेका महिला त्यति नै शिक्षा हासिल गरेका हरेक १०० जना पुरुषको तुलनामा करिब उस्तै रहेको देखाएको थियो । यस्तै अवस्था आय आर्जन वा

> तपाईंको निष्कर्षलाई तत्काल स्वीकार गरिन्छ अथवा गरिँदैन भन्ने कुरा महत्वपूर्ण होइन बरु तपाइँलाई आफ्नो निष्कर्षमा पूर्ण विश्वास हुनुपर्छ अनि त्यसलाई ठोस प्रमाणहरूले प्रमाणित गरेको हुनुपर्छ ।


ज्यालाको तुलनामा पनि देखिन्छ । यथार्थमा सन् १९९५/९६ र २००३/०४ मा महिला र पुरुष दुबैको ज्याला वृद्धि भएको देखिन्छ (एनएलएसएस, २००४) तर महिला/पुरुषको ज्यालादरको अनुपात भने घटेको देखिन्छ । विशेषगरी लैङ्गिक विश्लेषण गर्नका लागि महिला/पुरुषको तुलना गर्नु जरुरी हुन्छ । महिलाहरूको अवस्था भनेर मात्र अध्ययन गर्नु पर्याप्त हुँदैन । मूल कुरा के हो भने तपाईंले प्रयोग गरेका तथ्य–तथ्यांकहरूले तपाईंका निष्कर्षहरूलाई पूर्णतः प्रमाणित गरेको हुनुपर्दछ ।

यहाँनिर म के थप्न चाहन्छु भने सबै खालको सामाजिक अनुसन्धानका लागि र त्यसमा पनि विशेषगरी अर्थशास्त्रको अनुसन्धानका लागि तथ्यांकशास्त्रको आधारभूत ज्ञान एकदम जरुरी हुन्छ । सामाजिक विषयमा स्तरीय अनुसन्धानका लागि गुणात्मक र परिमाणात्मक दुबै पद्धति बुझ्नु नितान्त आवश्यक हुन्छ । मेरो गणित सम्बन्धी ज्ञान पनि मेरा सबै अनुसन्धानका लागि सहयोगी भएको छ । यस्तो ज्ञानले विभिन्न तथ्यांकले के देखाएको हो त्यो कुरा बुझ्न सघाउँछ । मैले धेरै प्रकाशनहरूमा तथ्यांकले के भन्दै छन् भन्ने नबुझिकनै त्यसको प्रयोग ठाउँ कुठाउँ भएको देखेकी छु । यी कुरा खास गरेर महिला सम्बन्धी लेखनमा देखिन्छन् ।

अन्तमा, ध्यान दिनुपर्ने कुरा के छ भने, आफूले अध्ययन–अनुसन्धानबाट पत्ता लगाएको कुरा भन्न डराउनु हुँदैन, त्यो परिणाम स्थापित मान्यताले स्विकार्ने प्रकारको भए पनि नभए पनि । तपाईंको निष्कर्षलाई तत्काल स्वीकार गरिन्छ अथवा गरिँदैन भन्ने कुरा महत्वपूर्ण होइन बरु तपाइँलाई आफ्नो निष्कर्षमा पूर्ण विश्वास हुनुपर्छ अनि त्यसलाई ठोस प्रमाणहरूले प्रमाणित गरेको हुनुपर्छ । मानिसहरू चलनचल्तीका कुरा बाहेक नयाँ कुरालाई हम्मेसी विश्वास गर्दैनन् । त्यसले असर पार्दैन । तपाईंका निष्कर्षहरू यदि सत्य हुन् भने त्यसलाई पछि गएरै पनि स्वीकार गरिन्छ । यस्तो कुरा नेपालमै भएका थुप्रै उदाहरण म आफै पनि दिन सक्छु । जस्तै– सन् १९९५ मा सर्वांगीण विकास अध्ययन केन्द्र (आइआइडिएस) ले ग्रामीण सेवा प्रणालीमा लामो अध्ययन पश्चात् निष्कर्ष निकाल्यो– स्कुल र हेल्थपोस्टको सामुदायिक व्यवस्थापन सर्वोत्तम उपाय हो । तर, सरकार र दातृ निकायलाई यो सुझाव स्वीकार गर्न १० वर्ष लाग्यो । सन् ’८० को दशकदेखि नै मैले भन्दै आएको कुरा हो– नेपालको रोजगारीको समस्या आवश्यकताभन्दा बढी श्रमशक्ति भएर भन्दा अशिक्षा र श्रमशक्तिमा सीपको कमीसँग सम्बन्धित छ, र तालिम कार्यक्रमहरूले सीपको खाँचो अनुभव भइरहेका समुदायहरूलाई समेट्न सकेका छैनन् । तर, नीति निर्माताहरू र दातृनिकायहरू मेरा भनाइमा विश्वस्त भएनन् । अहिले आएर मात्र यो तथ्यलाई सबै पक्षबाट स्वीकार गरिएको छ । जसलाई आवश्यक छ तिनका लागि सीपमूलक तालिमको खाका निर्माण गरिँदैछ ।

अन्त्यमा, कुनै पनि स्तरीय अनुसन्धान विचारमा नौलो हुनुपर्दछ । पूर्ण विश्वासका साथ प्रस्तुत गरिएका सुझाव र तिनलाई समर्थन गर्ने पर्याप्त सूचनाहरू दिइएको हुनुपर्दछ । अझ ठोस कुरा त तत्कालीन समयका जल्दाबल्दा मुद्दालाई सम्बोधन गरिएको हुनुपर्दछ । ❑❑

# महिला आन्दोलनकी अग्रणी योद्धाको अवसान





मञ्जु थापा

> सहाना प्रधानको जीवनको पूर्वार्धसहितको लामो समय प्रेरणा हो भने उत्तरार्ध चुनौतीको संकेत । सहाना जत्तिकै सर्वसम्मत र उँचाइको अर्को महिला नेता नेपाली राजनीति र महिला आन्दोलनले निकट भविष्यमा पाउने सम्भावना देखिँदैन, यद्यपि अहिले धेरै महिलाले आफूलाई राष्ट्रिय नेताका रुपमा स्थापित गर्दै लगिरहेका छन् ।

लोकतान्त्रिक आन्दोलन र महिला आन्दोलनको श्रद्धेय एवं सुपरिचित नाम हो सहाना प्रधान । उनै सहाना घरीघरी मन्द हाँस्नुभयो, घरीघरी आँसु खसाल्नुभयो र धेरै बेर मौन रहनुभयो । हामीले छुट्टिनका लागि हात जोडेर विदा माग्दा सकीनसकी आफ्ना हात उठाएर हामीलाई आशिर्वाद र प्रेरणा दिनुभयो । मैले यो अशक्त स्थितिमा उहाँलाई पछिल्लोपटक २०७० साल असारको पहिलो हप्ता सानेपास्थित उहाँकै घरको ओछ्यानमा भेटेकी थिएँ । एक वर्षपछि २०७१ असोज ७ गते एमालेको प्राङ्गणमा उहाँको मृत देहमाथि अबिर र श्रद्धाका फूलहरू चढाएँ ।

विगत पच्चीस वर्षदेखि प्रत्यक्ष चिनेको र कतिपय अवस्थामा सँगसँगै काम गरेको आदरणीय दिदीलाई त्यसरी विदा गर्दा उहाँको जीवनका सुनेका देखेका झाँकीहरू शनैःशनैः सम्झनामा आउन थाले । २०४६ सालको जनआन्दोलनमा शान्ति सुरक्षा भंग गरेको र पञ्चायतविरोधी आन्दोलनमा लागेको आरोपमा म गिरफ्तार भएर करिब डेढ महिना केन्द्रीय महिला कारागार काठमाडौंमा थुनिएकी थिएँ जहाँ मैले पहिलोपटक सहाना दिदीलाई निकटबाट देख्ने र भेट्ने अवसर पाएँ । साथै उहाँसँग लामो समय बस्ने, विचारहरू सुन्ने, नेपाली महिला आन्दोलनका ऐतिहासिक क्षणहरू सम्बन्धमा उहाँजस्तो जीवित इतिहासबाटै प्रत्यक्ष सुन्ने र उहाँका ज्ञान तथा व्यवहारबाट धेरै कुराहरू सिक्ने मौका मिल्यो । त्यहाँ उहाँ सबैभन्दा वरिष्ठ राजबन्दी हुनुहुन्थ्यो भने म सबैभन्दा कनिष्ठ थिएँ तर पनि उहाँका अगाडि कुनै कुरा सोध्न वा जिज्ञासा राख्न मलाई कहिल्यै असजिलो वा असहज महसुस भएन । उहाँ हरेक कुरालाई व्यवहारिक ढंगले बुझाउने र सिकाउने गर्नुहुन्थ्यो । उहाँको दृष्टिकोणमा रहेको उदारता र खुलापनलाई जो कोहीले पनि सजिलै महसुस गर्न सक्थ्यो । यही कारणले उहाँ हाम्रा निम्ति र धेरैका निम्ति राजनीतिक योद्धा सहाना प्रधान मात्र हुनुभएन, सहाना दिदी बन्न पुग्नुभयो ।

### आन्दोलनकै आइकन

नेपालको प्रजातान्त्रिक र महिला आन्दोलनको एक दरिलो आइकनका रूपमा रहनुभएकी सहाना प्रधानको जीवन आफैमा एक खुला पुस्तक हो जसलाई पढेर मात्र पनि धेरैले आँट र प्रेरणा लिन सकिन्छ । तर विडम्बना नै भन्नुपर्छ, स्वास्थ्य समस्याका कारण सक्रिय राजनीतिबाट विदा लिनुपरेपछि उहाँलाई उहाँका समकालीन र सहकर्मीहरूले एउटा राजनीतिक अगुवाका रूपमा सम्झिए पनि उचित सम्मान र कदर गर्न सकेका थिएनन् । अझ नयाँ पुस्ताका धेरैजसो राजनीतिकर्मीहरू त उहाँको योगदानप्रति पूर्णतः परिचित पनि छैनन् । बलेको आगो ताप्ने संस्कृतिले विगत र

**संक्षिप्त जीवन-यात्रा**

| | |
|---|---|
| आमाबुबा : | रम्भादेवी र शंकरलाल प्रधान |
| विसं १९८४ असार २७ : | सहाना प्रधानको जन्म |
| १९८८ : | आमाको देहान्त |
| १९८९ : | बाबु र हजुरआमासँग बर्मा प्रस्थान |
| २००१ साल : | बर्माबाट नेपाल आगमन |
| २००३ साल : | राणाविरोधी आन्दोलनका लागि पर्चा लेखन सुरु |
| २००४ वैशाख १७ : | राणाशासन विरुद्ध त्रिचन्द्र क्याम्पसको जुलुसमा सहभागी भई पहिलोपटक भाषण गरेको । पहिलोपटक पक्राउ । |
| २००७ साल : | नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिएको |
| २०१० माघ २ : | नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालसँग विवाह |
| सन्तान : | छोरी उषा र छोरा उमेशलाल |
| २०३५ असार ७ : | पुष्पलालको निधन |
| २०४६ साल : | प्रजातान्त्रिक आन्दोलनको सह-कमान्डर तथा वाममोर्चाको अध्यक्ष |
| २०४७ साल : | उद्योग तथा वाणिज्य मन्त्री |
| २०४८/२०५१ साल : | प्रतिनिधिसभा सदस्य |
| २०५३ साल : | समाज कल्याण तथा महिला मन्त्री |
| २०६४ साल : | उप-प्रधान तथा परराष्ट्र मन्त्री |
| २०७१ असोज ६ : | निधन |
| २०७१ असोज ७ : | राजकीय सम्मानसाथ पशुपति आर्यघाटमा दाहसंस्कार |

इतिहासलाई सम्मान गर्न सिकाउँदैन तर आज नेपालको राजनीतिक र महिला अधिकार आन्दोलन जहाँ छ, त्यसको आधारभूमि खडा गर्ने अग्रणी अभियन्ता सहाना प्रधानहरू नै हुन् जसलाई कदापि बिर्सन मिल्दैन ।

कुनै बेला भर्भराउँदो आगो जस्तो बनेर राणा शासकका सामुन्ने आफ्नो आवाज बुलन्द गर्ने र नेपालको प्रगति, आम नेपाली जनता तथा नेपाली महिलाको अधिकारका लागि सिंगो जीवन बिताउनुभएकी उहाँको जीवनका पछिल्ला तीन–चार वर्ष अस्वस्थताका कारण अत्यन्त कष्टकर रहे । जहाँनिया राणाशासनदेखि गणतन्त्र प्राप्तिसम्मको अवधिमा उहाँले राणाशासन, निर्दलीय पञ्चायती व्यवस्था, बहुदलीय व्यवस्था र गणतन्त्रसम्म विभिन्न राजनीतिक व्यवस्था देख्नु र भोग्नुभयो । यी अनेक आरोह अवरोहहरूबाट प्रत्यक्ष प्रभावित हुँदै उहाँले आफ्नो जीवनयात्रालाई अघि बढाउनुभयो । सहाना प्रधानको जिन्दगीको कथा अत्यन्त धेरै उकालीओरालीहरूले भरिएको छ । ती तमाम उतारचढावहरूमा कहिल्यै नआत्तिँदै निरन्तर राजनीतिमा क्रियाशील सहाना प्रधानको गत असोज ६ गते देहान्त भएको छ । अब उहाँ हाम्रो स्मृतिपटलमा मात्र हुनुहुन्छ । त्यसो त नेपाली जनता र महिलाले प्राप्त गरेका अधिकारका लिखत तथा उनीहरूको रूपान्तरित जीवनमा पनि उहाँको उपस्थिति सधैंसधैं जीवन्त रहनेछ ।

**बाल्यकाल : बद्रीफूलबाट सहानासम्म**

सहाना प्रधानको बाल्यकाल आम नेपाली बालबालिकाको अनुभवभन्दा नितान्त फरक छ । आफू पाँच वर्षको उमेर हुँदा आमाको देहान्त भई आमाको माया र रेखदेखबाट वञ्चित सर्वसाधारण नेपाली छोरी बद्रीफूलले सहाना प्रधानको छवि निर्माण गरुञ्जेलको यात्रा अत्यन्त कष्टकर, रोमाञ्चक र प्रेरणादायी छ । विक्रमाब्द १९८४ साल असार २७ गते आमा रम्भादेवी र बाबु शंकरलाल प्रधानबाट जन्मिएकी सहानाले पाँच वर्षकै उमेरमा सदाका लागि आफ्नी आमालाई गुमाउनुभयो । आमाको देहान्तपछि हजुरआमा सानुनानीको रेखदेख र मायामा हुर्किनुभएकी सहानाका दिदी साधना, दाइ गौरीलाल र भाइ शंकरप्रसाद हुनुहुन्थ्यो । आमाको मृत्युपछि बर्मामा व्यापार गर्नुहुने बुबा, काका र हजुरआमाको साथ लागेर आफ्ना दिदी र दाजुभाइका साथै पाँच वर्षकी बालिका सहाना पनि बर्मा जानुभयो । बर्मामा बसेका नेपालीहरूले छोरीलाई पढ्न पठाइहाल्ने चलन नभए पनि सहानाका बुबाले उहाँहरू दुबैजना दिदीबहिनीलाई परिस्थिति अनुसार नेपाली स्कुल, बर्मेली स्कुल र मद्रासी स्कुलमा पढ्ने व्यवस्था मिलाइदिनुभयो । घरमा हजुरआमाले पनि नातिनातिनीमा कहिल्यै विभेद गर्नुभएन, घरको काम पनि नलगाई सधैं पढ्ने वातावरण मिलाइदिनुभयो । बर्मा बस्दाको १०—११ वर्ष अवधिको बाल्यकाल सहानाको जीवनमा अत्यन्त रमाइलो, सुखद र अर्थपूर्ण रह्यो । सहानाको जीवनमा शिक्षाको ज्योति सल्काउने र चेतनाको बीउ रोप्ने धरती बर्मा नै थियो ।

तर दोस्रो विश्वयुद्धको विभिषिकासँगै बेलायतको उपनिवेशका रूपमा रहेको बर्माका विभिन्न सहरमा जापानले आक्रमण सुरु गर्‍यो । यसबाट युद्धको कहालीलाग्दो अवस्था तथा आतंकलाई थेग्न नसकेर बर्मामा राम्रोसँग व्यापार एवं घरजम गरी बसेका नेपालीहरू पनि नेपाल फर्कन थाले । सोही जत्थाको एउटा हिस्साका रूपमा हजुरआमा, बुबा, काका र परिवारका अन्य सदस्यहरूसँगै सहाना पनि नेपाल फर्किनुभयो । बर्माबाट नेपाल आइपुग्दासम्म हवाइ आक्रमण, जंगली जनावर, लुटेरा, दुर्घटना आदि अनेकौं दुःख विपत्तिहरूलाई सहँदै र यत्र-तत्र छरिएका लाशहरूमाथि कुल्चिँदै भाग्नुपरेका विभत्स अनुभवहरू सहानाले बाल्यकालमा नै व्यहोर्नुभयो । सँगै आएका धेरै घरपरिवार र सहयात्रीहरू छुटे पनि सहानाको परिवारका सबैजना जसोतसो नेपाल आइपुग्न सफल हुनुभयो ।

काठमाडौंको असनमा उहाँहरूको पुस्तैनी ठूलो घर थियो । काठमाडौंको तीनथाना आइसकेपछि बर्मामा छँदा उदार रहेकी उहाँकी हजुरआमालाई पनि नेपालको सामाजिक चालचलनको दबाब पर्न गयो । अनि उहाँले काठमाडौंको तत्कालीन भेषभुषा अँगालेको देखाउन दुईवटी नातिनीलाई फ्रकमाथि साडी बेरिदिनुभयो । सहानालाई अनौठो लाग्यो । यही घटनादेखि उहाँले नेपालमा छोराछोरीबीचको भेदभाव महसुस गर्न थाल्नुभयो ।

उहाँको घरमा छोरीहरूले बिहानबिहान पूजाको थाली लिएर मन्दिरमा पूजा गर्न चाहार्‍यो तर घर फर्किएपछि परिवारका छोराहरूलाई फुलौरा खान दिने तर छोरीहरूलाई नदिने चलन थियो । खाना पाकेपछि छोरालाई चोखो थालमा पहिल्यै पस्किएर खान दिने छोरीहरूलाई काम लगाउने र पछि काका, बुबा वा परिवारका अरूले खाएको जुठो थालमा खान दिने गरिन्थ्यो । यस्ता भेदभावहरू उहाँलाई असाध्यै बिझाउँथे ।

सहानाका सहोदर हजुरबुबा बितिसक्नुभएको थियो । घरमा विधवा हजुरआमाको हैसियत बलियो थिएन । आमा नभएका उहाँ दुवै दिदीबहिनीलाई अन्य बाजे, बजै, ठूलीआमा, काकाकाकीले धेरै काम लगाउने र हेप्ने गर्दथे । त्यति मात्र हैन, सहानाका दाइ र भाइलाई नेपाल आइपुगेको पन्ध्र दिनमा नै दरबार स्कुलमा भर्ना गरियो तर छोरीहरू साधना र सहानाको पढाइ बीचैमा छुटेकोमा कसैलाई मतलब हुने कुरै भएन । अझ उहाँहरूले घरमा लुकीलुकी किताब समाएर पढ्न थालेको देख्यो भने घरको

मूली बाजे रिसाउनुहुन्थ्यो । यी सबै अपहेलना र विभेदले दिदीबहिनीको मन उकुसमुकुस हुन्थ्यो । यस्तो व्यवहारले उहाँलाई घरीघरी बर्मा बसाइँको याद दिलाउँथ्यो । दुई–तीन वर्ष निराशा र मनमा चोट बोकेर यसरी नै बिते । यसैगरी सहानाले बाल्यकालमै घरभित्र छोरीमाथि हुने विभेददेखि विश्वयुद्धको त्रासदीसम्म र शिक्षा तथा चेतनाको झिल्को देख्ने अवसर सँगसँगै पाउनुभयो ।



पति पुष्पलाल श्रेष्ठ तथा छोरी र छोराका साथ ।

## राजनीतिक चेतना र सक्रियता

सहानाको जीवनमा विभेद र असजिलाहरू बढिरहेकै बेलामा नेपालमा राणाशासनविरोधी आन्दोलन भुसको आगो सरह विस्तारै फैलँदो थियो । १९९७ सालमा चारजना प्रजातन्त्रप्रेमीको हत्या गरिएपछि त्यसले मुलुकमा राणाविरोधी भावना झन्झन् बढिरहेको थियो । अलिकता शिक्षित र सचेत मानिसहरू जहाँनिया पारिवारिक राणाशासनका विरुद्ध संगठित र जागरुक हुन थालेका थिए । त्यस्तै मानिसहरूको सम्पर्क–संगतमा सहानाका भाइ शंकरप्रसाद पनि पुग्नुभयो । सोही क्रममा सचेत आन्दोलनकारीमध्येका प्रेमबहादुर कंशाकारले सहानाका दिदीबहिनीलाई भेट्ने जमर्को गर्नुभयो । भाइमार्फत खबर पाएपछि उहाँहरूको भेट भयो । शिक्षाको स्वाद चाखिसकेका उहाँहरू चुप लागेर बस्नुभएन, लुकीलुकी दाइभाइका किताब लिएर पढ्न थाल्नुभएको थियो । कसरी आफ्नो पढाइलाई निरन्तरता दिने भन्नेमा उहाँहरूमा ठूलो चिन्ता थियो । त्यसैले स्वाभाविक रूपमा, भेटका क्रममा पनि सहानाले आफूहरूले पढ्न नपाएको गुनासो गर्नुभयो भने आन्दोलनकारीहरूले उहाँहरूलाई आन्दोलनलाई सघाउन आग्रह गरे । अनि सहानाका दिदीबहिनीले रातरातभरि नागरिक अधिकारको पक्षमा पर्चा लेखेर आन्दोलनलाई सघाउन थाल्नुभयो । यसरी सुरु भएको उहाँको राजनीतिक यात्रा जीवनको मध्यतिर केही समय रोकियो तर पछि फेरि उहाँ राजनीतिमा होमिनुभयो र शरीरले साथ दिँदासम्म लगातार लागिरहनुभयो ।

नेपालमा पहिलोपटक २००४ साल वैशाख १७ गते काठमाडौंमा नागरिक अधिकारका लागि जुलुस निस्किएको थियो । त्यस जुलुसमा प्रेमलालहरूको संगत र प्रेरणाले सहाना प्रधान पनि सहभागी हुनुहुन्थ्यो । इन्कलाब जिन्दाबाद, नागरिक अधिकार दिनैपर्छ, मर्न मेटिन तयार छौं, गोलीदेखि डराउन्नौंजस्ता नारा लगाउँदै दुई–तीन सय विद्यार्थीले जुलुस निकालेका थिए । अन्ततः भाषण र जुलुस सुरु भएको केही समयमा नै धरपकड सुरु भयो जसमा सहाना, साधना, स्नेहलता र कनकलता चारजना महिला पनि गिरफ्तारीमा पर्नुभयो । देशमा पहिलोपटक निस्किएको जुलुसमा नै सहभागी भएर सहाना पनि जीवनमा पहिलोपटक पक्राउ पर्नुभयो । त्यसयता २०६३ सालको लोकतान्त्रिक आन्दोलनको समयसम्म पक्राउ पर्ने यो क्रम पटकपटक जारी रह्यो । त्यतिबेला थुनेको ठाउँमा ब्यारेक प्रशासनले नराम्रो खाना दिएको विरोधमा पनि उहाँहरू सात दिन अनशन बस्नुभयो ।

संगठनका रूपमा हेर्दा २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीको स्थापना भयो । पुष्पलालहरूको संगतले सहानाले पनि २००७ सालमा नेपाल कम्युनिस्ट पार्टीको सदस्यता लिनुभयो । सात सालको क्रान्तिमा उहाँ त्यसै पार्टीको महिला संघ, युवा संघ र विद्यार्थी संघमा रहेर राणाविरोधी आन्दोलनमा सक्रिय हुनुभयो । आन्दोलनकारीहरूको अगुवाइ गर्दै विभिन्न आमसभा र कोणसभाको वक्ता बन्नुभयो । त्यतिबेलासम्म उहाँको परिवारको दृष्टिकोणमा धेरै परिवर्तन आइसकेको थियो । यो समयमा उहाँलाई परिवारबाट पनि सहयोग प्राप्त थियो । त्यसयता पनि उहाँ आफ्नो पार्टीले नेतृत्व गरेका राजनीतिक आन्दोलनहरूमा सरिक भइरहनुभयो । यसरी पच्चीस वर्षको उमेर

## श्रद्धाका फूलहरू



अमृता लम्साल
पत्रकार

सहाना दिदी मेरा लागि श्रद्धेय र प्रेरक व्यक्तित्व हुनुहुन्थयो । मेरो नजरमा तपाईं कुनै राजनीतिक दलको मात्रै सम्पत्ति नभई हामी सबैको हकहितका लागि लड्ने योद्धा हुनुहुन्थ्यो जबकि राजनीतिक हिसाबले तपाईं कम्युनिस्ट हुनुहुन्थ्यो तर पनि महिला हक र अधिकारका कुराहरू हुँदा धेरै पटक पार्टीको धारबाट माथि उठेर काम गर्ने कोसिस गर्नुहुन्थ्यो । दिदीसँग बसेर हामी सूती धोतीमा माड कसरी हाल्नेदेखि लिएर बर्माबाट दिदी काठमाडौं आउनु हुँदाको अवस्थासम्म कुरा गर्न सक्थ्यौं । त्यो मात्र होइन, दिदी आफै इतिहासको पुलिन्दा हुनुहुन्थ्यो । महिला सुरक्षा दबाब समूहको सुरुका दिनहरूमा तपाईंको जस्तो लचिलो नेतृत्व र दुर्गा घिमिरे तथा शान्ता थपलियाजस्ता हस्तीहरू नभएको भए आज कहाँ पुग्थयो होला, यो त्यहींभित्र बसेर काम गर्नेहरूलाई मात्र थाहा हुन सक्छ । मेरा लागि तपाईंको सामिप्यमा बिताएका हरेक दिन महत्वपूर्ण छन् । हुन त म कुनै कम्युनिस्ट पार्टीसँग रौं बराबर पनि सम्बन्ध राख्ने व्यक्ति थिइन तर पनि तपाईंले मलाई पार्टीभन्दा माथि उठेर मौका दिने कोसिस गर्नुभएको थियो । यो केवल देखाउनका लागि लेखिएको शब्द होइन, मेरो भित्री मनदेखि व्यक्त गरिएका श्रद्धाका फूलहरू हुन् । *(सामाजिक सञ्जालबाट)*

हुँदासम्म उहाँको राजनीतिक यात्रा उदाउँदो र जाज्ज्वल्यमान हुँदै गइरहेको थियो ।

यसै बीचमा उहाँले आफ्नो अध्ययनलाई पनि निरन्तरता दिँदै अघि बढ्नुभयो । आफैले पहल गरेर खोलेका खुलाएका कन्या विद्यालयहरू उहाँलाई पढ्नका लागि मिल्दाजुल्दा भएनन् । उहाँ र दिदी साधनाले आफूहरूलाई नपढाए खाना पनि नखाने भन्दै दुई–तीन दिन खाना पनि नखाएर घरमा विद्रोह गर्नुभयो । अनि दाइभाइले पनि उक्त मागलाई साथ दिएपछि बुबा तथा काकाहरूले पनि सहमति जनाउनुभयो । घरमै आएर भुवनलाल प्रधान, प्रेमबहादुर कंशाकार, पूर्णबहादुर एमए आदिले उहाँहरूलाई तीन महिना निःशुल्क पढाइदिनुभयो । यसरी उहाँहरू दुबैजना कक्षा दशको टेस्ट परीक्षामा उत्तीर्ण हुनुभयो । अनि पछि २००४ सालमा सहाना, साधना, अंगुरबाबा जोशी र भुवन सिंह चारजना छात्रा प्रवेशिका परीक्षामा सामेल भै उत्तीर्ण पनि भए। यो त्यतिबेला अत्यन्त ठूलो चर्चाको विषय बन्यो। पछि उहाँले भारत लखनउको इजाबेला थोर्वन कलेजबाट आइए, नेपालबाट प्राइभेट बिए तहको पढाइ सक्नुभयो । साथै उहाँले परिवार, जागिर, पार्टीको काम समेत गर्दै कडा मिहिनेत गरेर अर्थशास्त्रमा एमए पनि गर्नुभयो।

यसरी उहाँले आफ्नो शैक्षिक योग्यता र क्षमता त बढाउँदै लग्नुभयो तर २०१० सालमा कम्युनिस्ट नेता पुष्पलालसँग विवाह भइसकेपछि भने राजनीतिक सक्रियता विस्तारै कम हुन थाल्यो । पुष्पलाल पूर्ण रूपमा राजनीतिक काममा लाग्ने र घरको आर्थिक अवस्था कमजोर भएका कारण उहाँले विस्तारै राजनीतिक काम कम गरेर आर्थिक उपार्जनका लागि पढाउने काममा बढी संलग्न हुनुपर्ने बाध्यता भयो । २०१७ सालसम्म उहाँ केही मात्रामा सक्रिय रहनुभयो, बीचबीचमा भद्र अवज्ञा आन्दोलन, ०१५ सालको पहिलो आम निर्वाचन आदिमा केही मात्रामा सक्रिय हुनुभयो । तापनि त्यसपछि २०३५ सालमा पुष्पलालको देहान्त हुँदासम्म उहाँको राजनीतिक सक्रियता हुने अवस्था रहेन । उहाँलाई पछि पार्टी काममा पूर्णकालीन भएर लागिसकेपछि पनि बेलाबेलामा राजनीतिलाई निरन्तरता दिन नसकेको भनेर यो आरोप लागिरह्यो ।

जतिबेला पुष्पलाल पूर्णकालीन नेता भएर स्वदेशमा व्यस्त तथा भारत निर्वासनमा जानुभयो, सहाना एक्लैले दुई सन्तान (एक छोरी एक छोरा) हुर्काउनुपर्ने परिस्थिति सृजना भयो, त्यतिबेला उहाँ पार्टी राजनीतिमा सक्रिय हुन नसक्नु भएको अवस्थालाई कतिपयले पार्टीप्रतिको निष्ठासँग जोडेर प्रश्न उठाउने पनि गरेका छन् । तर आमाबाबु दुबैले दिनुपर्ने अभिभावकत्वको भूमिका कुशलतापूर्वक एक्लै निर्वाह गर्नुपर्ने महिलालाई यस्तो प्रश्न उठाउनु कति न्यायोचित होला ? सहानाले घरबार नसम्हालेको भए र छोराछोरीलाई राम्रो लालनपालन नगरेको भए पुष्पलाल त्यस उँचाइको नेता पुष्पलाल हुन सक्नुहुन्थ्यो वा सक्नुहुन्नथ्यो ? साथै, उहाँका छोराछोरी शिक्षित र समृद्ध हुन सक्थे वा सक्दैनथे भन्ने कोणबाट पनि यसलाई हेरिनुपर्छ । उहाँले श्रीमतीका रूपमा, आमाका रूपमा र घरमूलीका रूपमा निर्वाह गरेको भूमिकाले पनि पुष्पलाललाई सहयोग गऱ्यो कि भनेर पनि हेरिनुपर्छ ।


छोरी, छोरा बुहारी नातिनातिनीका साथ ।

छोराछोरी हुर्काउन र परिवार चलाउनका लागि सहानाले विभिन्न स्कुल, कलेज र विश्वविद्यालयमा पढाउनुभयो । पद्‌म कन्या क्याम्पस र त्रिभुवन विश्वविद्यालयमा लामो समय प्राध्यापन गर्नुभयो । ट्युसन पढाउने र अनुवादको काम समेत गर्नुभयो तर धेरै वर्ष पढाइसकेपछि पेन्सन हुने हुने बेलामा तत्कालीन पञ्चायती सरकारले व्यवस्थाविरोधी विद्यार्थी आन्दोलनलाई सघाएको आरोपमा उहाँलाई २०३२ सालमा सेवाबाट बर्खास्त गऱ्यो। उहाँको रोजीरोटी खोसियो । अनि उहाँ छोराछोरीसँग सल्लाह गरेर विद्यावारिधिको पढाइका लागि भारतको दिल्लीतिर हानिनुभयो तर बीचैमा श्रीमानको देहान्त भएपछि आफूमा आएको उदासी र पार्टी कामको व्यस्तताले उहाँले विद्यावारिधी गर्ने जमर्को बीचैमा छाडिदिनुभयो। २०१० देखि २०३५ सालसम्म उहाँको जीवनका पच्चीस वर्षको अवधि अध्यापन कार्यमा बित्यो यद्यपि राजनीतिमा लागेका श्रीमानलाई सघाउने र प्रत्यक्ष अप्रत्यक्ष रूपमा पार्टीका अन्य नेता कार्यकर्तालाई सघाउने काम पनि उहाँले गर्नुभयो । परम्परागत पारिवारिक भूमिकाले गर्दा महिलालाई राजनीतिक क्षेत्रमा निरन्तरता दिन कति गाहारो हुँदो रहेछ भन्ने एउटा प्रष्ट उदाहरण पनि हो उहाँको जीवनको यो अवधि ।

**मुलुकका लागि काम गर्नु है**

पुष्पलालले आफ्नो प्राण जाने अन्तिम समयमा सहानालाई मुलुकका लागि काम गर्नु है भनेर भन्नुभएको रहेछ । उहाँलाई राजनीति गर्ने आफ्नो अधुरो आकांक्षाले घच्घच्याइरहेकै थियो । साथै पुष्पलालका तिनै अन्तिम शब्दहरू सम्झिएर र पार्टीका नेता कार्यकर्ताहरूले नेतृत्व लिनुपऱ्यो भनेर गरेको आग्रहलाई मानेर उहाँ २०३५ सालमा पुनः पार्टीमा संगठित हुनुभयो । कम्युनिस्ट पार्टी मार्फत राजनीतिको मैदानमा उत्रिनुभयो । त्यसयता विभिन्न कम्युनिस्ट पार्टीहरू नेकपा मार्क्सवादी, नेकपा माले, नेकपा एमाले आदिमा संगठित हुँदै उहाँ प्रजातन्त्र, महिला अधिकार, जनता र मुलुकको स्वाभिमान तथा समृद्धिका लागि क्रियाशील रहिरहनुभयो । आफ्नो पार्टी संगठनलाई बलियो बनाउने, आम जनताको पंक्तिलाई जागरुक पार्ने र महिलालाई संगठित तथा चेतनशील बनाउने प्रक्रियामा उहाँको बाँकी जीवनका दिनहरू खर्चिन लागे ।

त्यस बीचमा २०३७ सालको निर्दलीय वा बहुदलीय व्यवस्था छान्नका लागि

भएको जनमत संग्रहमा आफ्नो पार्टीसहित बहुदलको पक्षमा उहाँ क्रियाशील हुनुभयो । कांग्रेस र कम्युनिस्टहरूको साझा आन्दोलनविना पञ्चायती व्यवस्था हटाउन सम्भव छैन भन्ने मान्यताले २०४२–०४३ सालमा नेपाली कांग्रेसको नेतृत्वमा भएको सत्याग्रहजस्ता आन्दोलनहरूमा पनि सडकमा नै उत्रिएर, गिरफ्तारी दिनुभयो । २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा उहाँले त्यतिबेलाका प्रमुख कम्युनिस्ट पार्टीहरू तथा वामपन्थी व्यक्तिहरूको साझा मञ्च वाममोर्चाको अध्यक्षको हैसियतले निर्णायक भूमिका निर्वाह गर्नुभएको थियो । विभिन्न कम्युनिस्ट पार्टीको नेतृत्वमा रहेका कोभन्दा को कम भन्ने पुरुष नेताहरूले समेत उहाँलाई वाममोर्चाको अध्यक्ष प्रस्ताव गर्नु र स्विकार्नु पक्कै पनि चानचुने कुरा थिएन । उहाँले पनि अपेक्षाकृत कुशलतापूर्वक त्यस भूमिकालाई पूरा गर्नुभयो । मुलुकमा निर्दलीय पञ्चायती व्यवस्था अन्त्य गरी बहुदलीय व्यवस्थाको पुनर्स्थापना गर्नका लागि भएको आन्दोलनको सह–कमान्डरका रूपमा उहाँले आफ्नो नेतृत्व क्षमतालाई साबित गरेर देखाउनुभयो । त्यति मात्र होइन, आन्दोलनलाई निर्णायक मोडमा पुऱ्याउन आन्दोलनकारी शक्तिको तर्फबाट दरबारमा वार्ता गर्न जाने टोली सदस्यमा रहेकी सहानाले राजा र दरबारियासँगको सम्झौताको टेबुलमा दह्रो अडान देखाउनुभयो ।

आन्दोलनको रथ हाँक्ने काम कुशलतापूवर्क सम्पन्न गरिसकेपछि उहाँको राजनीतिक निष्ठा र उँचाई राम्रैसँग बढ्यो । शैक्षिक योग्यता त उहाँसँग पहिलेदेखि नै थियो । त्यसैले त्यसपछि बनेका विभिन्न सरकारहरूमा पार्टी नेतृत्वले उहाँलाई पठायो । पछि २०६३–०६४ सालमा भएको लोकतान्त्रिक आन्दोलनको पनि अग्रपंक्तिमा रहेर उहाँले मुलुकलाई स्थायी शान्ति र लोकतन्त्रको दिशामा अगाडि बढाउन योगदान गर्नुभयो । यसरी राणाशासनको विरोधदेखि लोकतान्त्रिक व्यवस्थाको बहालीसम्म लागिरहने थोरै नेताहरूमध्ये एक हुनुहुन्थ्यो सहाना ।

**महिला आन्दोलनमा योगदान**

नेपालमा प्रजातन्त्र र लोकतन्त्रको स्थापनाका लागि सहाना प्रधानको नेतृत्वदायी भूमिका र महत्वपूर्ण योगदान वास्तवमै प्रशंसनीय छ । त्यससँगै नेपालमा महिलाको अधिकार प्राप्तिका लागि उहाँले गर्नुभएको त्याग र संघर्ष झनै उल्लेखनीय छ । बर्माबाट फर्किएपछि आफैले पढ्न नपाएको पीडाबाट झल्किन थालेको उहाँको विद्रोह क्रमशः

## सम्झनामा कमरेड सहाना



**बिन्दा पाण्डे**
नेकपा एमाले नेता/महिला अधिकारकर्मी

कमरेड सहाना प्रधान अब हामीसँग रहनुभएन । सात दशकभन्दा लामो समय अथक रूपमा नेपाली जनताको प्रजातान्त्रिक अधिकार, महिला समानता, राष्ट्रियता र कम्युनिस्ट पार्टीको झण्डा उठाउने ती दृढ, अविचलित र दरिला हातहरू अब हामीबीच रहेनन् । आन्दोलनको अग्रपंक्तिमा लम्कने ती पाइलाहरू अब हाम्रो साथमा छैनन् ।

कमरेड सहानाको प्रत्यक्ष नेतृत्वमा रहेर मैले दुईपटक काम गर्ने अवसर पाएँ । पहिलोपटक २०४८ सालमा उहाँ अनेमसंघको अध्यक्ष हुँदा म कोषाध्यक्ष थिएँ र दोस्रोपटक २०६१ मा उहाँ पार्टीको महिला विभागको प्रमुख हुँदा म सचिवको रूपमा कार्यरत थिएँ । २०४८ मा उमेरमा पनि युवा, विचारले पनि माले पृष्ठभूमिबाट आएको, कार्यशैलीको रूपमा पनि भर्खर विद्यार्थी आन्दोलन छाडेर आएको हाम्रो क्रान्तिकारीपन अलि बढी नै थियो । उहाँ उमेरले पनि पाको, अनुभवले पनि खारिएको नेता हुनुहुन्थ्यो । पुल्चोकस्थिति भूतपूर्व सैनिक संघको हलमा अनेमसंघको दोस्रो राष्ट्रिय सम्मलेनको बन्द सत्र हुँदै थियो । म लगायतका टिम अध्यक्ष मण्डलमा थियौं । हल व्यवस्थापनमा स्वयंसेवकको काम गर्ने बीना, विद्या, पेम्बा, उषा र रेनुको टिम थियो । कार्यक्रम चल्दै थियो । प्रतिनिधिका लागि भुइँमा कार्पेटमाथि पलेटी कसेर बस्ने व्यवस्था थियो । छ दशक पार गरिसक्नुभएकी उहाँलाई अलिअलि बाथ सुरु भइसकेकोले लामो समय पलेटी कसेर बस्न सक्ने अवस्थामा हुनुहुँदो रहेनछ र खुट्टा पसारेर बस्नुभएको रहेछ । स्वयंसेवक आएर त्यसो नगर्न अनुरोध हैन, आदेशै दिएछन् । अनि उहाँले खुट्टा तानेर कष्टपूवर्क भए पनि बस्नुभएछ । पछि उहाँले भन्नुहुन्थ्यो, 'तिमी मालेका केटीहरू उमेर अनुसारको मानिसको समस्या हुन्छ भन्ने पनि बुझ्दैनौ । समयले तिमीहरूलाई यी सबै कुरा बुझाउनेछ ।' हामीमा भएको क्रान्तिकारितामा रहेको कमजोर व्यवहारिकता झल्काउने उहाँको त्यो भनाइ आज पनि झल्झल्ती याद आउँछ ।

अनेमसंघको केन्द्रमा काम गर्दा उहाँ बेलाबेला सामाजिक काममा बढी जोड दिने कुरा गर्नुहुन्थ्यो । हामी राजनीतिक गतिविधि र विषयमा जोड दिन्थ्यौं । कहिलेकाहिँ कुरा मिल्दैन थियो । उहाँ प्रायः नमस्ते गर्ने कुरामा जोड दिनुहुन्थ्यो । हामी माले पृष्ठभूमिकाहरू दरिला हात मिलाउनुपर्छ भन्ने पक्षमा थियौं । यस्ता सानातिना व्यवहारिक कुरामा उहाँको आलोचना हुन्थ्यो । उहाँ चुपचाप तर आफ्नो विचारमा अडिग हुनुहुन्थ्यो । उहाँ अध्यक्षको नाताले सधै व्यवहारिक निर्णय गर्ने कुरामा जोड दिनुहुन्थ्यो । समयक्रमले आज सबैलाई त्यही बाटोमा लैंजादैछ । कामका बारेमा उहाँको गुनासो थिएन तर मेरो बारेमा अरू नेताहरूसँग कुरा गर्दा 'अलि क्रान्तिकारी हुन खोज्छे' भन्नुहुन्थ्यो रे ।

पछि म तीन वर्ष हङकङमा काम गरेर फर्किएर आएपछि पुनः भेटघाट र कुराकानी भयो । सँगै काम गर्ने अवसर मिल्यो । उहाँले भन्नुभएछ, 'बाहिर गएर आएपछि बिन्दा व्यवहारिक भइछ' । त्यो प्रतिक्रिया सुनेपछि उहाँलाई मैले एकदिन सोधेकी थिएँ, 'के फरक पाउनुभयो र दिदी त्यसो भन्नुभएको ?' उहाँले भन्नुभयो, 'पहिले अनेमसंघमा हुँदा त तातोतातो कुरा गर्थ्यौ । अब त परिवर्तन भएछ । व्यवहारिक कुरा गर्न थालिछौ ।' मैले हाँस्दै भनेकी थिएँ, 'उमेर पनि त पाको भयो नि । त्यसैले होला ।' उहाँले भन्नुभयो, 'उमेरभन्दा पनि अनुभव खारिएकोले हुन सक्छ ।' त्यसपछिको चरणमा उहाँसँग जहिले पनि सुमधुर सम्बन्ध नै रह्यो । उहाँ अभिभावक, हामी कार्यकर्ता ।

पार्टीको केन्द्रीय महिला विभागमा मबाहेक सबै केन्द्रीय सदस्य हुनुहुन्थ्यो । म सचिव थिएँ । त्यस समय काममा सहजता थियो । महिलाबीच गरिने गतिविधि र समानताका पक्षमा तयार पारिने प्रस्ताव सहजै पारित हुन्थ्यो । केन्द्रीय कमिटीमा पनि विभागको तर्फबाट प्रस्तावहरू पारित गर्न सक्रियतापूर्वक भूमिका निर्वाह गर्नुहुन्थ्यो । उमेरकै हिसाबले पनि पार्टीका अधिकांश पुरुष नेताभन्दा पाको भएकोले उहाँले ठाडै कुरा राख्नुहुन्थ्यो । मानिहाल्ने अवस्था नभए पनि नकार्न सक्दैनथे । र, बिस्तारै ती कुराहरू नीतिगत रूपमा समावेश हुँदै जान्थे । त्यसैको परिणाम थियो– २०६२ मा नेकपा एमालेको आठ बुँदे जेन्डर प्रस्ताव र अन्तरपार्टी महिला सञ्जालको गठन ।

अब त्यो व्यक्तित्व हाम्रो बीचमा रहेन तर दायित्व हाम्रो बीचमा छ । तोकिएको लक्ष्य चुम्न अझै यात्राको रास्ता लामो छ । खाँचो उहाँले डोब लगाउनुभएको त्यो समानताको बाटोलाई फराकिलो पार्दै सबैले सहजतापूर्वक यात्रा गर्न सक्ने बनाउन बाँकी नै छ । लोकतन्त्रमा सबै नागरिकको बराबरी हैसियत हुन्छ भन्ने कुरा स्थापित गर्न बाँकी छ । कमरेड सहाना, तपाईंले डोब लगाउनुभएको बाटोलाई पक्की बनाउँदै यात्रामा लाम लाग्नेको संख्या ठूलै छ । तपाईंले कोर्नुभएको लक्ष्य र उठाउनुभएको झण्डा उठाउने लाखौं हात जुर्मुराइसकेका छन् । हामी त्यो दायित्व पूरा नभएसम्म थकाइ मार्ने छैनौं ।

*(सामाजिक सञ्जालबाट)*

महिला शिक्षा, महिलाको मताधिकार, राजनीतिक सहभागिता, महिलामाथि हिंसाको अन्त्यजस्ता समकालीन मुद्दाहरूलाई उठाउँदै सडक, सदन र पार्टीभित्र उजागर हुन थाल्यो।

२००४ साल वैशाखमा पहिलो गिरफ्तारीमा परेको चौध–पन्ध्र दिनपछि सबै आन्दोलनकारीहरूलाई तत्कालीन श्री ३ पद्मशमशेरका अगाडि उभ्याइयो र उनीहरूलाई के चाहिएको हो भनेर सोधियो। केटीहरू चाहिँ किन नि ? भनेर सोध्दा सहानाले "केटीहरूले पनि पढ्न पाउनुपर्छ र जनतालाई नागरिक अधिकार दिनुपर्‍यो" भनेर भन्नुभयो । अनि "केटीहरूका लागि स्कुल चाहियो, कहिलेसम्म हुन्छ ?" भनेर सहानाले ठाडै सोधेपछि पद्मशमशेरले "विचार गरिनेछ, पन्ध्र दिनपछि हुनेछ" भनेर जवाफ दिए । यस सन्दर्भमा पद्मशमशेर बोलीका पक्का ठहरिए। नभन्दै पन्ध्र दिनपछि नेपालमा सरकारीस्तरमा पहिलोपटक छात्राहरूका लागि कन्या विद्यालय खोलियो। उक्त विद्यालयले पद्मकन्या विद्यालयका नाममा काठमाडौं डिल्लीबजारमा अहिले पनि हजारौं छोरीलाई शिक्षाको ज्योति प्रदान गरिरहेको छ।

त्यसो त त्यसको एक वर्ष अगाडि अर्थात् २००३ सालमा सहाना, केही साथीहरू र गुरुहरूको समेत सक्रियतामा काठमाडौं क्षेत्रपाटीमा अर्को एउटा कन्या स्कुल खोलेर सञ्चालन गरिएको थियो। त्यतिबेला उहाँहरूले घरघरमा गएर अभिभावकलाई भेटेर साना छोरीहरूलाई पढ्न पठाउन अनुरोध गर्नुहुन्थ्यो तर अभिभावकहरू हत्तपत्त मान्न तयार हुँदैनथे । पढ्यो भने छोरी बिग्रन्छन् भन्ने मान्यताले ग्रसित त्यस समाजमा विद्यालय खोलेर विद्यार्थी भेटाउन उहाँहरूलाई मुश्किल थियो तर बिस्तारै केही अभिभावकले आफ्ना छोरीहरू पढ्न पठाउन थालेपछि अरू पनि थपिँदै गए र स्कुल सञ्चालन हुन सक्यो । अहिले पनि त्यस स्कुलमा सयौं छात्राले पढिरहेका छन् । महिलाहरूले शिक्षा पाउनुपर्छ र यो नै उनीहरूको जीवनलाई उजिल्याउने ज्योति हो भन्नेमा उहाँको ठूलो विश्वास थियो । उहाँले कन्या स्कुल खोल्न खोलाउन पहल गरेर होस् वा आफै अध्यापन पेसामा संलग्न हुँदा छात्राहरूलाई विशेष ध्यान र प्रेरणा दिएर होस्, महिला शिक्षालाई सधैं जोड दिइरहनुभयो ।

शिक्षासँगै महिलाका लागि राजनीतिक सहभागिता अर्को महत्वपूर्ण पक्ष हो भन्ने उहाँको सोच थियो । २००४ साल साउन २२ गते मंगलादेवी सिंहको अध्यक्षतामा नेपालको पहिलो राजनीतिक महिला सगठन "नेपाल महिला संघ" गठन भयो। पच्चीसजना रहेको त्यस संघमा सहाना पनि एक संस्थापक सदस्य हुनुहुन्थ्यो । राणाशासन फालिएको लगत्तै २००८ सालमा नगरपालिकाको निर्वाचन गर्ने तर त्यसमा महिलाहरूलाई मतदानको अधिकार नदिने कुरा गरियो। यसको विरोधमा र महिलाको चुन्ने चुनिने अधिकारको पक्षमा सहाना लगायतका महिला तत्कालीन प्रधानमन्त्री मोहनशमशेरको दरबारमा जुलुस लिएर गए । । धेरै छलफल र बहसपछि महिलाहरूले मताधिकार पाउन सम्भव भयो। त्यति मात्र हैन, नेपालको इतिहासमा पहिलोपटक उहाँकै दिदी साधना प्रधान २००८ सालमा काठमाडौंमा सम्पन्न नगरपालिकाको निर्वाचनमा सदस्य निर्वाचित हुनुभयो। दिदीको विजयमा सहानाको ठूलो योगदान थियो।

सुरुमा मंगलादेवी, सहानाहरू मिलेर एउटै महिला संगठन खोलेका भए तापनि पछि उहाँहरूको पार्टीगत संलग्नता फरकफरक पार्टीसँग हुन पुग्यो । यसको तात्पर्य उहाँहरू फरकफरक राजनीतिक सिद्धान्तका अनुयायी हुनुभएकोले हरेक घटनालाई हेर्ने दृष्टिकोण पनि फरक पर्न थाल्यो । अनि तत्कालीन नेपाली कांग्रेस सम्बद्ध महिलाहरू मंगलादेवीको नेतृत्वमा नेपाल महिला संघमार्फत नै क्रियाशील रहनुभयो भने २००६ सालमा स्थापित नेपाल कम्युनिस्ट पार्टीप्रति आस्था राख्ने महिलाहरूले २००८ सालमा नेपाल महिला संगठन स्थापना गरे । त्यस संगठनको संस्थापक अध्यक्ष कामाक्षादेवी हुनुभयो भने सहाना संस्थापक महासचिव । त्यतिबेला अन्य महिला संघ संगठनले जस्तै उहाँहरूको संगठनले पनि मूलतः बालविवाह र अनमेल विवाह रोक्ने तथा महिलाले शिक्षा पाउनुपर्ने जस्ता विषय उठाएर महिलालाई संगठित गर्ने काम गर्‍यो ।

दुई हजार सत्र सालमा बहुदलीय व्यवस्थाको विघटनपछि विभिन्न पार्टीनिकट महिला संघहरू पनि भूमिगत हुनुपर्ने अवस्था आयो। त्यतिखेरसम्म सहाना आफै पनि राजनीतिबाट टाढिइसकेको अवस्था थियो। पञ्चायतकालभरि उहाँ सक्रिय भूमिगत

## अब सम्झनाको तरेलीमा मात्र



**सुजीता शाक्य**
एमाले नेता तथा महिला अधिकारकर्मी

हामी सबैकी सहाना दिदी अब हाम्रा माझ रहनुभएन । राष्ट्रिय सम्मानका साथ पशुपति आर्यघाटमा उहाँको भौतिक देह आज (असोज ७ गते) देखि यो संसारबाट बिलाएको छ, फेरि कहिल्यै नफर्किने गरी तर उहाँ आफ्नो सुकर्मबाट हामी सबैको मनमा सधैं अजर र अमर भएर बाँचिरहनु हुनेछ। छयालीस सालको राजनीतिक परिवर्तनपछि म विद्यार्थी राजनीतिसँगै नेकपा माले पार्टी र अनेमसंघको गतिविधिमा जोडिन पुगें। त्यसपछि सहाना कमरेडसँग प्रत्यक्ष रूपमा सहकार्य गर्ने अवसर पनि जुर्‍यो । एकीकरणपछि उहाँ एकीकृत अनेमसंघको अध्यक्ष समेत हुनुभयो। पछि बियोन्ड बेइजिङ कमिटीको कार्यकारी समितिमा रहेर काम गर्दा र त्यसपछिका अनगिन्ती क्षणमा उहाँको सामिप्यताबाट मैले धेरै कुरा सिक्ने अवसर पाएकी छु। उहाँको साहस, धैयर्ताबाट हामीले हरेक समयमा ऊर्जा प्राप्त गर्ने अवसर पायौं ।

२०५० साल जेठमा अनेमसंघ चितवनको आयोजनामा भएको राष्ट्रिय भेलाको दोस्रो दिन कार्यक्रमका प्रमुख अतिथिका रूपमा आमन्त्रित गरिनुभएका जननेता मदन भण्डारीको जीप नारायणी नदीको प्रवाहमा हेलिएको अत्यन्त दुःखद खबर सुन्नुपरेको थियो। त्यस्तो अवस्थामा पनि कमरेड सहाना प्रधानले हामीलाई विचलित हुन दिनुभएन । जस्तोसुकै कठिन परिस्थितिमा महिलाहरूलाई आडभरोसा दिने नेपाली प्रजातान्त्रिक आन्दोलनको धरोहर र नेपाली महिलाहरूको गौरव रत्न कमरेड सहाना प्रधानलाई हामीले गुमाएका छौं। दिदी सहाना प्रधान नेपाली महिला आन्दोलनको जिउँदो इतिहास हुनुहुन्थ्यो। उहाँका अतुलनीय र अनुकरणीय जीवनबाट नयाँ पुस्ताका नेपाली दिदीबहिनीहरूले सिक्नुपर्ने धेरै कुरा छन्। उहाँको अद्वितीय योगदानलाई कहिल्यै नभुल्ने प्रण गर्दै शोकलाई शक्तिमा बदल्ने संकल्प गरौं । उहाँको पदचापलाई पछ्याउँदै समतामूलक र समुन्नत नेपाल निर्माणको दिशामा अघि बढ्ने अठोट गरौं ।

*(सामाजिक सञ्जालबाट)*

# समय चक्रमा सहाना









राजनीतिमा नरहेको हुनाले प्रत्यक्ष रूपमा महिला अधिकारका लागि पनि काम गर्ने वातावरण रहेन। २०४६ पछि नेकपा मार्क्सवादी र तत्कालीन नेकपा मालेको एकीकरण भई नेकपा एमाले बनेपछि उहाँलाई महिला क्षेत्रको जिम्मेवारी दिने पार्टीले निर्णय गर्‍यो। उहाँ २०४८ सालमा सम्पन्न अखिल नेपाल महिला संघको दोस्रो राष्ट्रिय सम्मेलनबाट अध्यक्ष निर्वाचित हुनुभयो। दुई फरक पार्टी र स्कुलिङ्बाट आएका तथा पुस्तान्तर भएका महिलाहरूलाई समेटेर काम गर्दा उहाँलाई त्यहाँभित्र धेरै असहजता भए पनि पार्टीले दिएको जिम्मेवारी निभाउन आफू प्रतिबद्ध रहेको उहाँले बेलाबेलामा बताउनुहुन्थ्यो। उहाँ सोही संघमार्फत महिलाहरूलाई संगठित तथा प्रशिक्षित गर्ने अभियानमा लाग्नुभयो। यो उहाँको पार्टीभित्रको भूमिका थियो भने अन्य महिला संस्थाहरूलाई समेटेर साझा महिला आन्दोलनलाई अघि बढाउने मामिलामा पनि उहाँ उदार र गम्भीर बन्नुभयो। भर्खर खुला वातावरणमा आएका वा पुनर्गठन भएका राजनीतिक महिला संघसंस्थाको नेतृत्व अरू राजनीतिक विचार राख्ने वा सामाजिक क्षेत्रमा पनि लाग्ने महिलाहरूलाई समेटेर अघि जाने कुरामा हम्मेसी त्यति उदार मन हुँदैनथ्यो तर यस मामिलामा सहाना वास्तवमै खुला धारणा राख्नुहुन्थ्यो। प्राध्यापन क्षेत्रमा लामो समय बिताएको, देश-दुनियाका सम्बन्धमा जानकारी भएको र विश्व महिला आन्दोलनलाई पनि बुझेको आधारमा नै उहाँमा यस्तो समझको विकास भएको थियो तर अन्य धेरै नेता महिलाहरू आफ्नै पार्टीको सीमित दायराभित्र मात्र काम गरेर खुला राजनीतिमा आएको हुनाले उनीहरूमा अरूलाई पत्याइहाल्ने वा स्विकार्ने राजनीतिक संस्कारको कमी थियो।

सोही क्रममा २०४६ सालको जनआन्दोलन सफल भइसकेपछि बिस्तारै फेरि महिला अधिकारका मुद्दाहरू उठाइन थाले। २०४८-४९ सालतिर राजधानी काठमाडौं र अन्य भागमा बालिका तथा महिलामाथि बलात्कारका लगातार घटनाहरू भए। यसबाट आक्रोशित र सम्वेदनशील भई महिलाको सुरक्षा सबैको साझा सवाल हो भन्दै राजनीतिक महिला संघ-संगठन र सामाजिक क्षेत्रमा कार्यरत महिला संस्थाका प्रतिनिधिहरू भेला भै 'महिला

सुरक्षा दबाब समूह' गठन गरे । सहाना प्रधान यसको संयोजक चुनिनुभयो । त्यतिबेला उहाँको नेतृत्वको महिला सुरक्षा दबाब समूहले महिलाको सुरक्षा लगायत अधिकारका अन्य सवालहरूमा राज्य र सरोकारवालाहरूको ध्यानाकर्षण गराउन ठूलो भूमिका निर्वाह गरेको थियो । साथै, पछि विभिन्न राजनीतिक दलसम्बद्ध महिलाहरूको साझा मञ्चका रूपमा खोलिएको अन्तरपार्टी महिला सञ्जालमा पनि पहिलो अध्यक्षका रूपमा सहानालाई नै चुनियो । विभिन्न राजनीतिक विचारधारा राख्ने र सामाजिक क्षेत्रमा क्रियाशील महिला अधिकारकर्मीहरूले उहाँको नेतृत्वलाई सहर्ष स्विकार्नुका पछाडि पक्कै पनि उहाँको व्यक्तित्व, निष्ठा र राजनीतिक खुलापन मुख्य कारण थिए । यी विभिन्न प्रयासहरूले विभिन्न धारमा अगाडि बढिरहेको महिला आन्दोलनलाई महिलाका खास खास सवालमा साझा रूपमा अगाडि बढ्न पनि प्रेरित गरिरहेको थियो । यसरी विभिन्न पदीय दायित्व र भूमिका मार्फत महिला अधिकारका आवाजहरूलाई बुलन्द बनाउनमा उहाँको योगदान छ ।

### पार्टी नेतृत्व र राज्य-सत्तामा योगदान

सहाना जतिबेला जानीनजानी राणाशासनका विरुद्ध र नागरिक अधिकारको पक्षमा लाग्न सुरु गर्नुभएको थियो, छोरीले पढ्ने र नागरिकले आफ्नो अधिकार उपभोग गर्ने वातावरण हुनुपर्दछ भन्ने मात्र उहाँको एउटै ध्येय थियो । त्यसबेला नजानीनजानी सुरु भएको राजनीतिक सक्रियताले समयक्रममा उहाँलाई विभिन्न कम्युनिस्ट पार्टीको नेतृत्व र राज्यसत्तामा रहेर योगदान गर्ने अवसरहरू प्राप्त हुन थाले ।

२००७ सालमा कम्युनिस्ट पार्टीको सदस्य बनेकी उहाँले विभिन्न समयावधिमा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) पुष्पलाल समूहको पोलिटब्युरो सदस्य, नेकपा मार्क्सवादीको केन्द्रीय सचिव, नेकपा एमालेको केन्द्रीय सदस्य तथा स्थायी समिति सदस्य, नेकपा मालेको केन्द्रीय अध्यक्ष आदि पदमा रहेर काम गर्नुभयो । आफ्नो पार्टीले दिएका हरेक जिम्मेवारी र मोर्चाहरूमा शालीनतापूर्वक क्रियाशील रहनु उहाँको विशेषता थियो । लामो समय उहाँको संगतमा रहेर काम गर्नेहरू उहाँमा वास्तवमा एउटा कम्युनिस्टमा हुनुपर्ने समान भाव, उदारता र खुलापन थियो भन्दछन् ।

छयालीस सालको जनआन्दोलन पश्चात् २०४७ सालमा बनेको अन्तरिम मन्त्रिमण्डलमा उहाँ एकजना मात्र महिला मन्त्री हुनुहुन्थ्यो । उहाँलाई वरीयताक्रममा दोस्रो स्थानमा रहने गरी उद्योग तथा वाणिज्य मन्त्रीको जिम्मेवारी दिइएको थियो । त्यसैगरी २०५३ सालमा गठित सरकारमा उहाँलाई महिला तथा समाज कल्याण मन्त्रालयको जिम्मेवारी दिइयो । महिला मन्त्रीको हैसियतमा उहाँले सन् १९९५ मा भएको चौंथो विश्व महिला सम्मेलनमा सरकारी टोलीको नेतृत्व गर्दै सहभागी हुनुभयो तर नयाँ मन्त्रालय, यथेष्ट संरचनाको अभाव र थोरै बजेटका कारण आफूले चाहेजस्तो काम गर्न नसकेको अनुभव उहाँले पछिसम्म पनि सुनाइ रहनुहुन्थ्यो । त्यसैगरी ०६२–०६३ सालको दोस्रो जनआन्दोलनको बलमा गिरीजाप्रसाद कोइरालाको प्रधानमन्त्रीत्वमा बनेको मन्त्रिमण्डलमा उहाँले दोस्रो वरीयतामा उपप्रधान तथा परराष्ट्र मन्त्रीको भूमिका पाउनुभयो । झण्डै असी वर्षको उमेरमा दिइएको यस जिम्मेवारीलाई पनि उहाँले अत्यन्त कुशलतापूर्वक निर्वाह गर्नुभयो । उहाँकै कार्यकालमा विदेशी कूटनीतिक नियोगका अधिकारीहरूलाई देशका नेता तथा उच्च ओहोदाका अधिकारीहरूले सोझै भेट्न नपाउने र परराष्ट्र मन्त्रालयको अनुमति लिनुपर्ने आचारसंहिता बनाइयो । आफ्नो विवेकले सही देखेको काम मात्र गर्ने सहानाको स्वभाव राजनीतिमा पनि जीवनपर्यन्त रहिरह्यो । नेपालका राजनीतिक पार्टीहरूले धेरै महिलालाई आन्दोलन, लडाईंका मोर्चा र चुनावमा मात्र प्रयोग गर्छन् भन्ने आम गुनासोकै बीचमा सहानाले पटकपटक राज्यसत्तामा सामेल भएर आफ्नो शासकीय क्षमताको प्रयोग गर्ने अवसर पनि पाउनुभयो ।

### जीवनको उत्तरार्ध

बाल्यकालदेखि जीवनका आठ दशक भोगिसक्दासम्म सहानाले निकै धेरै कठिनाइ, संघर्ष, चुनौती, उपलब्धि र सफलता सबैको अनुभव गर्नुभयो तर जब दोस्रो जनआन्दोलनपछि उहाँ क्रमशः अशक्त र अस्वस्थ हुन थाल्नुभयो, उहाँको सक्रिय राजनीतिका दिनहरू पनि मुर्झाउँदै गए । पछिल्लो समयमा उहाँ बोल्न सक्नुहुन्नथ्यो, हात चल्दैनथ्यो, खुट्टाले टेकिदैंनथ्यो र ओछ्यानमा सुतिरहनुपर्थ्यो । सुताउने, उठाउने, खुवाउने सबै क्रियाकलापका लागि अरूको सहारा चाहिन्थ्यो । तैपनि उहाँलाई भेट्दा लाग्थ्यो, उहाँको हृदयभित्र कतै कुनामा रहेको जोशका झिल्काहरूले भेट्न जानेलाई उत्प्रेरित गरिरहेका छन् ।

मैले चिनेसम्म उहाँ आफ्नो स्वास्थ्यप्रति अत्यन्त सजग र सचेत हुनुहुन्थ्यो । जेलमा बस्दा पनि नियमित व्यायाम गर्नुहुन्थ्यो र हामीलाई पनि व्यायाम गनुपर्छ भनेर सम्झाउनुहुन्थ्यो । जहिल्यै सफा र चिटिक्क भएर हिँड्नुहुने उहाँ खानपान र सरसफाईमा पनि चनाखो हुनुहुन्थ्यो । उहाँ हेर्दा पनि आकर्षक एवं शालीन व्यक्तित्वकी धनी हुनुहुन्थ्यो तर यति सचेत हुँदाहुँदै पनि जीवनको उत्तरार्धमा उहाँलाई बुढ्यौलीजन्य विभिन्न रोगहरूले आक्रमण गरे र दुःख दिए ।

त्यसो त, जीवनको उत्तरार्धमा उहाँले आफू सम्बद्ध पार्टी तथा राज्यबाट यथोचित् रेखदेख र सम्मान पाउनुभएन भन्ने गुनासाहरू पनि सार्वजनिक भए । अहिले शक्तिको भक्ति भन्ने सिद्धान्त हरेकजसो राजनीतिक दलभित्र व्याप्त छ । सक्रिय हुन र जिम्मेवारी लिन सकुञ्जेल अन्य सहकर्मी नेता तथा कार्यकर्ताको पनि हाइहाइ भइने तर अशक्त भएको बेलामा कसैले फर्केर नहेर्ने प्रवृत्तिले राजनीतिलाई कमजोर वा दूषित बनाउन भूमिका खेल्छ । यस्तो प्रवृत्तिले इमान्दार मानिसहरू राजनीतिमा आउन निरुत्साहित हुन्छन् । आएकाहरू पनि राजनीतिक पद वा सत्तामा पुगेको बेला पदको अनुचित लाभ लिएर भविष्य सुरक्षित गर्न चाहन्छन् । 'मैले सकुञ्जेल म देश र जनताको सेवा गर्छु, मैले नसक्दा मेरो दल, मेरा सहकर्मी र राज्यले मलाई हेर्छ' भन्ने विश्वास इमान्दार नेता कार्यकर्तामा हराउँदै जान थालेको छ । आज राजनीतिको प्रकृति सेवाबाट बदलिएर विशुद्ध पेसा हुन थालेको छ जुन पेसामा सफल हुन साम, दाम, दण्ड, भेदका क्षमताहरू आफूसँग हुनुपर्छ । दुर्भाग्य, धेरै महिलासँग यस्तो क्षमता हुँदैन जसले गर्दा उनीहरूलाई राजनीतिमा टिकिरहन गाह्रो छ ।

सहाना प्रधान राजनीतिमा लाग्न चाहने र लागिरहेका महिलाका लागि प्रेरणास्रोत पनि हुनुहुन्छ । उहाँको जीवनको पूर्वार्धसहितको लामो समय प्रेरणा हो भने उत्तरार्ध चुनौतीको संकेत । समग्रमा, सहाना प्रधान नेपाली राजनीति र महिला आन्दोलनको एउटा मानक व्यक्तित्व हुनुहुन्छ । आज नेपाली महिलाले पाएका अधिकार र उपलब्धिको जग खन्ने काम सहाना र उहाँका समकालीनहरूबाटै भएको थियो भन्ने तथ्यलाई सधै स्मरण गर्नु र कृतज्ञ हुनु इतिहासको सही सम्मान हुनेछ । सहाना जत्तिकै सर्वसम्मत र उँचाइको अर्को महिला नेता नेपाली राजनीति र महिला आन्दोलनले निकट भविष्यमा पाउने सम्भावना देखिँदैन, यद्यपि अहिले धेरै महिलाले आफूलाई राष्ट्रिय नेताका रूपमा स्थापित गर्दै लगिरहेका छन् । नेपाली महिला आन्दोलनका अग्रणी योद्धा सहाना प्रधानप्रति यति नै शब्द श्रद्धाञ्जली । ❏❏

# विकास कार्यक्रममा महिला






मोना शेर्पा

"किन तपाईं महिलाको मात्र कुरा गर्नुहुन्छ ? हामी जेन्डरको बारेमा कुरा गरिरहेका छौ महिलाको मात्र होइन । हामीले पुरुषहरूको पनि ख्याल गर्नुपर्छ । उनीहरू पनि त समाजमा पीडित छन् ", एकजना जिम्मेवार पुरुष एउटा समारोहमा बोल्दै थिए । मलाई लाग्छ, उनी ठीक भन्दै थिए । यो भनेको सबैतिर राखिने धारणा र सोधिने प्रश्न हो, अझ बढीजसो त महिला अधिकारको आन्दोलनका बारेमा सशंकित भएका र यसलाई पुरुषहरूको क्षेत्रमा हस्तक्षेप गर्न आएको भन्ठान्ने पुरुषहरूले यस्तो विचार राख्ने र सोध्ने गर्छन् । त्यसो त यो अवस्था पनि 'जेन्डर'कै कारणले बनेको हो ।

जेन्डर भनेको महिला र पुरुषलाई लिङ्गका आधारमा समाजले दिएको सामाजिक परिभाषा हो तर यसलाई अनावश्यक तवरले क्लिष्ट बनाइएको छ । वास्तवमा यो त महिला र पुरुषको शक्ति विश्लेषण गर्दा प्रयोग गरिने कुरा मात्र हो । हुँदाहुँदा अचेल त जेन्डर भनेको महिला, पुरुष, बालबच्चा वा यस्तै अन्य केही भनेझैं एक व्यक्तित्व सरह भइसक्यो, मानौं जेन्डर भनेको त्यस्तो कोही 'व्यक्ति' हो जसलाई हामी भेट्छौं र सँगै बसेर कफी खान्छौं । यो अवस्था र बुझाई विकासे कार्यक्षेत्रमा अझ बढी प्रयोग हुन्छ । कागज र संस्थागत नीतिमा जेन्डर भनेको महिला समानता, न्याय, अधिकार र स्वतन्त्रताका लागि हो भनेर लेखिएकै भए पनि बुझाइ र काम गराइ भने विलकुलै भिन्न किसिमको भेटिने गरेको छ र यसलाई अलग-अलग ढंगबाट अर्थ्याइएको एवं ग्रहण गरिएको भेटिन्छ । विकासका कामहरुले लैंगिक समानतालाई अगाडि बढाइ रहँदा महिला अधिकार कतिको स्थापित गरेका छन्, महिलालाई स्वतन्त्र अस्तित्व र दर्जा दिनसकेका छन् या छैनन्, महिला पनि अधिकारका हकदार हुन् भन्ने बुझाई काम गराईमा लिइएको छ वा छैन अथवा महिलालाई केवल पुरुष र लैंगिक सम्वन्धसंग मात्र बाँधेर राखिएको छ भन्ने अध्ययन, सोचविचार र छलफल त्यति भैसकेको र भैरहेको भने छैन ।

धेरै अध्ययनहरूले देखाएका छन्- हाम्रो समाजमा महिलाविरुद्ध भेदभाव व्याप्त छ र उनीहरु सीमान्तीकृत छन् । महिलाहरूको अवस्था दरिद्र हुनुमा संरचनागत कारणहरू जिम्मेवार रहेको यी अध्ययनहरूले बताउँदै आएका छन् भने यिनै संरचनागत कारणहरूले गर्दा नै समाजमा महिला र पुरुषबीच शक्ति एवं स्रोतको बाँडफाँड पनि समान हुन सकेको छैन । स्रोतले शक्ति दिन्छ तर महिलाहरू घरमा, समाजमा तथा राज्यका विभिन्न ऐन-कानुन र नीतिहरूद्वारा समेत पुरुषको मातहत रहनुपर्ने दोस्रो दर्जाको नागरिकका रूपमा लिइने गरिन्छन् । यस किसिमको मान्यता हामीमा रहेका धार्मिक विश्वास, आर्थिक विशेषाधिकार र पितृसत्तात्मक सोचाइबाट निर्देशित/परिचालित हुने सामाजिक-साँस्कृतिक मूल्य-मान्यता एवं आस्थाहरूबाट निःसृत हुने गर्दछन् । स्रोत र शक्तिको असमान वितरणले महिलालाई गरिबीतर्फ धकेल्छ र यसकै परिणाम भेदभाव तथा सीमान्तीकरणका रूपमा देखा पर्ने गर्दछ ।

विकासका कार्यक्रमहरू भनेको मानिसहरूको सम्पूर्ण विकासका लागि हो । यो अवस्था तब मात्र सम्भव छ जब उनीहरू स्वतन्त्र हुन्छन् र आफ्ना रोजाइलाई व्यापक बनाउन सक्छन् जसले गर्दा उनीहरूले आफ्नो महत्ता र क्षमता अभिवृद्धि गर्न सकून् अनि आफ्नो जीवनलाई गरिमामय बनाउनका लागि आफैलाई अथवा वरिपरिको परिवेशलाई सशक्तीकरण गर्ने क्षमता विकास गर्न सकून् । छोटकरीमा भन्दा, विकास भनेको आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरुको सुनिश्चितता हो भने विकास भन्नु नै मानव अधिकार प्राप्तिको अवस्था पनि हो । अधिकार भनेको विश्वव्यापी एवं अविभाज्य हुन्छ र अधिकार प्राप्तिका लागि राज्य आफैमा प्रमुख उत्तरदायी तत्वका रूपमा रहेको हुन्छ भने राष्ट्रसेवक तथा कतिपय गैरसरकारी निकाय पनि जिम्मेवार हुन्छन् र मानिसले वैधानिक तवरबाटै आफ्ना अधिकारबारे दाबी प्रंस्तुत गर्न सक्छन् । विकास कार्यक्रमहरूमा जनसहभागिता भन्नाले आफ्नो विकासको सपना आफै देख्ने, त्यसको रूपरेखा तयार पार्नेदेखि कार्यान्वियनसम्ममा उनीहरूको संलग्नता भन्ने जनाउँदछ र यो जनताको अधिकार पनि हो । विकासमा जनताको सहभागिताले राज्यलाई जवाफदेही हुन र भइरहन मद्दत गर्नुका साथै सचेत गराउन पनि मद्दत गर्छ । जनताको सहभागिता सुनिश्चित गर्नका लागि उनिहरु सर्वप्रथम सशक्त हुनु जरुरी हुन्छ, यद्यपि यस्ता सशक्तीकरणका कार्यक्रमहरूमा जनतालाई केवल लाभ प्राप्त गर्नेहरू अथवा प्रापकका रूपमा मात्र नलिई अधिकार सम्पन्न जनता जो असमान शक्ति सम्वन्धयुक्त समाजमा रहेका छन् भन्ने बुझाई लिन जरुरी हुन्छ। त्यसैले, यस्ता कुनै पनि कार्यक्रम समावेशी हुनु पर्दछ भन्ने सुनिश्चितता जरुरी छ जसले समतामुलक समाज स्थापना गर्नका लागि न्यायोचित पनि बनाउँछ ।

विकास कार्यक्रमका प्रवृत्तिहरूलाई महिला अधिकारको दाँजोमा राखेर हेर्दा हामी के देख्दछौं भने सन् १९७० भन्दा अगाडिका विकास कार्यक्रमहरू गरिबका लागि भनी उनिहरुका बीचमा केन्द्रित रहेका थिए जसमा महिलालाई प्राथमिकता दिइएको थिएन र यस्ता कार्यक्रमलाई महिला अधिकार र लैङ्गिक समानताका कोणहरुबाट हेरिएको थिएन । सन् १९८० को अन्त्य र १९९० को सुरुआत भनेको त्यो समय हो जुन बेला महिला अधिकारको विश्वव्यापी अभियान विस्तार भएको थियो र संयुक्त राष्ट्र संघ एवं विकास कार्यहरू पनि यसबाट प्रभावित भएका थिए। यसले तत्कालीन कार्यक्रमहरूमाथि प्रश्न उठाएको थियो। गरिबीका संरचनागत कारणहरू जस्तै विभेदीकरण र सीमान्तीकरणजस्ता विशेष बुँदाहरूमा केन्द्रित नभई एकै खालका माध्यमबाट गरिबीलाई सम्बोधन गर्न सकिँदैन भन्ने तर्क पनि उठायो । यसबीच जेन्डरका विषयमा थुप्रै विश्लेषण गरिए जसले यसबाट महिलाहरु प्रभावित छन् भनेर प्रस्टयायो र पुरुषसंगको सम्वन्धलाई देखाउन पनि जोड दियो । कताकता यसले पनि अबको विकासको उद्देश्य भनेको लैङ्गिक समानता हो र तत्काल सम्बोधन गरिनुपर्ने समस्या भनेको शक्तिको असमान सम्बन्ध हो भन्ने मुख्य बुझाईलाई स्पष्टरुपमा देखाउन सकेन र क्रमशः

**विकास संस्था र कार्यक्रमहरुले ग्रहण गरेको लैङ्गिक मूलप्रवाहीकरणले मानिसको 'सोचाइ'मा आमूल परिवर्तन ल्याउनुपर्छ र महिलासंगको कार्यलाई केवल सहयोगको रूपमा मात्र नलिइ यस अवधारणालाई महिलाको सामाजिक राजनीतिका रुपमा हेर्ने अवधारणाको रुपमा स्थापित गर्न आवश्यकता छ जसले महिलालाई फेरि पनि केवल गरिब महिला भनेर मात्र बुझ्ने भन्दा 'महिलाका अधिकार'का रूपमा लिइनुपर्छ ।**

जेन्डर मुलप्रवाहिकरण मूलधारमा आउनुका साथै त्यसले आफनो गति गति लिन थाल्यो । विकासका विभिन्न तरिकाहरूको समीक्षा पश्चात् सन् २००० पछि क्षेत्रगत कार्यक्रमको धारणा अगाडि आयो र त्यसका साथसाथै लैङ्गिक सशक्तीकरणले पनि मान्यता पाउन थाल्यो तर यहाँ पनि असमान शक्ति सम्बन्धलाई चाहिए जति वास्ता गरिएन र महिलालाई केवल अबलाका रूपमा मात्र हेरियो । '८० र '९० को दशकमा महिला आन्दोलनले कडा परिश्रमका साथ स्थापित गरेको समानताको अवधारणा फेरि धुमलिन पुग्यो र समुदायमा आधारित विकास कार्यक्रमहरुले फेरि पनि सबैसित मिलेर काम गर्न र सबैका बारेमा कुरा गर्नलाई जोड दिइरहँदा "यो त जेन्डरको कार्यक्रम हो यसमा किन महिलामा मात्र केन्द्रित हुनें भन्ने जस्ता प्रश्नहरुले स्थान पाउँन थाल्यो र जेन्डरका बारेमा मात्र सोच्दा हुन सक्ने जोखिमतालाई ध्यान दिइएन । विकास कार्यक्रमहरूले कहिलेकाहिँ महिलाहरूमा ध्यान दिएका छन् भने बेलाबखत जेन्डर र सम्बन्धित कुराका आधारमा महिलालाई बिर्सेका पनि छन्। लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक सशक्तीकरण भन्ने कुरा विकास कार्यक्रमहरूका थेगोजस्तै भएका छन् र महिला त्यस भूमरीमा च्यापिएका छन् किनभने देशको सम्पूर्ण विकासका लागि अत्यावश्यक महिला अधिकारबारे ध्यान नदिइकन विकासका अवधारणा र कार्यक्रमहरुले लैङ्गिक मूलप्रवाहीकरण र लैङ्गिक सशक्तीकरणलाई नै अन्तिम लक्ष्यका रूपमा लिए । त्यस्ता विकास कार्यक्रमहरूमा महिलालाई गरिब महिलाका रूपमा मात्र हेरियो र उनीहरूको सशक्तीकरणका लागि मूलप्रवाहमा ल्याउन टेवा दिइयो तर यसो गर्दा महिलाहरूको पहिचान, एजेन्सी र अस्तित्वलाई पूर्ण रूपमा बिर्सियो । यस्तो तब हुन्छ जब गरिबीलाई भौतिक अभावका रूपमा मात्र लिइन्छ र गरिब गरिब हुनुका पछाडि रहेका विभिन्न प्रश्नहरुलाई नकेलाईकन केवल भौतिक आवश्यकताहरूको पूर्तिमा जोड दिइन्छ । यस्ता विकासका बुझाइले घेरै महत्वपूर्ण प्रश्नहरुलाई अनुत्तरित छोडेको हुन्छ जस्तै भौतिक अभावलाई मात्र पुर्ति गर्दा समाजमा भएको असमानता र अन्याय कसरी हट्छ ? समाजमा किन केहि समुदायहरु मात्र बढि गरिबीको चपेटामा छन् ? गरिबी केका कारणले गर्दा निरन्तर छ ? यसमा मानव अधिकार कहाँ अटाउँछ ? गरिबी अन्त गर्न लिएको राज्यको जवाफदेहितालाई कसले पुरा गर्छ र कसले यसमा प्रश्न उठाउँछ ? र राज्यकै भूमिका यहाँ कसरी निश्चित हुन्छ ?

यो भनेको अहिलेका लागि एउटा लामो यात्रा सरह भएको छ र गरिबी निवारण आज सबैको उत्तरदायित्व बनेको छ । विशेषगरी विकास संस्थाहरूले यो भार बोक्दै जेन्डरलाई मूलप्रवाहमा ल्याउन खोज्दै छन् जसले उतिकै समस्या पनि सृजना गरेको छ । यस्तो अलमलको अवस्थामा स्पष्टता ल्याउन र महिलाहरूको मानव अधिकारलाई स्थापित गर्न लैङ्गिक मूलप्रवाहीकारणको अवधारणालाई प्रश्न गर्न जरुरी भएको छ र त्यस्ता कुन 'शक्ति' र 'तत्वहरू' हुन् जसले महिलालाई निजीदेखि सार्वजनिक स्तरसम्म 'गरिब' बनाइरहन्छ भनेर गहिरो विश्लेशनको आवश्यकतालाई औल्याउँछ। लैङ्गिक मूलप्रवाहीकरणलाई 'शक्ति' र 'अधिकार'का धारणा र आँखाबाट हेर्न र बुझाई बनाउन जरुरी छ। विकास संस्था र कार्यक्रमहरूले ग्रहण गरेको लैङ्गिक मूलप्रवाहीकरणले मानिसको 'सोचाइ'मा आमूल परिवर्तन ल्याउनुपर्छ र महिलासंगको कार्यलाई केवल सहयोगको रूपमा मात्र नलिइ यस अवधारणालाई महिलाको सामाजिक राजनीतिका रुपमा हेर्ने अवधारणाको रुपमा स्थापित गर्न आवश्यकता छ जसले महिलालाई फेरि पनि केवल गरिब महिला भनेर मात्र बुझ्ने भन्दा 'महिलाका अधिकार'का रूपमा लिइनुपर्छ।

महिला अधिकारका लागि आजसम्म गरिएका कामहरू टालटुले र बेढंगका छन्, त्यसकारण महिला आन्दोलनले कल्पना गरेकोजस्तो महिला स्वतन्त्रताको अवस्था अझ प्राप्त हुन सकेको छैन। शक्तिको असन्तुलनलाई चुनौती दिनु महिलाको विहंगम स्वतन्त्रताका लागि अनिवार्य भैसकेको छ किनभने यसलाई भइरहेको लैङ्गिक सशक्तिकरण र लैङ्गिक मूलप्रवाहीकरणका तरिकाहरूले छुन सकेको छैनन् । महिलाहरूले घरदेखि समुदाय, राज्यसम्म सबैतिर हरेक क्षण भोग्नुपरेको गरिबीलाई पुनःसम्बोधन र पुनःपरिभाषित गरिएको छैन। साथै के पनि स्पष्ट छ भने उसका अधिकार र उसका विकासका बारेमा गम्भीरतापूर्वक अझै पनि छलफल गरिँदैन । कार्यक्रमहरू ल्याइन्छन् र कार्यान्वयन पनि गरिन्छन् तर स्पष्टतः महिलाका लागि समानता भन्ने तथ्य आत्मसात् नगरी केवल यी कार्यक्रम मानौं आफैमा लैंगिकताका लागि समानता र लैंगिकताका लागि अधिकार स्थापित गर्न गरिएको जस्तो देखिन्छ यद्पी समानता महिलाका लागि हो लैंगिकताका लागि होइन भन्ने स्पष्ट छ ।

प्रायः विकासका कार्यक्रमहरूले महिलालाई शक्तिविहीन, जोखिममा पर्न सक्ने, गरिब र गर्भवतीका रुपमा मात्र हेर्ने र देख्ने गर्छन् तर आफ्नै अधिकार, पद, आवश्यकता र चाहना, योजना र उपायहरू भएका व्यक्तित्वका रूपमा भने हेर्दैनन् । केही महत्वपूर्ण सवालहरू, जस्तै– महिलाप्रतिको यस्तो सोच र हेर्ने नजरीया कहिले परिवर्तन हुन्छ ? अनि महिलाको नयाँ इमेज केले बनाउँछ ? सशक्तीकरणले महिलालाई के गर्छ वा हुन्छ  र उनीहरू के बन्छन् ? अधिकार पाएका महिलाहरूले के गर्छन् र उनिहरु कस्ता देखिन्छन् होला ? आदि केही यस्ता प्रश्न हुन् जुन उनीहरूका लागि तयार पारिएका विकास कार्यक्रमहरूलाई अघि सार्नुभन्दा पहिले विचार गरिनु पर्दछ ।

विकासका कार्यक्रमहरूले महिला सशक्तीकरणका बुझाइलाई पुनर्परिभाषित गर्नुपर्छ ताकि अलमलाउने कार्यक्रमहरूका माध्यमबाट उत्पन्न हुने जटिलतालाई बदल्दै अवधारणालाई स्पष्ट पार्न र निखार्न सकियोस्। महिलाहरूलाई परिवर्तनका संवाहकका रूपमा स्थापित गरिनुपर्छ, न कि जोखिममा पर्नसक्ने लाभग्राहीहरू जसलाई विकासका 'दयालु हातहरू' आवश्यक छन् र विकासका 'कृपालु आँखाहरू' ले हेरिनुपर्छ । महिलाहरू भनेका अधिकारवालाहरू हुन् र उनीहरू समाजको रूपान्तरणका लागि पनि उत्तिकै जरुरी छन् र एक महत्वपूर्ण यन्त्र हुन् । भौतिक संरचना, प्राविधिक वा अन्य जुनसुकै क्षेत्रमा भए गरिए पनि विकास कार्यक्रमहरूले महिलाको व्यवहारिक एवं भौतिक व्यक्तित्व र अस्तित्वलाई पनि स्वस्थ्य, शिक्षा, जलवायु परिवर्तन, एचआइभी र एड्स, जीविका, रोजगारी, राजनीति, पानी र स्वास्थ्य, शासन लगायत तमाम विषय जस्तै देख्नु, बुझ्नु र लिनुपर्दछ । विकास कार्यक्रमहरूले महिलाहरु मध्येबाट पनि समाजमा पहिला नै विभिन्न हिसावले सशक्त भएकालाई वा कुनै विजेतालाई छनोट गरेजस्तो संरचनाको माथिल्लो तहबाट टपक्क चुनेर मात्र काम गर्ने होइन बरु तहगत सामाजिक संरचनाको सबैभन्दा तल्लो तहमा रहेका महिलाहरूको सशक्तीकरणका सन्दर्भमा उल्लेख गर्दै अगाडि  बढ्नु जरुरी हुन्छ ।

महिलाहरूलाई मूलप्रवाहीकरणभन्दा धेरै चाहिएको छ । यो भनेको ज्वरो आउँदा सिटामोल दिएजस्तो वा महिलाको सम्पूर्ण विकासका लागि कुनै रामवाण औषधि बनाएजस्तो होइन । यसका लागि अधिकारको स्थापना, अन्तरअनुभागीय पद्दति र विश्लेषण पनि आवश्यक हुन्छ । लैंगिक शक्ति–सम्बन्धमा परिवर्तन गर्दै संरचनागत परिवर्तन गर्नलाई महिला आन्दोलन र अभियानमा यथेष्ट लगानी र व्यापक स्रोत र साधन उपलब्ध गराएको खण्डमा परिर्वतन संभव छ । क्षेत्रगत संलग्नता मात्र पनि पर्याप्त छैन । उपयुक्त, संवेदनशील र प्रभावकारी तरिकामा विकासका क्रियाकलापहरु अवलम्बन गरिए असन्तुलित शक्ति–सम्बन्ध बदल्न महिलामा केन्द्रित काममा केन्द्रिभूत भएको दोहोरो बाटो भएको उपायलाई समाधानका रूपमा लिन सकिन्छ । महिलाप्रति देखाइने भाव, संस्कृति, व्यवहार र सोचाइजस्ता संरचनागत कारणहरूलाई प्रहार गर्दै संरचनागत परिवर्तन ल्याउनका लागि सही ढंगको विश्लेषण गरिएको महिलावादी आधार हुन सके मात्र महिला मूलप्रवाहीकरणको उद्यम उत्पादनशील र अधिकार सम्मत हुन सक्दछ ।

विकास कार्यक्रमहरूले आफ्नो सोचाइ र धारणाहरुलाई व्यवहारमा बदल्ने समय भएको छ। अर्थात्, महिलाहरूको अवस्थाको ठोस वस्तुस्थिति पहिल्याई उनीहरूको अधिकार सुनिश्चित गर्ने गरी "…. विषेश गरि महिला र बालिकाहरूका लागि ....” भन्नेजस्ता बुझाइ र पद्दतिभन्दा माथि उठेर कार्यक्रमहरू सञ्चालन गर्ने कुरा प्रारम्भिक बिन्दु हुनुपर्दछ । विकास कार्यक्रमहरू पुराना ढर्राहरूबाट बाहिर निस्किनु जरुरी छ । यस्ता केही आधारभूत ढाँचाहरू बनाइनु पर्दछ जुन पहिले सिकेका कुरालाई एक पटक पुनः विचार गर्दै नयाँ ढंगबाट बुझ्न र पुनः सिकाईहरु बनाउँदै महिलाको उत्थानका लागि नयाँ कार्यक्रम तय गर्नका लागि उपयुक्त हुनसक्छन्। यद्यपि यो ढाँचा पनि महिला अधिकार स्थापना गर्ने दिशामा एउटै मात्र जादुई अस्त्र भने हुनु हुँदैन ।

हामी यहाँ महिला अधिकार भन्ने कुरा गर्दा युएनडिएचआरको धारा १ ले जनाए अनुशारको महिलाको स्वतन्त्रता, अधिकार, समानता र सम्मान भनेर बुझ्छौं । विकास भनेको यौनवादी पुराना सोच र विश्वास गर्ने परिपाटीलाई बदल्नु हो । यो भनेको मानिसलाई नयाँ जीवन दिनु र मानवजस्तो भएर बाँच्न दिनु हो। यसले रणनीतिक आवश्यकताहरूलाई सम्बोधन गर्दै महिलाहरूका व्यवहारिक आवश्यकतालाई पनि पूरा गर्नुपर्छ भने यससँगै भएका घेराबन्दी भत्काउनु पनि जरुरी हुन्छ  किनभने महिला विकास भनेको केवल विद्यालय भवन बनाउनुजस्तो, धारा पानी ल्याइदिनुजस्तो, बाख्रा पाल्नु वा गोलभेँडा खेती गर्नुजस्ता कुराहरूमा अल्झिनु मात्र होइन । यो भनेको केवल भौतिक निर्माण र फगत देखिने कुराहरूभन्दा पर जानुपर्छ । महिलाहरूलाई मानव सरह, एजेन्ट सरह, विषयवस्तु सरह र स्वयं महिलाहरू सरह नै व्यवहार गरिनुपर्छ । विकास कार्यक्रमहरूले महिलावादी दृष्टिकोण, तरिका र अनुभव बाहिर ल्याउनुपर्छ भने सम्बन्धित संस्थाहरूमा पनि उपयुक्त नीति ल्याइनु र दस्तावेजीकरण गर्दै अघि बढ्नुका साथसाथै महिला अभियानहरु जरुरी हुन्छ ।

महिलाको जीवन जटिल छ र जटिल पनि बनाइएको छ । महिला अधिकार भनेको केवल कानुन र नीतिहरूमा पाइने वा समेटिएका कुराहरु मात्र होइनन् । महिलाका सम्बन्धमा स्थापित पुरान छवि र त्यस्तै किसिमका बाटाहरूले अब परिवर्तन ल्याउँन सक्दैनन्। त्यसकारण अचेलको बित्दो समयमा महिलाको नयाँ छवि र नयाँ सन्देश चाहिएको छ यद्यपि यी कुराहरूलाई सबैतिर फैलाउने अनि स्पष्ट र प्रत्यक्ष कार्यमा बदल्ने कुरा अहिलेसम्म पनि ठूलै चुनौतीका रूपमा रहेको छ । ❑❑



# महिनावारी बन्द हुने अवस्था : रजोनिवृत्ति



डा. अरुणा उप्रेती

महिलाहरूको महिनावारी ४५-५० वर्षको उमेर पुगेपछि बन्द हुन्छ । जसरी किशोरी उमेरमा महिनावारी सुरु हुनु एक प्राकृतिक प्रक्रिया हो, त्यसरी नै ४५-५० वर्षको उमेर भएपछि महिनावारी बन्द हुनु पनि एउटा प्राकृतिक प्रक्रिया नै हो ।

**नेपाली** महिलाको औसत आयु ६८ वर्ष पुगेको एक तथ्यांकले देखाएको छ । महिनावारी हुन बन्द भएपछि अर्थात् रजोनिवृत्ति भएपछि पनि अहिले महिलाहरू लामो समय बाँच्छन् । महिला स्वास्थ्यका बारेमा कुरा गर्दा प्रजनन स्वास्थ्य, आमा बन्दाको समस्या, परिवार नियोजनका समस्या आदिबारे छलफल गरिन्छ तर जब आमा बन्ने उमेर अर्थात् प्रजनन गर्ने उमेर सिद्दिन्छ (प्रायः ५० वर्षको उमेरपछि), त्यसपछि उनको स्वास्थ्यका बारेमा केही छलफल हुँदैन । महिनावारी सुकेपछि धेरैजसो महिलालाई भने केही समस्या पर्दैन । कतिपय महिलालाई केही समस्या पर्न सक्छन्, रजनोवृत्ति (अर्थात्, महिनावारी सुकेपछि) कसरी स्वास्थ्यको ख्याल राख्ने र के के समस्या हुन सक्छ भनेर र कसरी स्वस्थ भएर कसरी जिउने भन्ने कुरा प्रत्येक महिलाले युवावस्थादेखि नै जानिरहनु पर्छ ।

छयालीस वर्षीया कवितालाई झर्को लाग्ने, सानो कुरामा पनि रिस उठ्ने, निद्रा नलाग्ने, कहिले तातो भएर आउने, फेरि चिसो भएर आउने, कहिले जाडो त कहिले गर्मी हुने समस्या भएपछि आफूलाई कुनै रोग लागेको हो कि भनेर उनी डाक्टरकहाँ गइन् । डाक्टरले उनको समस्या सुनेपछि महिनावारीको विषयमा सोधे ।

उनले आफ्नो महिनावारी कहिले डेढ महिना त कहिले दुई महिनामा हुने बताइन् । उनका कुरा सुनेपछि डाक्टरले रजोनिवृत्ति हुने बेलामा यस्ता केही साधारण समस्या देखिन सक्ने बताए । केही समयपछि महिनावारी बन्द हुन्छ तर यसले जीवनमा कुनै नकारात्मक प्रभाव नपार्ने डाक्टरले बुझाए । साथै उनलाई यस्ता साधारण समस्या रोक्न के गर्न सकिन्छ भनेर सल्लाह पनि दिए । डाक्टरले भनेअनुसार गरेपछि उनलाई हुने समस्या पूर्ण रूपमा नहराए पनि धेरै कम भयो । त्यसको दुई वर्षपछि त उनको महिनावारी पूर्ण रूपमा बन्द (रजोनिवृत्ति) भयो । उनका समस्याहरू पनि बिस्तारै एक दुई वर्षपछि हराएर गए ।

रजोनिवृत्ति कुनै रोग होइन । समस्या पनि होइन । यो त बरु उमेर बढ्दै जाँदा हुने साधारण प्राकृतिक प्रक्रिया मात्र हो तापनि रजोनिवृत्तिको बेलामा हुने वा हुन सक्ने समस्यालाई युवावस्थादेखि नै जानकारी राखेर त्यसैअनुरूप खानपान, व्यवहार र आराम गरियो भने धेरै समस्याहरू आफै कम भएर जान्छन् ।

नेपालमा रजोनिवृत्तिका बारेमा अनुसन्धान अध्यन भएका छैनन् भने यसका बारेमा महिलाहरूको खासै चासो पनि रहँदैन । यद्यपि, महिला जीवनको यो पाटोका विषयमा काम र अध्ययन हुनु जरुरी छ । महिलाहरूको महिनावारी ४५-५० वर्षको उमेर पुगेपछि बन्द हुन्छ । जसरी किशोरी उमेरमा महिनावारी सुरु हुनु एक प्राकृतिक प्रक्रिया हो, त्यसरी नै ४५-५० वर्षको उमेर भएपछि महिनावारी बन्द हुनु पनि एउटा प्राकृतिक प्रक्रिया नै हो ।

डा. कान्ति गिरीले १०० जना महिलामा आधारित भई गरेको एक अनुसन्धानमा के देखियो भने महिनावारीको सुरुआत हुँदा कतिपय किशोरीहरूलाई केही साधारण समस्या आइपरेझैं महिनावारी बन्द हुने बेलामा पनि कसैकसैलाई केही साधारण समस्या आउन सक्छन् । यस बेला शरीरमा रहेका हार्मोनहरू बिस्तारै कम हुँदै जान्छन् । अल्छी लाग्ने, राती निद्रा नलाग्ने, रिस उठ्ने, खान मन नलाग्ने पनि हुन्छ । कसै-कसैलाई महिनावारी बन्द हुने समयमा योनी चिलाउने पनि हुन सक्छ । साथै कुनै-कुनै महिलाको स्तनको आकार सानो हुँदै जान सक्छ । जीउ तातो हुने, अनुहार रातो हुने, खलखली पसिना आउने, गर्धन तातो हुनेजस्ता समस्या पनि आउन सक्छन् । यस्तो अवस्था एक मिनेटदेखि पाँच मिनेटसम्म रहन्छ ।

त्यसो त धेरैजसो महिलालाई यीमध्ये कुनै पनि समस्या देखा पर्दैनन् तर कतिपय महिलामा भने राती निद्रा नलाग्ने वा पातलो निद्रा हुनेजस्ता समस्या देखा पर्छन् । कसै-कसैलाई हाँस्दा, हाच्छयुँ गर्दा वा खोक्दा पिसाब चुहिने पनि हुन सक्छ । यसले गर्दा कतिपय महिलाहरू जमघटमा नजाने वा लामो यात्रा गर्न नरुचाउने पनि हुन्छन् । कसै-कसैले 'मैले केही बिर्सन थालें, सोचिराखेको बिर्सन्छु' आदि भनेको पनि सुनिन्छ ।

यस्तो समस्या हुनुको कारण, महिनावारी सुक्नुभन्दा केही वर्ष अगाडिदेखि नै शरीरमा रहेको हार्मोन 'एस्ट्रोजेन'को मात्रा कम हुने प्रक्रिया सुरु हुन्छ । त्यसैले यस्तो बेलामा कसै-कसैलाई मनमा चिन्ता लागिरहने, निद्रा नलाग्ने र यौनइच्छामा कमी हुने हुन्छ । चुरोट र सुर्ती प्रयोग गर्ने महिलालाई यस्तो समस्या बढी हुने गरेको देखिएको छ । महिनावारी बन्द हुने प्रक्रिया एकै पटकमा हुँदैन- सुरुआतमा कहिले हुने, कहिले नहुने वा दुई-तीन महिना बिराएर हुने गर्छ । यसरी महिनावारी अनियमित हुँदा अन्य कुनै शारीरिक समस्या छैन भने महिनावारी सुक्ने भयो भनेर बुझ्न सकिन्छ । यसरी अनियमित भएर पनि जब एक वर्षसम्म महिनावारी हुँदैन, त्यस्तो अवस्थामा महिनावारी सुक्यो भनेर बुझे हुन्छ । रजोनिवृत्ति भइसकेपछि केही महिलाको तौल बढ्न सक्छ । तौल बढेकाले महिलाहरूलाई चिन्ता पनि लाग्न सक्छ । तौललाई नियन्त्रणमा राख्न महिलाहरूले योग तथा साधारण व्यायाम गर्न सुरु गर्नु बेस हुन्छ ।

वास्तवमा युवा अवस्थादेखि नै योगासान गरियो भने उत्तम हुन्छ ।

त्यसैगरी युवावस्थामा नै खाना र जीवनशैलीमा ध्यान दिनुपर्छ । हरियो तरकारी, नफलेको चामल, आटा, कोदो, मकै, फापर आदि खाने गर्नु बेस हुन्छ । विभिन्न किसिमका चिसो पेयपदार्थ, बट्टामा हालेका जुस र बजारमा पाइने खाने कुराहरू सकेसम्म कम खानु उपयुक्त हुन्छ । तौल घटाउने खालका अनेक किसिमका औषधिहरूको विज्ञापन देखेर फन्दामा नपर्नुहोस् किनभने त्यस्ता औषधिहरूको प्रयोग गर्नु ठीक हुँदैन । तौल घटाउने औषधिले शरीरमा नकारात्मक असर हुन्छ भन्ने निष्कर्ष विभिन्न अध्ययनले देखाएका छन् ।

विभिन्न वैज्ञानिक अनुसन्धानले देखाएका छन्– महिनावारी सुक्ने बेलामा आउने समस्यालाई महिलाहरूको भोजन, शारीरिक व्यायाम, जीवनप्रतिको दृष्टिकोण, मानसिक तनाव आदि कुराले धेरै फरक पार्छ । पश्चिमी देशका महिलाहरूले यौनइच्छालाई बढी महत्व दिन्छन् । रजोनिवृत्तिपछि यौनइच्छा घट्न जान्छ भनेर त्यहाँका महिलाहरूले हार्मोनको प्रयोग गर्छन् । तर, हार्मोनको प्रयोग गरेपछि विभिन्न किसिमका स्वास्थ्य समस्या पर्न सक्ने अनेक अध्ययनले देखाएका छन् । कतिपय पूर्वीय देशमा रजोनिवृत्तिको अवस्थालाई महिलाहरू पारिवारिक जिम्मेवारीबाट मुक्त हुने समय ठानेर धर्म–कर्म र अध्यात्मतर्फ लाग्ने समयका रूपमा पनि लिने गर्छन् ।

गाउँका रजोनिवृत्ति भएका केही महिलाहरूको अनुभवमा, उनीहरूले आफूलाई केही पनि समस्या नपरेको तर शल्यक्रिया गरी पाठेघर निकालेका कतिपय सहरी महिलाले भने आफूलाई कहिले जाडो कहिले एकदम गर्मी भएर उकुसमुकुस भएर समस्या परेको बताएका थिए ।

वैज्ञानिक अनुसन्धान अनुसार, अमेरिकी महिलाहरूमा रजोनिवृत्तिका समस्याहरू बढी देखिन्छन् । सायद त्यहाँ साना–साना समस्यामै पनि औषधि खानुपर्ने मानिसकताले त्यसो भएको होला । जापानी महिलाहरूमा भने यसको समस्या कम देखिन्छ । जापानी महिलाहरूको जीवन–शैली र भोजनले पनि यसमा प्रभाव पारेको हुन सक्छ । यसो हुनुको कारण यसको सम्बन्ध परम्परा र संस्कृतिसँग रहनु हो । अमेरिकामा प्रत्येक महिलालाई सधैं जवान र राम्री देखिनै पर्छ । उनीहरू वृद्ध हुने प्रक्रियाका बारेमा कुरा गर्न त्यति रुचाउँदैनन् । उनीहरूलाई रजोनिवृत्ति भएपछि वृद्ध हुन थालियो भन्ने डरले सताँउछ ।




जापानमा भौतिक विकास तीव्र छ, त्यसैले त्यहाँका मानिसहरू बुढ्यौलीलाई अभिशाप ठान्दैनन् । नेपाली महिलाहरूले पनि यसलाई प्रायः उमेरअनुसारको स्वाभाविक प्रक्रिया ठानेको पाइन्छ । 'महिनावारी बन्द भएपछि अब जवान छैन, अब जीवनमा केही छैन' भन्ने भावना यहाँका महिलाहरूमा देखिएको छैन ।

यसै प्रसंगमा ७० वर्षीया माधुरी श्रेष्ठ भन्छिन्, 'महिनावारी बन्द हुँदा मलाई केही समस्या परेन । ठ्याम्मै रोकिनुभन्दा केही अघिदेखि नै महिनावारी अनियमित भने भएको थियो । ४४ वर्षको उमेरमा अन्तिमपटक महिनावारी भयो । मेरी आमाको पनि ४२ वर्षको उमेरमै महिनावारी रोकिएको थियो तर उहाँलाई पनि केही समस्या थिएन रे ।'

धेरैजसो अवस्थामा महिनावारी बिस्तारै रोकिन्छ । हार्मोन उत्पादनमा परिवर्तन हुने भएकाले कुनै महिना महिनावारी हुने अनि कुनै महिनामा हुने बेला नभइकन महिनावारी हुने अथवा कहिले चाहिँ अत्यधिक रगत बहनेजस्ता कुरा हुन सक्छन् । एकदमै कम महिलाको मात्र अचानक महिनावारी रोकिन्छ ।

प्रजनन उमेरका महिलाहरूलाई उनीहरूको शरीरमा भएका विशेष हार्मोनहरूले प्राकृतिक रूपमा धेरै समस्याबाट बचाएका हुन्छन् । ती समस्यामध्ये मुटुको रोग र हाडको समस्या प्रमुख हुन् । महिलाहरू प्रजनन उमेरमा रहुञ्जेल उनीहरूको शरीरमा रहेको हार्मोनले हाडको घनत्व ठीक राख्न मद्दत गरेको हुन्छ तर जब महिनावारी सुक्ने समय नजिक आउँदै जान्छ, उनीहरूको शरीरमा हार्मोनहरू कम हुँदै जान्छन् । त्यस्तो बेलामा हाडको घनत्व पनि कम हुँदै जान्छ ।

यस्तो अवस्थामा बाहिरबाट हेर्दा कुनै खास समस्या देखिँदैन । महिलाको शरीरमा हाडको घनत्व कमी हुँदा कतै ठक्कर लाग्दा पनि हाड भाँचिन सक्ने सम्भावना बढी हुन्छ । हाडको घनत्व कम भएर लाग्ने यस समस्याका सम्बन्धमा युरोपेली र अमेरिकी महिलाहरूमा थुप्रै अध्ययन–अनुसन्धान भएका छन् । त्यसैगरी भारतमा भएको एक अनुसन्धानमा भण्डै ६ करोड जनता यस रोगबाट पीडित भएको तथ्य अगाडि आएको थियो । त्यसमा ७० प्रतिशत महिला थिए । महिला र पुरुष दुवैलाई हुने भए पनि महिलामा यो रोग बढी देखिएको छ । यसको प्रमुख कारण महिलाहरूको शरीरको प्राकृतिक बनावट हो । महिलाहरूको हाडको घनत्व पुरुषहरूको भन्दा कम हुन्छ ।

यसरी हाडको घनत्व कम हुँदै जाने समस्यालाई 'अस्टिओपोरोसिस' भन्छन् । हाडको यो रोग लागेको बेलामा प्रायः नाडी, पुठ्ठा र मेरुदण्डका हाडहरू भाँचिने सम्भावना बढी हुन्छ । हाडको घनत्व कम हुँदै हात कमजोर हुने तथा यो रोग लागिसकेपछि पनि लामो समयसम्म थाहा नहुने भएकाले यसलाई 'मौन रोग' (साइलेन्ट डिजिज) पनि भनिन्छ किनभने धेरैजसो कतै लडेर हाड भाँचिएपछि एक्सरे गराउँदा मात्र यो रोग लागेको भनेर थाहा हुन्छ । चिकित्सा विज्ञानका अनुसार, मानिसको हाड बन्ने प्रक्रियामा क्याल्सियम र भिटामिन डीको ठूलो भूमिका हुन्छ । रगतमा भएको क्याल्सियमले हाड बन्ने र हाडको जिर्णोद्वार गर्ने प्रक्रियामा लगातार मद्दत पुऱ्याइरहेको हुन्छ । रगतमा क्याल्सियम कम भयो भने हाडमा भएको क्याल्सियम पनि कम हुन्छ र हाड कमजोर हुन जान्छ ।

हाड पातलो हुँदै जाने समस्याबाट बचावट गर्न क्याल्सियमयुक्त खाना भोजनमा बढाउनुपर्छ । ज्वानो, दही, राजमा, पालुंगो, दूध, तोफु, तिल आदि क्याल्सिमयुक्त वस्तुहरू खानुपर्छ । महंगा क्याल्सियम चक्कीहरू किनेर खानुपर्ने जरुरत पर्दैन । हाड पातलो हुँदा खास कुनै लक्षण पहिले नै देखा नपरे पनि कहिलेकाहिँ चिप्लियो भने लड्ने बेलामा हाड भाँचिने र उपचार गरेपछि पनि जोडिन निकै समय लाग्ने हुन्छ ।

'मौन रोग'बाट बच्न क्याल्सियमका साथै हामीले अत्यन्तै ध्यान दिनुपर्ने अर्को तत्व पनि छ– त्यो हो भिटामिन डी । यसले हाम्रो शरीरको हाडका लागि अत्यन्त महत्व राख्छ । भिटामिन डी सूर्यको किरणमा पाइन्छ । भिटामिन डीले शरीरमा क्याल्सियमको शोषण राम्रोसँग गर्नमा मद्दत गर्दछ । रजोनिवृत्तिको अवस्थामा पुगेपछि स्वास्थ्यको विशेष ख्याल राख्नुपर्ने हुन्छ किनभने महिनावारी बन्द हुने बेलामा हाडको घनत्व कम हुँदै रजोनिवृत्ति हुँदा आइपर्ने समस्यालाई कम गर्न भटमासको प्रयोग गर्नु ठीक हुने वैज्ञानिकहरूले बताएका छन् । भटमासले प्रोटिन र लौहतत्व प्रदान गर्नुका साथै यसमा रहेको विशेष तत्वले शरीरमा एस्ट्रोजेन हार्मोनको पनि भूमिका खेल्छ जसले मुटुको रोगबाट बचाउन मद्दत गर्छ । जापानी महिलाहरूमा रजोनिवृत्ति हुँदा हुने समस्या कम हुनुको एउटा कारण उनीहरूको भोजनमा भटमासजस्तो पौष्टिक खाना समावेश हुनु पनि एक हो भन्ने अनुसन्धानबाट पुष्टि भएको छ ।

जीवन–शैलीमा सानातिना परिवर्तन गर्दा पनि कतिपय समस्या कम गर्न सकिन्छ । उदाहरणका लागि, चुरोट पिउनेहरूले यो कुलत छोड्दा उकुस–मुकुस हुने गरी शरीर तातो हुने समस्यालाई कम गर्न सक्छन् । खानपानमा परिवर्तन गर्दा पनि फाइदा हुन सक्छ । उदाहरणका लागि, उकुस–मुकुस हुने गरी शरीर तातो हुने समस्यालाई बढावा दिने कुराहरू जस्तै– रक्सी, क्याफिन, मसालादार वा गुलियो खाने कुरा कम गर्दा वा छोड्दा समस्या कम हुन सक्छ । साथै, सन्तुलित भोजन खानु अपरिहार्य छ ।

महिनावारी रोकिएपछि देखापर्ने लक्षणहरू कम गर्न व्यायाम पनि निकै मद्दतकारी हुन सक्छ । यसले अनिद्रा र मुड बिग्रने समस्यालाई धेरै कम गर्न सक्छ । हड्डी बलियो बनाउन र स्वास्थ्य कायम राख्न पनि मद्दत गर्न सक्छ ।

कतिपय महिलालाई चिल्लो कम भएको खाने कुरा अथवा मासु नभई खानाको स्वाद नै हुँदैन भन्छन् तर खानाको स्वादले गर्दा स्वास्थ्यमा नराम्रो असर पर्ने र विषेशगरी रजोनिवृत्तिपछि मोटोपना बढ्ने समस्या हुन्छ भने त्यो खानाको के स्वाद भयो र ? पछि उच्च रक्तचाप, मुटुको समस्या, ढाड दुख्ने समस्या आदि भयो भने एकछिनको जिब्राको स्वादले के फइदा ? खाना स्वादिलो पार्ने त अनेक तरिका छन् नि– गोलभेंडाको टिमुर हालेको अचार, कागती हालेको सलाद आदि जसले स्वाद र स्वास्थ्य दुवै कायम राख्दछन् ।

रजोनिवृत्तिका बेला कमैलाई केही समस्या हुँदैन । कसलाई हुन्छ वा कसलाई हुँदैन भनेर जाँच्ने यन्त्र छैन, हुँदैन तर भोजन, आराम, सकारात्मक विचारले चाहिँ पक्कै सकारात्मक स्वास्थ्य दिन्छन्– समस्या हुनेलाई पनि र समस्या नहुनेलाई पनि । युवावस्थामा शरीरलाई मोटो बनाएर, जे मन लाग्यो त्यही खाएर, व्यायाम नगरेर अनि सबै कुरा उमेर ढलेपछि गरौंला भनेर भनियो भने पछि गएर त्यही बढी समस्या हुन्छन् । पहिले नै होस पुऱ्याए राम्रो होइन र ?

### परिवार नियोजनका साधन

कतिपय महिलाले डिपो प्रोभेरा वा नरप्लान्ट (परिवार नियोजनका अस्थायी साधन) प्रयोग गर्दा महिनावारी नै नहुने हुन्छ । उनीहरू ४५–५० वर्षको उमेरसम्म पनि यी साधन प्रयोग गरिरहन्छन् । महिनावारी सुकेको हो अथवा ती साधनको प्रभावले त्यसो भएको देखिएको हो भन्ने छुट्याउन सकिन्न । यसका बारेमा प्रायः स्वास्थ्यकर्मीले पनि जानकारी दिएको पाइन्न । त्यसैले, ४० वर्षको उमेर पुगेपछि परिवार नियोजनका साधन प्रयोग गर्दा बढी होसियार हुनुपर्छ । रजोनिवृत्तिपछि पुनः योनीबाट रक्तस्राव हुन थाल्यो भने यसले कुनै गम्भीर समस्या रहेको संकेत दिएको हुन्छ । यस्तो बेलामा तुरुन्तै अस्पताल गएर जँचाइ हाल्नुपर्छ । ❑❑

विजयादशमी, शुभदीपावली,
ईद तथा छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु
भएका समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सु-स्वास्थ्य,
दीर्घायु एवं प्रगतिको हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछु

युवराज लामा
सदस्य सचिव
राष्ट्रिय खेलकुद परिषद्
त्रिपुरेश्वर, काठमाडौं



# छाउपडीले आहत महिला अस्तित्व



अन्जु क्षेत्री

- 'छाउ' हुने बेला आएपछि पीर पर्न थाल्थ्यो। कसका गोठमा बस्न जाऔं भन्ने हुन्थ्यो । मेघ लागेको बेला (वर्षायाम) छानो नचुहिने गोठ खोज्नुपर्थ्यो । गाउँका धेरै महिला एकैपल्ट छाउ हुँदा त्यो पनि पाइन्नथ्यो। छानो चुहिने गोठमा बस्नुपर्थ्यो। घरका मान्छेसँग छाता माग्यो भने, 'तिमी छाउपडीलाई छाता चाहिने ?' भनेर हप्काउँथे। जाडो र बर्खामा धोएको लुगा सुक्दैनथ्यो, सुकेको अर्को लुगा घरकासँग माग्दा 'तिमी छाउपडीलाई सुकेका लुगा चाहिने ?' भन्थे । कहिलेकाहिँ गोठमा बस्ने धेरैजना महिला हुन्थे। रातमा खुट्टा तत्काउने ठाउँ हुँदैनथ्यो । त्यस्तो बेलाका लागि गोठको छानोमा डोरी बाँधेर राखेका हुन्थ्यौं अनि त्यसै डोरीमा खुट्टा बाँधेर तन्काउँथ्यौं। एकपल्ट घरको बारीमा बसेर थालमा भात खाँदै थिएँ, पानी आयो । छाउगोठ अलि पर थियो । थालको भात सबै मेघले लग्यो (थालको भातमा पानी नै पानी भयो) । घरको आँगनमा पस्न पाइन्नथ्यो, त्यसदिन भोकै सुत्नुपऱ्यो । कठै, कस्तो थियो हाम्रो जिन्दगी !
- महिनावारी भएकी महिलाले आफ्नो घरगाउँका सधैं हिँड्ने बाटोमा चार दिनसम्म हिँड्न पाउँदैनन् । घरको आँगनमा खाना खान आउनुपऱ्यो भने ढुङ्गा टेकेर मात्र आउन पाउँछन् । धारामा नुहाउन पाउँदैनन्। जतिसुकै जाडो होस्, हिउँ परेको होस् तैपनि बिहानै उठेर खोलामा नुहाउन जानैपर्छ । एक बाल्टी पानी तताएर नुहाउन पाउने अधिकार पनि छाउ भएकी महिलालाई हुँदैन/छैन। महिनावारी भएपछि खोलामा नुहाउन जाँदा बारीको कान्ला-कान्लाबाट जानुपर्छ किनभने गाउँभरी छरिएर रहेका ढुङ्गा-मुढा सबैमा देवता बास गर्छन् !
- छाउपडीका नियम र व्यवस्था आज पनि आदिम समाजका जस्तै कठोर छन् । सुन्दा दन्त्य-कथाजस्ता लाग्ने यस्ता कथा अछाम, बाजुरा, बझाङ तथा कालीकोटका विकट डाँडाकाँडाहरूमा देख्न र सुन्न पाइन्छ ।

जब जब हामी महिला समानता र उनीहरूको मानव अधिकारबारे चर्चा गर्छौं, तब तब हामी धर्म एवं संस्कृतिबाट प्रभावित र प्रचलित त्यस्ता प्रथा, परम्परा, रीतिरिवाज अनि संस्कारसँग पनि ठोक्किन पुग्छौं जसले परिवार र समाजमा महिलाको मर्यादास्तरमा प्रत्यक्ष प्रभाव पारेका हुन्छन्। नेपालका विभिन्न समाजमा अहिले पनि महिलाहरू धर्मका नाममा अमानवीय एवं सम्मानहीन प्रथा र परम्पराहरू अँगाल्न बाध्य छन्।

नेपालको पश्चिम, मध्यपश्चिम तथा सुदूरपश्चिमका अधिकांश जिल्लामा पहिलोपटक महिनावारी हुने किशोरीले ११ देखि १५ दिनसम्म, अन्य युवतीहरूले पाँचदेखि सात दिनसम्म र विवाहिताले चार दिनसम्म छाउपडी गोठमा बस्नुपर्ने हुन्छ । स्थानीय भाषामा महिनावारी हुनुलाई छाउ अथवा छुई भन्ने चलन छ । त्यसरी महिनावारी भएकी महिलालाई घरभन्दा टाढा बनाइएको सानो झुपडी वा गाईवस्तु बाँध्ने गोठमा राख्ने गरिन्छ । त्यसरी राखिएका वा बस्न विवश महिला 'छाउपडी' हुन्छन् । छाउपडी गोठको ढाँचा/स्वरूप जिल्ला, गाउँ तथा स्थानअनुसार फरक-फरक हुनेगर्छ । छाउ भएको समयमा सार्वजनिक स्थान (धारो, बाटो, विद्यालय, मन्दिर आदि) प्रयोग गर्न नपाउनुका अतिरिक्त कसैलाई नछोइकन अलग्गै बस्नुपर्छ । सरसफाईको अत्यन्त आवश्यक हुने यस बेलामा किशोरी तथा महिलाहरूलाई साबिकको पँधेरो, धारा तथा कुवा छुन दिइँदैन। साथै पोषणयुक्त खाने कुरा (दूध, दही, घ्यू आदि) खान नहुने मान्यता पनि छ। छाउ भएकी महिलालाई घरभित्रको आन्तरिक काम गर्न प्रतिबन्ध छ तर घरबाहिर भारी काम गर्न (घाँस, दाउरा, खेतबारी खन्न, ओखल तथा ढिकी कुट्न) लगाइन्छ । यस अवस्थामा पौष्टिक पदार्थको सेवनलाई वञ्चित गरिएको छ भने कामको बोझलाई कम गर्ने बारेमा केही सोचिएको छैन ।

छाउपडी गोठमा बसेका बेला किशोरी तथा महिलाहरू कोही जाडोका कारण, कोही सर्पले टोकेर तथा कोही धुँवाबाट निस्सासिएर मर्ने गरेका छन्। यसैगरी छाउगोठमा बसेका महिला तथा किशोरीहरू बलात्कृत पनि भएका छन् । एउटा निश्चित उमेरसम्म प्रजननका लागि प्रकृतिले दिएको स्वाभाविक प्रक्रियाका कारण प्रत्येक महिना सुदूरपश्चिमी भेगका लाखौं किशोरी तथा महिलाको जीवन कष्टकर तथा अस्वस्थ बनेको छ ।

### मौन इतिहास, अनुदार धर्म-स्मृतिग्रन्थ

छाउपडी प्रथा नेपालको पश्चिमी समाजमा धेरै अघिदेखि चलिआएको छ । यसलाई

समाजको बृहत् जनमतद्वारा स्वीकार गरिएको पनि छ तर यो प्रथा मानव अधिकारको मापन (मापदण्ड) विरुद्ध छ, त्यसैले पनि राज्यले यसलाई कुरीति भनेर घोषणा गरिसकेको छ । पश्चिमका जिल्लाहरूमा छाउपडीलाई गोठमा राख्ने प्रथाको चलन कहिले र कुन जिल्लाबाट सुरू भयो, त्यसको कुनै लिखित दस्तावेज उपलब्ध छैन ।

छाउपडी प्रथाको इतिहास खोतल्ने क्रममा अछाम, रामारोशनका एकजना वरिष्ठ व्यक्तिले छाउ (महिनावारी) को विषयमा शास्त्रमा उल्लेख भएको एउटा श्लोक भट्ट्याए । रजस्वला अवस्थामा बार्ने समूहका प्रतिनिधिहरूको जनजिब्रोमा भ्nवाट्ट आउने उक्त श्लोक यस्तो छ– प्रथमेहनि चाण्डाली द्वितीय ब्रह्मघातिनी, तृतीय रजकी प्रोक्तः चतुर्थेहनि शुद्धयति । यसको अर्थ हो– महिनावारीको पहिलो दिनकी महिला अति दुष्ट वा क्रूर कर्म गर्ने जातकी चण्डाल्नी भैंं घृणित हुन्छे । त्यसैगरी महिनावारीको दोस्रो दिनकी महिलालाई ब्रह्महत्या गर्ने सरहकी अपराधी भनिएको छ भने तेस्रो दिनमा नुहाएकी रजोवती महिला धोबीनी सरहकी मानिन्छे । चौथो दिन नुवाइधुवाई गरी, चोखो कपडा लगाएर गाईको गहुँत खाएपछि महिनावारी भएकी महिला शुद्ध हुन्छिन् ।

उक्त श्लोक कुन शास्त्रमा लेखिएको छ भन्ने कुराको जानकारी उनले दिन सकेनन् । हुन त उनको घरका महिलाहरूले दश वर्षअघि नै गोठमा बस्न चाहिँ छोडिसकेका रहेछन् । अहिले उनको घरमा महिनावारी हुँदा सुत्नका लागि अलग्गै कोठाको व्यवस्था गरिएको छ । महिनावारी हुँदा चार दिन बार्ने चलनलाई चाहिँ छोड्न सकिँदैन भन्ने जनाउन उनले यो श्लोक भट्ट्याएर सुनाएका थिए ।

अछाम, बाजुरा, कालीकोट र बझाङका पाका उमेरका अधिकांश महिला तथा पुरुषसँग छाउपडी चलनको विषयमा छलफल गर्दा उनीहरूको जवाफ यस्तो रहेको थियो, 'यो चलन सत्ययुगदेखि चलिआएको हो'; 'पुर्खाले चलाएको चलन हो, हाम्रा बाजेका पालामा पनि थियो, अहिले हामीले पनि छोड्न सकेका छैनौं ।'

सामान्यतया महिलाविरोधी संस्कार र चलनको विषयमा चर्चा हुने बित्तिकै मनुस्मृति ग्रन्थलाई लिने गरिन्छ । पौराणिक तथा स्मृति ग्रन्थहरूमा महिनावारीका विषयमा नकारात्मक कुराहरू नै धेरै लेखिएका छन् । जस्तै– सुश्रुत शरीरस्थानमा भनिएको छ– नारी शरीरमा एक प्रकारको रगत एक महिनासम्म जम्मा हुने गर्दछ । जम्मा हुँदै गर्दा त्यो रगत कालो हुँदै जान्छ । त्यसमा कटु गन्ध रहेको हुन्छ । त्यसलाई वायुले नसाहरूको माध्यमबाट योनीको मुखमा पुऱ्याउँदा त्यो बाहिर निस्कन थाल्छ । यसैलाई रजोदर्शन (महिनावारी) भनिन्छ । यसै आधारमा परीक्षण गर्नेहरूले त्यो दुर्गन्धित रजमा अनेकौं विषालु कीटाणु हुने कुरा ठम्याएका छन् । यस कारणले नै रजोवती नारी अपवित्र र अस्पृश्य मानिएकी छन् ।

प्रयोगपारिजातमा दक्षले महिनावारी हुँदा पालन गर्नुपर्ने नियम यस्तो बताएका छन्– रजोवती नारीले गाजल, उबटन अर्थात् पाउडर आदि लगाउने काम, स्नान, परदेश यात्रा, दाँत माझ्न हुँदैन । ग्रह नक्षत्रको दर्शन पनि गर्न हुन्न । त्यसैगरी ऋषि अत्रिले भनेका छन्– रजस्वला नारीले मह, मासु खान हुन्न, सानो भाँडामा भोजन गर्नुहुन्न । गन्ध–माला, दिनमा शयन, ताम्बूल र मुखशुद्धि जस्ता विषय प्रयोग गर्न हुँदैन । पाकेको माटोको भाँडामा भोजन गर्नुपर्छ, अञ्जुलीद्वारा पानी पिउनु पर्छ, । मदनरत्नमा हारीतले भनेका छन्– भुईंमा सुत्नु, फलाम वा माटोको भाँडामा भोजन गर्नुपर्छ ।

विष्णुधर्ममा भनिएको छ– रजस्वला नारीले रजोधर्मका प्रथम तीन दिनसम्म गाईको दूध, दही घ्यू खान, पुष्प अलङ्कार धारण गर्न, गाजल लाउन, कपाल कोर्न, गन्धसेवन (परफ्युम लाउन), खाट वा उच्च आसनमा बस्न, सुत्न र आगो छुन हुँदैन ।


पृथ्वीचन्द्रोदयमा उद्धृत ब्रम्हपुराणको भनाइ छ– रजस्वला, पाखण्डी अर्थात् विधर्मी, पुँश्चली अर्थात् वेश्या, पतिता, शूद्रा, बाँझी, विधवा, अन्य गोत्रकी, टेढा कान भएकी, रजस्वला भई चौथो दिनको स्थान गरेकी र आफ्ना माता–पिताभन्दा भिन्न गोत्र वा वंशकी नारीहरूबाट पाकक्रिया गराउनु हुँदैन ।

जन्मजात पनि नदेखिने, ४५–५० वर्षपछि पनि नहुने, सृष्टिको लागि नभइ नहुने र जीवनको ऊर्जामय कालखण्डमा हुने महिनावारीजस्तो प्राकृतिक अवस्थालाई धर्मशास्त्रले विवादित बनाउने कार्य गरेको छ । धर्मग्रन्थहरूमा महिनावारीको अवस्थालाई लिएर लेखिएका विरोधाभासपूर्ण कुराहरूलाई हेर्दा के भन्न सकिन्छ भने विभिन्न समयमा पुरुषवादी सोच भएका व्यक्तिहरूले महिलालाई बन्धनमा पार्न निम्नस्तरका कुराहरू धर्मग्रन्थहरूमा थप्दै गएका थिए । यस कुरालाई सनातन धर्मका विज्ञहरू पनि स्वीकार गर्छन् । विज्ञ धर्मवेत्ताहरूका अनुसार सनातन धर्मको मर्म विपरीत महिलाप्रति भेदभावपूर्ण प्रचलनहरूलाई विकसित गर्न स्मृति साहित्य नै जिम्मेवार छन् ।

हिन्दू धर्मशास्त्र तथा ग्रन्थमा महिनावारी अवस्थाका सन्दर्भमा लेखिएका कुराहरूले पनि नेपालको पश्चिमी समाजमा छाउपडी चलनलाई आड दिएको छ । 'समाजका लागि पुर्खाले बनाएको संस्कार र चलन'का विरुद्ध जान सक्ने स्तरको चेतनाको विकास अझै त्यस भेगका धेरैजसो मानिसमा आइसकेको देखिँदैन । महिलाहरू मौन भएर छाउपडीको कष्ट भेलिरहेका छन्, अनि परिस्थिति हेरिकन पुरुषहरू महिलाहरूलाई नै उनीहरूको कष्टका लागि जिम्मेवार बनाइरहेका छन् ।



***नोट*** *: नेपालको पश्चिम, मध्यपश्चिम तथा सुदूरपश्चिमका चारोटा जिल्ला अछाम, बाजुरा, बझाङ तथा कालीकोटमा छाउपडी प्रथाको विषयमा अस्मिता संस्थाको तर्फबाट अञ्जु क्षेत्री तथा ग्रामीण स्वास्थ्य शिक्षा सेवा गुठीका तर्फबाट डा. अरुणा उप्रेतीबाट गरिएको अध्ययन प्रतिवेदनको आधारमा यो लेख तयार गरिएको हो ।*



# नेपाली समाज, साहित्य र महिला



प्रा.डा. सुधा त्रिपाठी

**प्राकृतिक** स्वरूपमा त संसारका बाँकी समाजको विकास जसरी भएको हो, नेपाली समाजको विकास पनि उसैगरी भएको हो तर मानिसले यसलाई स्वेच्छाले तीव्र गतिमा विकास गर्न थालेपछि भने संसारभरिका समाजको विकास एउटै गतिमा हुन सकेन । समाजको विकास भन्ने कुरा पनि त्यसको राष्ट्रले के कति वैज्ञानिक उन्नति गर्न सकेको छ भन्ने कुरामा आधारित हुने गर्दछ । बेलायत, अमेरिका, चीन आदि देशको उन्नतिले सोही कुराको पुष्टि गरेको छ । कस्ता कुरालाई विकास मान्ने भन्नेमा मतभेद रहनु स्वाभाविकै हो । कसैले भौतिक विकासलाई महत्ता दिन्छन् भने कसैले आत्मिक विकासलाई । यसैले उन्नति समाज र चिन्तन सापेक्ष कुरा हो ।

विश्वमा भएका अधुनातन उन्नतिले संसार त साँघुरिएको छ नै, मानिसको मानसिकता पनि साँघुरिएको छ । यही साँघुरोभित्र पहिचानका सवालहरू घुइँचो लाएर बसेका छन् । तीमध्येको एउटा हो– महिला सन्दर्भ । यस्ता सवालका माध्यम पनि विविध किसिमका रहेका छन् र तीमध्येको एउटा हो साहित्य । यस लेखको सरोकार महिला र साहित्यसँग गाँसिएको छ ।

**नेपाली समाज**

विश्व परिदृश्यमा नै निजी सम्पत्तिको जोगाड र त्यसको उत्तराधिकार स्ववंशमा जाने परिबन्द मिलाउने क्रमसँगै महिला वर्चस्वको क्षयीकरणको प्रारम्भ भयो । यस क्रममा भौतिक सम्पत्ति निजी भयो नै, महिला पनि निजी सम्पत्तिमा गनिन पुगे । महिलाको रूपान्तरण सम्पत्तिका रूपमा हुनासाथ तिनको क्रयविक्रयको प्रारम्भ पनि भयो । यसको सबैले चिनेजानेको रूप भनेको वेश्यावृत्ति हो । संसारका कुनाकानीमा आज पर्यन्त यदाकदा मातृप्रधान पुरातन पारिवारिक संरचना पनि भेटिने गरेका छन् जसले हिजोको महिला वर्चस्वको गरिमाको साक्ष्य प्रदान गर्दछन् ।

नेपालको सामाजिक विकास पनि संसारकै लयमा भएको छ । यसैले यसले पनि समाज विकासका यावत् खुड्किलाहरू पार गर्दै यहाँसम्म आइपुगेको छ । यहाँ पनि समाज विकास क्रमका पुरातन स्वरूप भेटिने गर्छन् । नेपालमा पनि राजसंस्थाको उदयसँगै सामन्तवादको स्थापना भयो र त्यसको चरम उत्कर्ष राणा शासनकालमा देखा पऱ्यो । नेपाली जनताको आन्दोलनले उक्त शासनसत्ता फालेसँगै सामन्तवादको रङ्ग पनि केही मात्रामा भए पनि खुइलिन पुग्यो । नेपालको राजनीतिक इतिहासमा २०१७ सालको परिवर्तनले अरू थप खुइलिन दिएन । २०४५–४६ सालको परिवर्तनले २००७ सालको परम्परालाई नवीकरण गऱ्यो र २०६२–६३ को आन्दोलनले एक तहको राजनीतिक सामन्तवाद समाप्त गऱ्यो र अर्को तहको राजनीतिक सामन्तवादको प्रारम्भ गऱ्यो । यसको नाम भने गणतान्त्रिक नेपालको लोकतान्त्रिक शासन व्यवस्था रहन गएको छ ।

जसरी राजनीतिक सामन्तवादको नाम फेरियो त्यसैगरी सामाजिक सामन्तवादको कुनै स्वरूपमा भिन्नता आएको छ भने कतिपय स्वरूप चाहिँ जस्ताका तस्तै छन् । अझै पनि महिलाहरू बोक्सीका नाममा यातना मात्र नभोगी ज्यानसमेत गुमाइरहेका छन् । यौनजन्य हिंसाले महिलाका हरेक पाइला आक्रान्त छन् । दाइजोका नामको उत्पीडन उस्तै छ,  वेश्यावृत्ति उस्तै छ । सार्वजनिक स्थानहरूमा महिलाहरूले हेलाहोचोमा पर्ने क्रममा घटोत्तरी भएको छैन । मानिस व्यक्तिगत तहमा अग्रगामी भयो भने पनि समाजले त्यो कुरा सहँदैन ।

हाम्रो समाजको संरचना पश्चगामी स्वरूपको छ चाहे व्यक्तिहरू जतिसुकै अग्रगामी किन नहून् । व्यक्तिको संस्कार त विविध कारणले उक्सिएला तर समाजको संस्कार भने वरपीपलको जराभन्दा पनि बलियोसँग गाडिएको छ । यसैले अग्रगामी सोच राख्ने र सोही प्रकृतिको व्यवहार अँगाल्ने व्यक्तिले समाजमा प्रायः दण्डित हुन बाध्य हुनुपर्छ । हालका केही वर्षयता यस्तो प्रवृत्तिमा थोरै अन्तर आएको छ तर त्यो आडम्बरी प्रकृतिको बनेको छ किनभने यसमा सस्तो लोकप्रियताको चाहना मुखरित हुने गरेको छ । यसमा पनि सबै मानिस पर्दैनन् । केही मानिस कार्यक्रमहरूमा कुरा त मिठा गर्छन् तर तिनकै व्यवहार भने त्यसभन्दा नितान्त भिन्न हुने गर्छ । छुवाछुत मुक्तिका मिठा भाषण गर्ने व्यक्तिका घरभित्र दलितले प्रवेश पाउँदैन, महिला मुक्तिको भाषण गरेर घर पुगेको व्यक्ति मजैसँग श्रीमतीलाई गोडामा ढोगाउँछ । दाइजोविरोधी भाषण गरेर डलरले घर भर्ने व्यक्ति मैले दाइजो लिन मिल्दैन, त्यसका सट्टा मेरो खातामा नगदै जम्मा गरिदेऊ भन्छ । मार्क्सवादको पण्डित आमा नमानेको, श्रीमती नमानेको बहानामा छोरीको कन्यादान गरेर पठाउँछ । बलात्कारजस्ता समस्याको राम्रोसँग विश्लेषण गर्ने व्यक्ति बलात्कृत महिलालाई आफ्ना जीवनमा स्थान दिन सक्तैन । यस्ता व्यक्तिहरू समाजद्रोही काम गरेर एक्लै बस्न सकिँदैन भन्ने तर्क दिने गर्छन् । मूलमा यिनीहरूले अग्रगामितालाई बुद्धिविलासका रूपमा मात्र लिएका हुन्छन् एकातिर भने अर्कातिर समाज परिवर्तन गर्ने पनि हामीजस्तै व्यक्तिले नै हो भन्ने कुरालाई आत्मसात् गर्न सकेका हुँदैनन् ।

समाजको बोली र व्यवहारमा रहेको दोहोरो मापदण्डबाट महिला लगायतका उपेक्षित समुदाय आक्रान्त छन् । एउटै मानिस पनि व्यक्तिगत तहमा त उदार जस्तो देखिएला तर समाजका रूपमा भने ऊ परम्परावादी नै रहेको छ । परिवर्तन आफैबाट प्रारम्भ गर्नुपर्छ भन्ने सोच उपेक्षक र उपेक्षित दुवै समुदायमा अपेक्षित मात्रामा भेटिँदैन । एकातिर लोकप्रिय बन्ने र अर्कातिर सोही माध्यमले वृत्ति विकास गर्ने जस्ता कुराले समाज मार्गभ्रममा परेको छ । राष्ट्रको बाहिरी स्वरूपमा गणतन्त्रको घोषणा भए पनि (संस्थागत त होला कि नहोला, राजनीतिक नेतृत्वका विधि र व्यवहारले त सधैं संशय उब्जाउने काम मात्रै गरेका छन् ।) भित्री स्वरूपमा भने त्यसको चस्का समेत पसेको छैन । यस्ता राजनीतिक/सामाजिक सामन्तवादको भित्तो च्याल्ने क्रममा सरोकारवाला समुदायहरू पनि कमजोर नै देखिएका छन् । महिलाहरूको सन्दर्भ पनि यसभन्दा भिन्न छैन । जुन महिला व्यक्तिगत स्वरूपमा डरपोक छन् तिनै महिला समाजका स्वरूपमा

सामन्ती चिन्तनले ग्रस्त छन् । अर्को समुदायको अवरोधलाई भन्दा पनि आफ्नै समुदायको अवरोधलाई छिनाल्न बढी कठिन हुने गर्छ ।

**नेपाली साहित्य**

साहित्य समाजको दर्पण हो भन्ने परिभाषामा परिवर्तन आएको छ र अब दर्पणका स्थानमा पुनःसिर्जन भन्ने गरिएको छ । यथास्थितिवादीहरू अझै पनि दर्पण भन्न रुचाउँछन् भने परिवर्तनकामीहरू पुनःसिर्जन भन्न रुचाउँछन् । संज्ञाका बारेको बहसले खासै विस्तार पाएको देखिँदैन । नेपाली साहित्य वीर काल, भक्ति काल, शृङ्गार कालका अनेकन् प्रवृत्तिहरू छिचोल्दै आजको स्थितिसम्म आइपुगेको छ । वीर कालका सुवानन्द दास, भक्ति कालका भानुभक्त आचार्य, शृङ्गार कालका मोतीराम भट्ट प्रमुख प्रतिभा हुन् । यिनका अतिरिक्त अरू पनि थुप्रै स्वनामधन्य स्रष्टाले उक्त अवधिमा सक्रियतापूर्वक कलम चलाउँदै आएका थिए ।

नेपाली साहित्यमा जेजस्ता सकारात्मक/नकारात्मक प्रवृत्ति विकसित हुँदै आए पनि तिनले सिर्जन प्रक्रियालाई गति दिने काम भने गरेका छन् । फरक फरक विधामा फरक समयमा आधुनिक कालको प्रारम्भ भएको छ र मूलतः यसको श्रेय शारदा पत्रिकालाई जान्छ । यस पत्रिकाले एकातिर त नयाँ नयाँ लेखकलाई स्थापित हुन सघायो भने अर्कातिर प्रतिस्पर्धाको वातावरण पनि तयार गर्‍यो ।

आज नेपाली साहित्यमा संख्यात्मक एवं गुणात्मक दुवैखाले विकास भइरहेको छ । २०४६ सालपछि नेपालले उल्लेख्य विकास गरेको भनेको सञ्चारका क्षेत्रमा हो र यसबाट साहित्यका फाँटमा पनि अकल्पनीय विकास भएको छ । त्यसअघि साहित्यमा हुने गरेको विकासलाई यस समयले तीव्र गति दिएको छ । यस क्रममा साहित्यकारको संख्या मात्रै नबढी विश्व साहित्यमा देखा परेका अनेकन् प्रवृत्ति समेत नेपाली साहित्यमा नौला छैनन् । विश्व बजारमा जेजस्ता चिन्तनगत बहसले साहित्यलाई छोपेका छन् नेपालमा पनि त्यसभन्दा अलग अवस्था छैन । नेपाली साहित्यले विश्व बजारमा कुनै महत्त्वको स्थान नपाए पनि नेपाली बजारमा भने विश्व साहित्यले मनग्य स्थान पाएको छ । विश्व साहित्यको अध्ययन र चर्चा नेपाली पाठकका लागि गौरवको विषय बन्ने गरेको छ ।

> सन्तोष मानेर लेख्ने महिला स्रष्टाका तुलनामा संघर्षरत महिलाका लेखन नै विचार र ओजका दृष्टिले बढी तीक्ष्ण हुने गरेका छन् । ... मार्ग अवरोध नै हरेक कुराका गतिदाता हुने गर्छन् ।

**महिला**

साहित्यको परिभाषा जे जसरी गरिए पनि महिलाको सन्दर्भ भने यससँग सधैं जोडिँदै आएको छ । जसरी महिलालाई जति नै हेलाहोचो गरिए तापनि उनीहरू विना समाज चल्दैन ठिक त्यसैगरी उनीहरू विना साहित्यले पनि पूर्णता पाउँदैन । साहित्यसँग महिलाको सम्बन्ध पात्र र लेखक गरी दुई किसिमले जोडिने गरेको छ । प्रथमतः ऊ पात्रकै हैसियतमा साहित्यसँग जोडिई । सामन्तवादको चरमोत्कर्षका रूपमा देखिएको शृङ्गारिक साहित्यले महिलालाई शरीरका रूपमा सीमित गरिदियो । उसको अस्तित्वको सिमानाको पल्लो किल्ला भनेकै उसको शरीर हुन पुग्यो ।

सामन्तवादी चरणबाट पुँजीवादी चरणमा संक्रमित हुँदै गरेको वर्तमान साहित्यले पनि महिलाको गरिमाको सही मूल्यांकन गर्न सकेन र गर्न सक्ने कुरा पनि होइन । यस चरणमा पनि एकथरि महिलाहरू पुँजीवादी पितृसत्ताको जुठोपुरोमा रमाएर बस्ने खालका छन् भने अर्काथरि चाहिँ फेरि पनि संघर्षरत नै रहने खालका छन् । नेपाली समाजमा मात्र नभएर नेपाली साहित्यमा पनि यही प्रवृत्ति कायम छ । नेपाली साहित्यमा अग्रगामी चिन्तन प्रस्तुत गरिरहेका महिलाले एकातिर सामन्तवादी चिन्तन बोकेका महिलासँगै पनि सङ्घर्ष गर्नु परिरहेको छ भने अर्कातिर पुँजीवादी पितृसत्ताको जुठोपुरोमा जीवनको सम्पूर्ण उपलब्धि प्राप्त भइसकेको ठान्नेसँग पौंठेजोरी खेल्नु परिरहेको छ ।

आजको साहित्यको स्वरूप पनि यही नै हो । यी तीनै खाले चिन्तन नै आजको नेपाली साहित्यको पनि मूल पहिचान हो र सामाजिक संघर्षको उही स्वरूप नै साहित्यमा पनि कायम छ । समाजको मूल संरचना सामन्तवाद र पुँजीवादको ठिमाहा सन्तानका रूपमा रहेको छ । सोही ठिमाहा संरचना पक्षधर महिलाको तामझाम दिन दुगुना, रात चौगुना वृद्धि नभए पनि तुलनात्मक रूपमा उन्नत नै छ । समाजका प्रोत्साहन, पुरस्कार, पद, मिडिया सम्पूर्ण कुरा उनीहरूका पोल्टामा पर्ने गरेका छन् र उनीहरू संघर्षरत पक्षका महिलालाई हेरेर उदेक मान्ने गर्छन्, 'यिनलाई के चाहिँ नपुगेको हो त ?' यसैले उनीहरू स्वयं नै पनि सामन्तवादी पुरुषको सिको गरेर र समाजले तिनलाई गरेको वाहवाहीबाट लोभिएर साहित्यमा आफ्ना शरीर पस्कने गर्छन् । आफू महिला भएर आफ्नो महत्तालाई शरीरको मूल्यभन्दा माथि उठ्न नदिने अभियानको स्वयं समेत अभियन्ता बन्न पुगेको कुराबाट समेत उनीहरू अनभिज्ञ जस्ता देखिन्छन् । यदि उनीहरू यस विषयमा जानकार रहेका भए सायद क्षणिक चर्चाका लोभमा परेर यस्ता आत्मघाती साहित्य लेख्ने काममा अवश्यै अग्रसर हुने थिएनन् ।

सन्तोष मानेर लेख्ने महिला स्रष्टाका तुलनामा संघर्षरत महिलाका लेखन नै विचार र ओजका दृष्टिले बढी तीक्ष्ण हुने गरेका छन् । सामाजिक रूपान्तरण उनीहरूको पहिलो लक्ष्य हुन्छ किनभने त्यसपछि मात्र आआफ्ना जीवनमा भएका धेरथोर रूपान्तरणले सार्थकता पाउनेछ भन्ने कुरा उनीहरूलाई राम्ररी थाहा छ । यसैले नेपाली साहित्यमा स्पष्ट रूपमा दुई कित्ताका महिला लेखक क्रियाशील छन् । एकथरि महिला लेखक मूलधारे चिन्तनसँग आबद्ध छन् भने अर्काथरि प्रतिपक्षी चिन्तनसँग गाँसिएका छन् । अघिल्ला खाले लेखकको ध्येय चर्चित/पुरस्कृत हुनुतर्फ बढी मुखातिब छ भने पछिल्ला खाले लेखकको ध्येय स्वरूपान्तरणका माध्यमले सामाजिक रूपान्तरण र सामाजिक रूपान्तरणका माध्यमले स्वरूपान्तरणतर्फ रुचिशील रहेको छ । त्यसैले ध्येय भिन्नताले यी दुई खाले लेखकका लेखनमा पनि पर्याप्त अन्तर देखिने गर्छ । नेपाली साहित्यमा प्रस्तुत हुने महिला छविका सन्दर्भको दृष्टिकोण र प्रस्तुति पनि यी दुवैथरिको भिन्नाभिन्नै हुने गरेको छ । त्यति मात्रै होइन, महिलागत प्रस्तुति आफ्नो पक्षको चाहिँ विशिष्ट र उल्लेख्य हुने गरेको दावी पनि दुवैथरिले गर्ने गरेका छन् । जेहोस्, पहिलेका तुलनामा महिला छवि, महिला लेखन दुवै सन्दर्भमा परिमाणात्मक एवं गुणात्मक दुवै खाले विकास हुँदै आएको छ ।

**निष्कर्ष**

राजनीतिक, सांस्कृतिक/सामाजिक सबै खाले संक्रमण ब्यहोरिरहेको नेपाली समाजको साहित्यिक सन्दर्भ पनि यसभिन्न छैन । समयका उज्याला/अँध्यारा दुई पाटा भए झैं महिला लेखन र साहित्यिक छविमा पनि यी दुवै प्रवृत्ति उपस्थित छन् । विना व्यवधान कुनै पनि कुराको विकास सम्भव छैन । मार्ग अवरोध नै हरेक कुराका गतिदाता हुने गर्छन् । साहित्यको व्यवधान कम भएका पक्षमा संख्यात्मक विकास परिलक्षित भइरहेको छ भने व्यवधान बढी भएका पक्षमा गुणात्मक विकास अधिक देखिएको छ । यो आज पनि गम्भीर अध्येताले महसुस गरिरहेको र भोलिका दिनमा अझै बढी छर्लङ्गिने सन्दर्भ हो । ❑❑



दिवस गुरागाईं

उठ–उठ नारी हो, अब डर छैन
एउटा मात्रै हातले ताली बज्दैन
......................
नउठी भएन, नेपालका दिदी बहिनी हो,
के छ र बाँच्ने आधार, कम्मरै नकसे
......................
आमा दिदी बहिनी हो,
कति बस्छौ दासी भई
सुखको सधैं प्यासी बनेर ?
......................


माला सिन्हा


करिश्मा मानन्धार


रेखा थापा


गौरी मल्ल

# चलचित्र क्षेत्रमा नारी

## महिला अधिकार र आन्दोलनबारे फिल्मकर्मी बेखबरजस्तै


विनिता बराल

चालीस (२०४०)को दशकताका यस किसिमका गीत गुनगुनाउन पाउँदा गौरव गर्ने वर्ग तयार भइसकेको थियो । आङ्गै जिरिङ पार्ने प्रस्तुति बोकेका यस्ता गीत–संगीतलाई 'जनवादी' भनेर नाक खुम्च्याउनेहरू अझ बढी थिए तर महिला आन्दोलनका एकथरी पक्षपातीहरूले यी गीत गाउन छोडेनन् । त्यसकै परिणाम थियो– नेपालका आम महिला चाहेर–नचाहेर यही भावनाको चौतारोमुनी ओत लाग्न बाध्य हुँदै गए । अन्ततः गणतन्त्र स्थापना भइसक्दासम्म महिलाले राज्यका सबैजसो निकायमा सम्मानजनक कानुनी हिस्सा प्राप्त गर्न सफल भएका छन् ।

राजनीतिक निकायहरू, व्यवस्थापिका, निजामती, सुरक्षा निकायदेखि राज्य सञ्चालनका हरेकजसो स्थानमा महिलाहरूको उपस्थिति निश्चित भएको छ । कानुनी रूपमा हेर्ने हो भने धेरै मुद्दामा महिलाले गौरव गर्न लायक झण्डा गाडिसकेका छन् तर विडम्बना नै भन्नु पर्छ, नेपाली फिल्म क्षेत्रमा भने महिलाको अवस्था दयनीय छ । पर्दाभित्र होस् वा बाहिर, त्यहाँ गणतन्त्र आएको अनुभूति र प्रत्याभूति हुनसकेको छैन ।

सुरु–सुरुमा महिला अधिकारको नारा कस्ले लगायो होला ? जसले लगाएको होस्, तर कान्छा र कान्छीको छिल्लिएका गीत गाउनेहरूले

चाहिँ पक्कै होइन । हो, फिल्म क्षेत्रमा अहिले पनि कान्छा र कान्छीको गीतमा मजा मान्नेहरूकै बोलबाला छ । सायद यही कारण उनीहरूलाई महिला अधिकारको नारा र त्यसले दिएको परिणामले छुन नसकेको हुनुपर्छ । गणतन्त्रको परिभाषा बुझ्ने हैसियत फिल्मकर्मीमा नभएकैले हुनुपर्छ, यस्तो भएको ।

नेपालमा निर्मित पहिलो फिल्म 'आमा' त्यसो त नामको हिसाबमा नारीप्रधान लाग्छ तर यस फिल्मको नामलाई तत्कालीन व्यवस्थाले दुरुपयोग गरेको थियो। पञ्चायती व्यवस्थालाई "आमा" को संज्ञा दिएकाले यो पहिलो नेपाली फिल्म भनेर सम्बोधन हुनेभन्दा बढ्ता हुन सकेन । यसले देश र दर्शकलाई जसरी भुक्यायो, त्यसैगरी आजका मितिसम्म नारीप्रधान भनेर बनेका नेपाली फिल्मले दर्शक भुक्याइरहेका छन् । नेपाली फिल्मको तीतो यथार्थ यही हो ।

नेपाली फिल्मका आम निर्माता–निर्देशकलाई के भ्रम गडेर बसेको छ भने "नारीप्रधान फिल्म चल्दैनन् ।" त्यसैले प्रथम नायिका भुवन चन्ददेखि रेखा थापासम्म तमाम नायिका एकपछि अर्को फिल्ममा अक्सर सो–पिसका रूपमा चित्रित भएका छन् । "एक्लै एक दर्जन भुसतिघ्रेलाई कुटेकी छु'' भन्दै रेखाले आफैंले निर्माण गरेको 'हिम्मत' नामको फिल्मलाई नारीप्रधान भनिन् । फिल्मको दृश्यले उनलाई चटके केटी त बनायो तर असल पात्र बनाउन सकेन । यति बुझ्ने सामर्थ्य भएको भए सायद उनले 'हिम्मत' लाई नारीप्रधान फिल्म भन्ने थिइनन् कि !

धेरै नेपाली फिल्ममा एउटी अबला नारी (हिरोइन) लाई भुसतिघ्रे खलपात्रको समूहले नराम्रोसँग जिस्क्याउँछ । अली बढी जोर जर्बजस्ती भएपछि एक्कासी फिल्मको हिरो प्रकट हुन्छ । अबलालाई बचाउने क्रममा हिरोबाट सबै भुसतिघ्रेहरूले रामधुलाई खान्छन् । तर, रेखा थापाका फिल्ममा भुसतिघ्रेलाई रामधुलाई दिन कुनै चकलेटी हिरो आउँदैन । रेखा आफैं दौडेर र उडेर भुसतिघ्रेहरूलाई रामधुलाई हान्न सफल हुन्छिन् । यही दृश्यका कारणले नै रेखाले आफ्ना फिल्मलाई नारीप्रधान भन्ने गरेकी हुन् । बौद्धिक छवि बनाएका एकजना निर्देशक भन्छन्, "रेखा मात्र होइन, आम फिल्मकर्मीले बुझेको नारीप्रधानको अर्थ यही हो । उनीहरू महिला अधिकार, आन्दोलन र हालसम्मका उपलब्धिबारे बेखबर मात्र छैनन्, उनीहरूमा यस्ता कुराप्रति कुनै चासो पनि देखिँदैन ।"



अहिले पनि नेपाली फिल्मले गर्ने महिलाको परिभाषा राणाकालीन नै छ । "सहनशील, सुशील, भद्र, श्रीमानको चाहना मुताबिक चल्ने" आदि । महिलाको आम चरित्र यस्तै हो । सासु–बुहारी झगडाका दन्त्य कथाभन्दा माथि उठ्न सकेका छैनन् । बरु यही झगडाबाट उनीहरू 'महिलाका शत्रु महिला नै हुन्' भन्ने प्रमाणित गर्न खोज्छन् । त्यो पनि कुनै तथ्यमा टेकेर होइन, मनगणन्ते पारामा । अहिले पनि नारी पात्रलाई अन्याय सहन लगाएर दर्शक रुवाउने सूत्र यथावत् छ ।

नेपाली फिल्मका नायिकाको नाम लिनुपर्दा भुवन चन्द, माला सिन्हा, अंशुमाला शाही, मेलिना मानन्धर, रूपा राना, बीना बस्नेत, विपना थापा, जल शाह, पूजा चन्द, सुस्मिता केसी, सारंगा श्रेष्ठ, निरुता सिंह, सन्चिता लुइँटेल, झरना बज्राचार्य, करिश्मा मानन्धर, गौरी मल्ल, निरुता सिंह, जल शाह, विपना थापा, केकी अधिकारी, विनिता बराल, ऋचा शर्मा, प्रेयंका कार्की, नम्रता श्रेष्ठ, निशा अधिकारी आदिको नाम लिँदा पूरा हुन्छ ।

तर यससँगैको यथार्थ के हो भने माथि उल्लीखित कुनै पनि नायिकाले फिल्म क्षेत्रलाई कुनै नौलो आयाम दिएर जान सकेनन् । त्यसो भए के नेपाली फिल्मका अहिलेसम्मका सम्पूर्ण नायिका उस्तै र एउटै थिए त ? भावपक्षको कुरा गर्नुपर्दा त्यसमा उल्लेख्य फरक आएन भन्यो भने पनि खासै गल्ती हुन्न तर पहिरन, भाषा र अंगप्रदर्शन आदि रूप पक्षमा भने फरक पाउन सकिन्छ । लुकेको विडम्बना के हो भने नेपाली फिल्मकर्मीहरूले अभिनेत्रीहरूलाई खासगरी यौन र ग्ल्यामरको वृत्तमा सीमित राखेका छन् ।

नेपाली फिल्मको भाषा आजसम्म आइपुग्दा नेपाङग्रेजी हुँदै गएको छ । अंगप्रदर्शनले हलिउड फिल्मलाई टक्कर दिएका छन् । नेपाली फिल्ममा आएको परिवर्तन यही भएको छ । अपवादमा बनेका नारीप्रधान चलचित्र कहिले बने र कहिले चले भनेर आम दर्शकले पत्तो नै पाएनन् । 'सिन्दुर' र 'कन्यादान' बाहेक नाम लिन लायक फिल्म छैनन् भन्दा अत्युक्ति हुँदैन । पारिश्रमिकको हकमा महिला कलाकारले पुरुषको तुलनामा ३० प्रतिशत पनि पाउँदैनन् । यो अर्को विडम्बना छ, नेपाली फिल्म क्षेत्रमा ।

निष्कर्षतः नेपाली फिल्मका निर्माता–निर्देशकहरूले जबसम्म अधिकारका कुरामा भेउ पाउँदैनन् तबसम्म नारीप्रधान वा नारीमैत्री फिल्मको अपेक्षा नगरे पनि हुन्छ । ❑❑

## पर्दाबाहिर झनै खराब

नेपाली फिल्ममा विधागत रूपमा हेर्ने हो भने पनि महिला उपस्थिति न्यूनजस्तै छ । त्यसमा पनि निर्देशन, लेखनजस्ता सिर्जनात्मक विधामा झनै उनीहरू कमजोर छन् ।

चलचित्र लेखनमा नाम लिनुपर्दा नूतन प्रधान, सुस्मिता केसी, अरुणिमा लम्साल आदिको नाम आउँछ तर उनीहरू व्यवसायिक लेखक भने हुन सकेनन् । फेरि, यी नामहरूले एक वा दुई फिल्मभन्दा बढी लेखेका छैनन् । गीत लेखनमा कुसुम गजमेरको नाम आउँछ । उनी अपवाद महिला गीतकारजस्तै छिन् । शान्ति ठटालले 'परालको आगो' जस्तो नेपाली चलचित्रको आरम्भकालीन चलचित्रमै संगीत सिर्जना गरिन् । त्यसैगरी उनले चलचित्र 'बाँच्न चाहनेहरू' र 'कहीँ अँध्यारो कहीँ उज्यालो' का लागि पनि संगीत तयार पारिन् तर उनी चाँडै हराइन् पनि । चलचित्र 'अनर्थ' का लागि गायिका मीरा राणाले पनि संगीत गरिन् तर उनी पनि लगत्तै महिला संगीतको अपवाद नाम भएर बिलाइन् ।

मञ्जु राणाले सुजाता प्रोडक्सनबाट फिल्म 'जूनी' (२०३९) बनाइन् । 'प्रेम–पिण्ड'मा पनि उनको केही लगानी रह्यो । 'वासुदेव' मा पनि सोफी उपाध्यायको नाम निर्माताका रूपमा लेखिएको छ । सायद उनीहरू नै हुन् नेपाली फिल्मका सुरुआती महिला निर्माताहरू । तर, क्रमशः नेपाली फिल्ममा निर्माताका रूपमा आएका ९० प्रतिशतभन्दा बढी महिला खाली ठाउँ भर्न राखिएझैं लाग्छन् । प्रायः निर्माताहरूले आफ्नी श्रीमती वा नातेदारको नाम लेखिदिएका छन् । जस्तो– युवराज लामाको फिल्ममा कार्यकारी निर्माता भनेर मंगलादेवी न्यासुर र सह–निर्माता भनेर सरस्वती लामाको नाम आउँछ । मंगला लामाकी श्रीमती र सरस्वती बहिनी हुन् । त्यसैगरी अशोक शर्माको फिल्मको पोस्टरमा लेखिने किरण शर्मा अशोककी श्रीमती हुन् । पछि आएर रेखा थापा, मौसमी मल्ल, जेनी कुँवर भने वास्तविक निर्माता लाग्छन् तर फिल्म निर्माण क्षेत्रमा यिनको नाम हलुका ढंगले लिने गरिन्छ ।

विडम्बना त के छ भने नृत्य र शृंगारजस्ता विषयमा पनि महिलाहरू पछाडि छन् । वसन्तजंग रायमाझी, वसन्त श्रेष्ठ, राजु शाहजस्ता नृत्य–निर्देशकहरू सदाबहार रूपमा स्थापित भए । शान्ता नेपालीबाहेक अर्की महिला नृत्य–निर्देशकको नाम पाउन गाह्रो छ । शृंगारमा समेत पुरुष शृंगारकर्ताहरूको कब्जा छ । कृष्णरत्न कंसाकारबाट सुरु गरिएको चलचित्रमा शृंगारको यात्रा साम्वाडी पाटिल हुँदै सन्तु तामाङसम्म पुग्छ तर महिला शृंगारकर्ता नेपाली फिल्म क्षेत्रमा नाम लिन लायक पनि कोही छैन । सम्पादनमा रक्ष सिंह र छायांकनमा शबनम मुखिया पनि अपवाद नाम हुन् । प्रदर्शक, वितरक, कास्टिङ डाइरेक्टर, निर्माण नियन्त्रक आदिमा भने महिलाहरूको नाम अपवादमा पनि लिनलाई छैन ।

संगठनतर्फ डेढ दर्जन संघ/संस्था छन् फिल्ममा । जस्तो– चलचित्र निर्माता संघ, निर्देशक समाज, द्वन्द्व कलाकार संघ, नृत्यकार संघ, प्राविधिक संघ, लेखक संघ आदिमा महिला प्रतिनिधित्व झारो टार्ने हिसाबका मात्र छन् । चलचित्र विकास बोर्डमा समेत ११ कार्यकालमा हालसम्म केवल ६ महिला कलाकर्मी मात्र सदस्यका रूपमा पुगेका छन् ।

# छ महिलाको षटकोण






राजेन मानन्धर

दृश्य : छजना महिला । उनीहरू हेर्दैमा सशक्त छन् र एक पंक्ति बनाएर उभिएका छन् ।

स्थान : पाटन दरबारको ऐतिहासिक केशवनारायण चोकस्थित कलात्मक झ्यालमुनि । गतिशीलता : दृश्य क्रमशः फेरिँदै जान्छ– तिनीहरूले एक अर्काको हात थामे, मुटु छामे अनि एउटै स्पन्दन पाए, एउटा माला पाए, सँगै उने र यसरी तयार भयो एउटा षटकोण ।

विभिन्न पृष्ठभूमिबाट आएका भए पनि कलायात्राका दौरान तिनीहरू आफू–आफूबीच सम्बन्धको कुनै न कुनै एउटा डोरी हुनुपर्छ जसले उनीहरूमा विचारको सामञ्जस्य सम्भव छ भन्ने भित्र–भित्र बलियो विश्वास बनाउँदै लगेको थियो । लामो कसरतपछि त्यस समूहले एउटा आधार फेला पार्‍यो । त्यो थियो– साँस्कृतिक सम्पदा ! तिनीहरूको नेपालको साँस्कृतिक सम्पदाप्रतिको माया, दिनदिनै बिग्रँदै गइरहेका नेपाली सम्पदाहरूको अवस्थाप्रतिको सरोकार र नेपाललाई चिनाउने ती सम्पदाहरूलाई हेर्ने नयाँ सिर्जनशील आँखाहरू !

यिनै कुरालाई आधार बनाई उनीहरू तीन महिनासम्म सँगै बसे र सामूहिक सिर्जनामा लागे । उनीहरूबीच सँगै थियो त यति मात्र– विभिन्न सोचाइहरू, अन्तर्द्वन्द्वहरू, फरक अभिव्यक्तिका माध्यमहरू तर विषय भने एउटै ।

यसरी तयार पारिएका करिब एक दर्जन ओइल, एक्रिलिक पेन्टिङ र केही इचिङ प्रिन्टहरू आखिरमा केशवनारायण चोकको ग्यालरीमा झुण्डिन तयार भए । 'षटकोण' नाम दिइएको यो प्रदर्शनी त्यही ठाउँमा सेप्टेम्बर १५ देखि १९ सम्म आयोजना गरियो भने त्यसपछि ती कलाकृतिहरूलाई २१ सेप्टेम्बरदेखि १५ नोभेम्बरसम्म पुल्चोक नःटोकस्थित क्लासिक ग्यालरीमा प्रदर्शनी गरिने योजना पनि छ ।

कलाकार आजभोलि भगवानले बनाउँदैनन्, आफै बन्नुपर्छ । धेरै मिहिनेत र द्वन्द्वपछि नेपालमै कलामा स्नातकोत्तर पढ्ने वातावरण तयार भएको छ । यसको परिणाम आजको कलावृत्तमा देखिँदैछ । यस प्रदर्शनीका सर्जकहरू पनि सबै स्नातकोत्तर छन् । यस अर्थमा यस प्रदर्शनीले कला अभिव्यक्तिका लागि आजभोलि प्राज्ञिक अध्ययन कति आवश्यक छ भन्ने पनि देखाएको छ ।

त्यो प्रदर्शनीमा देखिएको कुरा यही हो– केही समानता, केही असमानता । तिनीहरू सबै महिला हुन्– महिला हुनुको सुख, गर्व र समस्याबाट गुज्रिरहेका । विषय सबैको साँस्कृतिक सम्पदा नै भए पनि त्यसलाई हेर्ने दृष्टिकोण, बुझाइ र आफूले स्वीकार गरेको कुरालाई अभिव्यक्त गर्ने तरिका भने सबैको भिन्न भिन्न थियो । त्यहाँ कोही लोक चित्रकारजस्तो पौभा बनाउन तयार छैनन्, न भत्केका मन्दिर, शीर छिनालिएका मूर्तिहरूलाई फोटोग्राफिक यथार्थमा उतार्नमा नै उनीहरू आफूलाई सीमित गर्न चाहन्थे । आफ्नो युवा जोश, फराकिलो वैचारिक धरातल र कलाकारको स्वच्छन्दता त थियो नै, त्यसमा पनि विस्तारै नाश हुँदै गइरहेको सम्पदाप्रति र भविष्यका पुस्ताले ती सम्पदा देख्न पनि नपाउने हुन् कि भन्ने चिन्ताले पनि तिनीहरू यसतर्फ होमिएका हुन् ।

दशैँको मुखमा जास्मिन राजभण्डारीले देवी त बनाइन् तर ती देवी मन्दिरभित्र कैद हुन चाहँदिनन् । एउटा गति लिएकी छिन् तिनले । आजका देवीको अगाडि एकजना मात्र महिषासुर छैनन्, धेरै गर्नु छ तिनलाई । मायादेवीले सिद्धार्थलाई जन्म दिइन् तर आज सिद्धार्थ कहाँ ? मायादेवी कहाँ ? जास्मिनलाई लाग्यो– सिद्धार्थ जन्मे, हुर्के र अगाडि बढे तर मायादेवीका अगाडि छेकबार थियो । त्यसकारण समयले महिला इतिहासको नयाँ गति हेर्न र लेख्न पाएन । अनि त्यही देखाइन् तिनले आफ्नो क्यानभासमा ।

लामो समयसम्म हरियाली र प्राकृतिक सौन्दर्यमा भुलेकी सरीता डंगोल साँस्कृतिक वस्तुहरूको मोहमा परिन् । कतै तिनी देवदेवीहरूको हातको मुद्रा र त्यसको प्रतीकात्मक सन्देशलाई बोक्छिन् भने कतै आफ्नो शरीरको मासु काटेर भोका बाघ–बघिनीलाई खुवाउने बोधिसत्वको दानपारमितालाई आफ्नो चित्रमा समेट्छिन् ।

सत्यशीला कसजु अरूभन्दा धेरै साँस्कृतिक सम्पदाहरू बिग्रिरहेको, भत्किरहेको वा चोरिएको देखेर खिन्न छिन् । तिनका कुचीले ताछिएका, चोइटिएका मूर्तिलाई देखे । विश्वमा नेपालको प्रतिनिधित्व गर्ने ती सम्पदाहरू अपहेलित र तिरस्कृत हुनु परेकोमा सत्यशीलाले आफ्नो सरोकार देखाइन् कलामार्फत ।

कुनै बेला कला र जीवनको अनुपम संगमको रूपमा लिइएका भए पनि आज मुख बाएर अस्तित्वबोध गराइराख्नुपर्ने ढुंगेधाराहरूले बढी आकर्षित गरे सुमित्रा राणालाई । यसका साथै टुँडाल र मानेजस्ता धार्मिक साँस्कृतिक वस्तुहरूमा पनि मन लगाइन् तिनले तर तिनका आँखाले ती वस्तुहरूमा विज्ञहरूले बताएजस्तो महत्व, प्रतीक र मानव जीवनसँगको तादात्म्य भेट्टाइनन् तिनले । त्यसको सट्टा एउटा खालीपन, अभाव, तिरस्कार र अवमूल्यन पाइन् । त्यसैलाई सुमित्राले आफ्नो सिर्जनशीलताद्वारा अभिव्यक्त गरिन् । हाम्रा सम्पदाहरूले आज कस्तो अनुभव गर्दैछन् भनेर देखाइन् आफ्ना सशक्त रेखा र रंग संयोजनबाट ।

सुषमा शाक्यलाई कलाकृतिमा जीवजन्तुको उपस्थिति मन पर्छ । यथार्थमा देखिने होस् अथवा दन्त्यकथाका पात्रहरू, ती जीवजन्तु र तिनीहरूको विशेषताले मानिसको संस्कृतिमा प्रत्यक्ष छाप पारिरहेको हुन्छ । हाम्रा पुर्खाहरू मानिसका बारेमा मानिसलाई नै उभ्याएर भन्न वा देखाउन नसकिने मानवीय स्वभाव, प्रकृति तिनै जनावरहरूमार्फत देखाइदिने गर्दथे । हामी कति बुझ्छौँ, कति बुझ्दैनौँ वा कति बुझेर पनि बुझ पचाउँछौं । सुषमा एउटै कलाकृति तीनवटा क्यानभासको संयोजन गरेर बनाउँछिन्– एउटामा आकाशमा उड्ने जीवहरू, अर्कोमा जमिनमा हिँड्ने जीवहरू र तेस्रोमा पानीमुनि तैरिने जीवहरूलाई माथि, बीचमा र तल ठाउँ मिलाएर देखाउँछिन्– स्वर्ग, मर्त्य र पाताल यहीँ छ भनेर ।

कला अभिव्यक्तिको माध्यम मात्र फरक होइन, सौरगंगा दर्शनधारीको विषयवस्तु पनि भिन्न छ । माध्यम तिनको इचिङ गरी प्रिन्ट निकाल्नु हो । अरूजस्तो क्यानभासमा ब्रसद्वारा रंग पोत्न मन पराउँदिनन् तिनी । विषयवस्तुले तिनलाई झन् टाढा उभ्याउँछ । तिनले रोजिन् मन्दिरका भित्ता र टुँडालहरूमा सयौं वर्ष अगाडिदेखि खुल्लमखुल्ला प्रदर्शन हुन पाएका यौन सहवासका विविध मुद्राहरू । नेपाली समाजमा यौन आजको युगमा पनि प्रतिबन्धित विषय हो । अझ त्यसमा पनि महिलाहरूलाई यसबारे सोच्न पनि छूट छैन । यस्तो परिवेशमा हुर्केकी तिनले यी यौनकलाहरूलाई आफ्नो सिर्जनामा ठाउँ दिने आँट गरिन् ।

तिनका प्रिन्टहरूमा लामा केश भएका महिलाकृति हुन्छन् र ती केशहरूमा लुकेका हुन्छन् यौनक्रिडामा रमाएमा जोडीहरू । सुन्दर ढंगले विन्यास गरिएका ती केशका गुच्छाहरू हाम्रो समाज हो– केही देखाएजस्तो, केही लुकाएजस्तो ।

मिखाबहा गुठीमा युवाहरूको सुमधुर वाद्यवादनसँगै प्रदर्शित भएका यी नारी हस्ताक्षरले कलावृत्तमा केही हलचल ल्याएको छ । महिला कलाकारहरूलाई नबोलिकनै नकार्ने पुरुषहरूको वर्चस्व भएको नेपाली कलाकारहरूको भिडमा यसको उपस्थिति आफैमा एक आन्दोलन हो ।

कलाकार मनुज बाबु मिश्र लेख्छन्– यी कामहरूमा जीवन छ, प्रमुखता छ जसले दर्शकहरूलाई सोचमग्न बनाइराख्छ । कलाकार आफ्नो काममा सधैं स्वार्थी रहनुपर्छ, एउटा व्यक्तिवाद र व्यक्तिगत आवाजको निर्माण गर्नुपर्दछ । तत्पश्चात् मात्र कला आफै बोल्न थाल्छ र त्यसको अगाडि उभिएर कलाकारले शब्दमा परिचय दिइरहनु पर्ने छैन ।

कवि दुर्गालाल भावुक हुन्छन्– जम्मै नबुझे पनि मैले बुझेको एउटा कुरा । 'षटकोण'का यी छजनाको जुन समूह छ, यो समूह महिला मुक्तिका निमित्त ज्यादै व्यग्र भएको मैले पाएको छु । नेपालमा महिलामा यो व्यग्रता हुनु ज्यादै लक्षणको कुरा हो । हामी ज्यादै पुराना कुरा गर्छौं– भाले बास्नुपर्छ । भाले मात्र बासेर आएको बिहान हामीले धेरै हेरिसक्यौं । यस्तो फुम्रो बिहान हुनुको कारण एउटै मात्र हो, भाले मात्र बास्नु । त्यसैले महिला पनि संयुक्त भएर जब बास्छ त्यो बिहान सक्कली हुन्छ । यस्तो बिहान यस्तै मर्मज्ञ कलाकारहरूबाट आउँछ ।

उनीहरू हुन त प्लेकार्ड लिएर सडकमा उभिएका छैनन् । उनीहरूले महिलामाथि हुने हिंसा, अत्याचारका नाराहरूलाई रंगमा पोतेर हिँडेका पनि छैनन् तर उनीहरूमा महिला छ– राम्रो भए राम्रो, नराम्रो भए नराम्रो । महिला सिर्जनशीलताका नमुनाहरू । हामी पुरुष वा कोही भन्दा पनि महिला भएकै कारणले कमजोर वा पछि परेका छैनौं भन्ने सन्देश बोकेका छन् हरेक कलाकृतिले– साँच्चै, भाले मात्र बासिरहेका छैनन् अब भन्ने सन्देश ।

सहभागी सबै कलाकारलाई सिकाइको विकासक्रमदेखि नै नियालिरहेका कलाकार तथा कला समीक्षक मदन चित्रकार उनीहरूको यसपटकको सिर्जना देखेर खुशी भएका छन् । उनी भन्छन्, "फ्यान्टास्टिक ! यसलाई व्याख्या गर्न शब्दको अभाव हुन्छ । यी सिर्जनालाई देख्ने बितिकै मन–मस्तिष्क छुन्छ ।"

उनी यस प्रदर्शनीलाई महिला कलाकारहरूको क्षमताको प्रदर्शनीका रूपमा पनि लिन्छन्, "आजका महिला कलाकारहरू हिजोका जस्ता होइनन् । हिजोका महिला कलाकार धेरै गुनासो गर्थे, भेदभाव भयो भनेर । आज कामका क्षेत्रमा जो महिला अगाडि देखिएका छन्, आफ्नै कला र प्रतिभाका कारणले छन् ।" "नेपाली कलामा एउटा नयाँ आयाम थपिएको महसुस गरेको छु," उनी थप्छन् ।

◆◆◆

उनीहरू त्यसै छानिएनन् । त्यो जिम्मा क्लासिक ग्यालरी स्टुडिओको थियो । त्यहाँ उनीहरूमा स्थापित, संघर्षरत र नवप्रवेशी थिए । त्यहाँ काठमाडौं, ललितपुर, भक्तपुर मात्र होइन यस परिवेशभन्दा बाहिर गुल्मीको समेत प्रतिनिधित्व थियो ।

सरीता भन्छिन्, 'सहभागी छान्नु पनि मुश्किल काम थियो । हामीलाई चाहिने व्यक्तित्व महिला हुनुपर्थ्यो, आफ्नो पहिचानका बारेमा सजग हुनुपर्थ्यो, यस समाजलाई हेर्ने दृष्टिकोणमा एक हदसम्मको समानता आवश्यक थियो । यति कुरा मिल्ने कलाकार साथीहरू पाउनु सजिलो काम थिएन ।'

सँगै बसेर उनीहरूले विषय तय गरे । कला, संस्कृति र नेपाली हुनुको परिचय विश्वभर फैलाउने चाहले होला, लामो छलफलपछि उनीहरूले कला र सम्पदालाई रोजे । त्यसो त ग्यालरीले पनि उक्त विषय छान्न सहयोग गरेको थियो ।

त्यसपछि उनीहरू दिनहुँ ग्यालरीमा आउन थाले । रेजिडेन्सीको मतलब यही थियो । सँगै बसेर दिनभरी काम गर्नुको आफ्नै विशेषता हुन्छ– कहिले राम्रा कहिले नराम्रा अनुभवहरूको सँगालोले उनीहरूलाई नजिक बनायो । उनीहरूले एक अर्कालाई अझ राम्रोसँग चिने । विषयमा छलफल गर्न थाले, आफूलाई थाहा भएको साथीहरूलाई सिकाउने र साथीहरूबाट पनि सिक्ने सिलसिला जारी भयो । आफ्नो योजना मुताबिक उनीहरू काठमाडौं, ललितपुर र भक्तपुरका सम्पदा क्षेत्रहरू र पशुपतिमा घुम्न गए । उनीहरूको योजना घुमघाम मात्र थिएन, उनीहरूले त्यहाँ आफ्ना पुर्खाले सिर्जना गरेर गएका मठ, मन्दिर, चैत्य, बहाल र त्यहाँ कुँदिएका मसिनाभन्दा मसिना बुट्टाहरूलाई हेरे, सिके, बुझे । जति बुझ्यो, त्यति उनीहरूको यस विषयमा चाख बढ्दै गयो, ज्ञानको प्यास थपिँदै गयो, अनि मेटिँदै पनि गयो । त्यति लामो कला शिक्षाले नदिएको ज्ञान मिल्काइएका, हेपिएका, बेवास्ता गरिएका सम्पदामा पाइयो । त्यहाँ नबुझेका कुराहरू सोध्न उनीहरूले लोक चित्रकार, मुशेश मल्ल, श्रीभक्त प्रजापति आदिलाई स्टुडियोमा बोलाए । सोधे, छलफल गरे अनि तृप्त भए ।

यसप्रकार उनीहरूका सिर्जनाले परिणाम ल्याउन थाले र अन्ततः एउटा सुन्दर प्रदर्शनीमा उनीहरूको तीन महिनाको मिहिनेत रूपान्तरित भयो ।

'यो हामी सबैका लागि अनौठो उपलब्धि भयो । हामीमध्ये कोही अब यस विषयमा नै रहिरन मन पराउने भएका छौं भने कोही अब यसलाई अर्को नयाँ ढंगबाट प्रस्तुत गर्न तम्सिएका छौं,' सरीताले भनिन् । ❑❑


विजयादशमी, शुभदीपावली,
ईद तथा छठ पर्वको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सु-स्वास्थ्य, दीर्घायु एवं प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

ध्रुबबहादुर प्रधान
अध्यक्ष

जीवनराम श्रेष्ठ
महासचिव

नेपाल ओलम्पिक कमिटी
सातदोबाटो, ललितपुर




# १७औं एसियाडमा नेपाल

# विमलाले दिलाइन् एकमात्र पदक

विमलाको यो उपलब्धिले के पनि साबित गरेको छ भने जसरी 'ढुंगाको काप फोरेर पनि पिपल उम्रिन्छ, त्यसरी नै प्रतिभा छ भने सिर्जना शक्ति कहिल्यै विफल हुँदैन ।' प्रतिभा कहिल्यै खेर जाँदैन ।



जयदेव गौतम

विमला तामाङ अचेल नेपालमा 'घर घरकी कहानी' भएकी छन् । दक्षिण कोरियाको इन्चोनमा भएको १७औं एसियाली खेलकुद प्रतियोगिताभन्दा पहिले उनलाई चिन्नेहरूको संख्या औंलामा गन्न सकिन्थ्यो तर अब भखरै बितेको दशैंसँगै उनी 'राष्ट्रिय सेलेब्रिटी' भएकी छन् । सरकारबाट पाउने १० लाख रुपैयाँको पुरस्कार राशिका अतिरिक्त उनलाई नेपाल ओलम्पिक कमिटीले एक लाख रुपैयाँ नगद पुरस्कार दिइसकेको छ भने विभिन्न संघ-संस्था एवं व्यक्तिले न्यूनतम १० देखि ५० हजार नगद पुरस्कार दिने क्रम चलिरहेकै छ । सेनाले राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरमा सङ्गठनको प्रतिनिधित्व गर्दै प्रतिस्पर्धा गर्ने गरी उनलाई मासिक १० हजार रुपैयाँमा करार गरिसकेको छ । यसको कारण एउटै हो– कराते खेलाडी १८ वर्षीय विमलाले कांस्य पदक जितेर इन्चोनमा नेपालको नाक जोगाएकी हुन् ।

त्यसो त खेलक्षेत्रमा निकै चासोका साथ हेरिएको विषय थियो– दक्षिण कोरियाको इन्चोन सहरमा हालै सम्पन्न १७औं एसियाली खेलकुद प्रतियोगिता (सत्रौं एसियाड) मा नेपाली सहभागिता । कुनै पनि एसियाली प्रतियोगितामा नेपालबाट सबैभन्दा ठूलो जत्था इन्चोन पुगेको थियो । २५ खेलमा भाग लिनका लागि २०४ खेलाडी, केही दर्जन प्रशिक्षक र करिब एक सयजना पदाधिकारी-पर्यवेक्षक गरी ३०० भन्दा बढीको जत्था काठमाडौंबाट इन्चोन पुगेको थियो । चार वर्षपहिले ग्वाङझाओ एसियाड–२०१० मा नेपालबाट १४ खेलमा ९१ खेलाडी सहभागी) । यसपटक तयारी र सहभागिताका लागि ६ करोड रुपैयाँभन्दा बढी खर्च गरिएको थियो । सरकारी कोटाबाट गएका 'उत्कृष्ट' खेलाडी एकपछि अर्को गर्दै नराम्ररी पराजित हुँदै बाहिरिँदै थिए । खेल महोत्सव समाप्त हुने दिन नजिकिँदै गर्दा नेपाल रित्तै हात फर्कनुपर्ने सम्भावना ह्वात्तै बढ्दो थियो । यस्तो स्थितिमा निजी खर्चमा इन्चोन पुगेकी बालाजु कराते डो प्रतिष्ठान सम्बद्ध विमलाले करातेको एकल काता इभेन्टमा कांस्य पदक जितिन् र इन्चोनमा नेपालको नाक जोगाइन् । त्यसो त कुल ४४ मुलुक सहभागी एसियाली खेल मेलामा अन्य सात देश पदकविहीन भै स्वदेश फर्केका थिए तापनि पुरस्कार वितरण पोडियममा देशको झण्डा फहराउनु र एउटै पदक भए पनि पदक तालिकामा मुलुकको नाम आउनु आफैमा रोमाञ्चक अनुभूति हो ।

यसपटक विमलाले इन्चोनमा नेपालकै उत्कृष्ट काता प्रशिक्षक हीरासिंह डंगोलको प्रशिक्षण एवं रेखदेखमा काता इभेन्टमा कांस्य जितिन् । चार

| सत्रौं एसियाड-२०१४ मा दक्षिण एसिया | | | | | |
|---|---|---|---|---|---|
| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
| ८ | भारत | ११ | १० | ३६ | ५७ |
| २३ | पाकिस्तान | १ | १ | ३ | ५ |
| ३३ | बंगलादेश | ० | १ | २ | ३ |
| ३५ | अफगानिस्तान | ० | १ | १ | २ |
| ३७ | नेपाल | ० | ० | १ | १ |
| – | भूटान | ० | ० | ० | ० |
| – | माल्दिभ्स | ० | ० | ० | ० |

वर्षपहिले सन् २०१० मा चीनको ग्वाङझाओमा भएको १६औं एसियाडमा दीपक महर्जनले बक्सिङमा नेपालको एकमात्र पदक (कांस्य) जितेका थिए । कातामा नेपालले कुनै पदक जितेको एसियाडमा पहिलोपटक हो । यसअघि सीता राईले १९८६ र समरबहादुर गोलेले १९९८ का एसियाड संस्करणहरूमा करातेकै कुमुते इभेन्टमा एक-एक कांस्य जितेका थिए ।

सन् १९५१ मा सुरु भएको पहिलो संस्करणबाटै सहभागी हुन थालेको नेपालले एसियाली खेलकुदमा अहिलेसम्म कुल २३ पदक जितेको छ जसमा एक रजत र बाँकी सबै कांस्य पदक हुन् । यसमध्ये तेक्वान्दोमा एक रजतसहित सर्वाधिक १३ पदक, बक्सिङमा ६ कांस्य र करातेमा तीन कांस्य पदक जितिएका छन् । यो प्रतियोगितामा नेपालले हालसम्म प्राप्त गरेको एकमात्र रजत पदक तेक्वान्दो खेलाडी सविता राजभण्डारीले सन् १९९८ मा भएको बैकक एसियाडमा जितेकी हुन् ।

विमला इन्चोनमा पहिलो खेलमा पाकिस्तानी खेलाडीलाई ४–१ ले पराजित गर्दै सेमिफाइनलमा पुगेकी थिइन् जहाँ उनी भियतनामी प्रतिद्वन्द्वीसित ०–५ ले पराजित भइन् । तेस्रो स्थान वा कांस्य पदकका

| सत्रौं एसियाड-२०१४ को अन्तिम पदक तालिका | | | | | |
|---|---|---|---|---|---|
| स्थान | देश | स्वर्ण | रजत | कांस्य | कुल |
| १ | चीन | १५१ | १०८ | ८३ | ३४२ |
| २ | दक्षिण कोरिया | ७९ | ७१ | ८४ | २३४ |
| ३ | जापान | ४७ | ७६ | ७७ | २०० |
| ४ | कजाकिस्तान | २८ | २३ | ३३ | ८४ |
| ५ | इरान | २१ | १८ | १८ | ५७ |
| ६ | थाइल्यान्ड | १२ | ७ | २८ | ४७ |
| ७ | उत्तर कोरिया | ११ | ११ | १४ | ३६ |
| ८ | भारत | ११ | १० | ३६ | ५७ |
| ९ | चाइनिज ताइपे | १० | १८ | २३ | ५१ |
| १० | कतार | १० | ० | ४ | १४ |
| ११ | उज्वेकिस्तान | ९ | १४ | २१ | ४४ |
| १२ | बहराइन | ९ | ६ | ४ | १९ |
| १३ | हङकङ | ६ | १२ | २४ | ४२ |
| १४ | मलेसिया | ५ | १४ | १४ | २२ |
| १५ | सिंगापुर | ५ | ६ | १३ | २४ |
| १६ | मंगोलिया | ५ | ४ | १२ | २१ |
| १७ | इन्डोनेसिया | ४ | ५ | ११ | २० |
| १८ | कुवेत | ३ | ५ | ४ | १२ |
| १९ | साउदी अरेबिया | ३ | ३ | १ | ७ |
| २० | म्यान्मार | २ | १ | १ | ४ |
| २१ | भियतनाम | १ | १० | २५ | ३६ |
| २२ | फिलिपिन्स | १ | ३ | ११ | १५ |
| २३ | पाकिस्तान | १ | १ | ३ | ५ |
| २४ | ताजिकिस्तान | १ | १ | ३ | ५ |
| २५ | इराक | १ | ० | ३ | ४ |
| २६ | युएई | १ | ० | ३ | ४ |
| २७ | श्रीलंका | १ | ० | १ | २ |
| २८ | कम्बोडिया | १ | ० | ० | १ |
| २९ | मकाउ | ० | ३ | ४ | ७ |
| ३० | किर्गिजिस्तान | ० | २ | ४ | ६ |
| ३१ | जोर्डन | ० | २ | २ | ४ |
| ३२ | तुर्कमेनिस्तान | ० | १ | ५ | ६ |
| ३३ | बंगलादेश | ० | १ | २ | ३ |
| ३४ | लाओस | ० | १ | २ | ३ |
| ३५ | अफगानिस्तान | ० | १ | १ | २ |
| ३६ | लिबिया | ० | १ | १ | २ |
| ३७ | नेपाल | ० | ० | १ | १ |

लागि भएको खेलमा उत्तर कोरियाली प्रतिद्वन्द्वीलाई ५-० ले परजित गर्दै उनले पदक तालिकामा नेपालको स्थान सुरक्षित गरिन् । देशको नाक जोगियो । धादिङको सेम्जोङ-४ निवासी आमा धनमाया र पिता विष्णु बहादुर तामाङकी छोरी विमलाले आठ वर्षकै उमेरदेखि बालाजुमा कराते सिक्न थालेकी थिइन् । यसअघि उनले लखनउ, कोलकाता, नयाँ दिल्ली, दुबई र मलेसियामा भएका आमन्त्रण प्रतियोगिताहरूमा सहभागी भई सबैमा पदक जितेकी थिइन् । पछिल्लोपटक धनगढीमा भएको छैटौं राष्ट्रिय खेलकुद प्रतियोगितामा उनले चञ्चला दनुवारलाई पराजित गर्दै एकल कातामा स्वर्ण जितेकी थिइन् । राष्ट्रिय च्याम्पियन बन्दा उनको उमेर केवल १५ वर्ष मात्र थियो ।

सहभागिताको तयारी आफ्नो ठाउँमा चलिरहँदा एसियाली खेलकुदमा नेपाली सहभागिताबारे शंका उठाउन थालिएको थियो । ओलम्पिक कमिटीको विवाद, खेलकुद मन्त्री र राष्ट्रिय खेलकुद परिषद्बीचको विवाद, करातेमै राष्ट्रिय र अन्तरराष्ट्रिय मान्यताप्राप्त दुई संघबीचको विवाद, दुई वर्षदेखि सम्पूर्ण भत्ता सुविधासहित एकथरी खेलाडी नियमित प्रशिक्षणमा रहेको अवस्था र एसियाडका लागि खेल्ने खेलाडीको छनोट प्रतियोगितामा राखेपबाट एकपक्षीयता (अर्थात् अन्तर्राष्ट्रिय मान्यताप्राप्त पुरेन्द्रविक्रम लाखे नेतृत्वको कराते महासंघलाई समर्थन गर्ने खेलाडी, प्रशिक्षक वा संघहरू) दर्शाइएको आरोपबीच खेलाडीहरू इन्चोन पुगेका थिए । यसपटक रकमको कुनै अभाव थिएन, थियो त केवल यथोचित् व्यवस्थापनको कमी जसले गर्दा अनेक खेलाडी समयमा खेलस्थल पुगेर खेल्नै पाएनन् भने केही खेल सुरु हुने समयमा खेलस्थल पुगेका थिए । यस्तैमा संयोग के रह्यो भने विमला तामाङ सरकारी कोटामा परेर इन्चोन पुगेकी थिइनन् । उनलाई खेल्न पाइने विश्वास दिलाउँदै उनकै गुरु ध्रुवविक्रम मल्लको आर्थिकसमेत सम्पूर्ण चाँजोपाँजोमा कोरिया पठाइएको थियो । त्यहाँ उनले सरकारी छनोटबाट पहिले नै त्यहाँ पुगिसकेकी चञ्चला दनुवारको ठाउँमा प्रतियोगिता खेल्ने अवसर पाएकी थिइन् । खेलाडीको रूपमा इन्चोन पुगेका कराते खेलाडीद्वय चञ्चला र गंगा अधिकारीले अन्तिम समयमा खेलाडीको नभएर अफिसियलको एक्रेडिसन कार्ड पाएका थिए !

इतिहासमा लामो समयसम्म दरबारको कालो छायाँमुनि निस्सासिएर बसेको खेलक्षेत्र मुलुकमा बहुदलीय लोकतन्त्र स्थापना भएपछि झन् निर्लज्ज तरिकाले दलीय दलदलमा भासिन पुगेको यथार्थ कसैबाट छिपेको छैन । यस्तो अवस्थामा, पसिनाका धारा बगाउँदै कठोर परिश्रमपूर्ण अभ्यास गरिरहने खेलाडीको मानसिकतामा असर पर्ने किसिमले एसियाडसमेतका विभिन्न प्रतियोगितामा सहभागितामाथि नै शंका उठाउनु कुनै किसिमबाट युक्तिसंगत मानिन सक्दैन ।

पदक जित्नु नजित्नु आफ्नो ठाउँमा छ र नेपालले सहभागिता जनाउने धेरै खेल अनुभव बटुल्ने र एक्सपोज हुने स्तरभन्दा माथि उठ्न अझ केही वर्ष वा दशक लाग्छ । यसो भन्दैमा प्रतियोगिताहरूमा सहभागी नै हुन नपाउने भन्ने हुँदैन । त्यसका लागि बरु सम्बन्धित प्रशिक्षक र खेलाडीहरू आफैले नै अतिरिक्त परिश्रम गर्नुपर्ने आवश्यकता रहेको यथार्थलाई नकार्नु हुँदैन ।

व्यायाम र खेलकूद दुई अलग कुरा हुन् । व्यायाम आफ्ना लागि गरिन्छ, स्वयंलाई तन्दुरुस्त राख्न गरिन्छ । तर खेलकूद आफ्ना लागि मात्र नभै टोल, गाउँ, क्षेत्र र देशकै लागि खेलिन्छ जसको सर्वोच्चता राष्ट्रिय, क्षेत्रीय (साग), महाद्वीपीय (एसियाड) र विश्वव्यापी (ओलम्पियाड) खेल प्रतियोगिताहरूमा सहभागी हुने कुरामा निहीत हुन्छ । खेलकूदमा धेरै अवसर यस्ता हुन्छन् जतिखेर पदक जित्नु मात्र ठूलो कुरा हुँदैन, बरु सहभागिता मात्र पनि औधि महत्वपूर्ण हुन्छ । यसो भए तापनि पदकको बेग्लै महत्व, रोमाञ्च र नशा छ । यस्तोमा रेडन कलेजकी ११ कक्षाका छात्रा विमला तामाङले जितेको पदक उत्साहवर्द्धक र प्रेरक छ ।

विमलाको यो उपलब्धिले के पनि साबित गरेको छ भने जसरी 'ढुंगाको काप फोरेर पनि पिपल उम्रिन्छ, त्यसरी नै प्रतिभा छ भने सिर्जना शक्ति कहिल्यै विफल हुँदैन ।' प्रतिभा कहिल्यै खेर जाँदैन । ❑❑

# बेइजिङ +२०
# राष्ट्रिय महिला सम्मेलन







सन् १९९५ मा चीनको राजधानी बेइजिङमा भएको चौथो विश्व महिला सम्मेलनको बीस वर्ष पुगेको उपलक्ष्यमा सन् २०१५ को मार्च ९ देखि १५ सम्म संयुक्त राष्ट्रसंघ, महिला अधिकार सम्बन्धी समितिको ५९ औं बैठकमा 'बेइजिङ सम्मेलनको बीस वर्षको सिंहावलोकन' कार्यक्रम आयोजना गरिँदैछ । यसै सन्दर्भमा बेइजिङ घोषणापत्र तथा कार्यनीतिलाई आधार बनाएर महिला अधिकारको स्थितिको समीक्षा प्रत्येक पाँच–पाँच वर्षमा राष्ट्र संघमा आबद्ध देशहरूका जिल्ला, क्षेत्र, राष्ट्रिय तथा क्षेत्रीय स्तरमा छलफल गरी उपलब्धि, चुनौती र समस्याका बारेमा पुनरावलोकनका अभ्यासहरू निरन्तर हुँदै आएका छन् । विभिन्न स्तरमा गरिएका परामर्शमा महिलाहरूको प्राथमिकताका सवालहरूको पहिचान गर्ने र राष्ट्रिय प्रतिवेदन संयुक्त राष्ट्रसंघको महिला स्थिति सम्बन्धी आयोगमा पठाउनका लागि यो एक महत्वपूर्ण दस्तावेज हुने गर्दछ ।

यसै सन्दर्भमा, "मानवताका लागि महिला सशक्तीकरण : व्यवहारमा उतारौं" भन्ने मुख्य नाराका साथ बियोन्ड बेइजिङ कमिटी (बिबिसी) र नेसनल नेटवर्क फर बेइजिङ रिभ्यु, नेपाल (एनएनबिएन) को संयुक्त आयोजनामा 'बेइजिङ +२० राष्ट्रिय महिला सम्मेलन' गत २०७१ भदौ ४, ५ र ६ गते ललितपुरस्थित स्टाफ कलेज हलमा 'काठमाडौं घोषणापत्र' जारी गर्दै सम्पन्न भयो । राष्ट्रपति डा. रामवरण यादवद्वारा उद्घाटित सम्मेलनमा नेपालका सबै जिल्लामा स्थानीय तहमा सामाजिक विकास र महिला अधिकारको क्षेत्रमा कार्यरत ४८४ वटा गैरसरकारी सामाजिक संस्थाको सहभागिता रहेको थियो । महिला आन्दोलन, विकास र उत्थानका लागि विभिन्न क्षेत्रमा लागिपरेका अभियन्ता, प्राज्ञ र राजनीतिज्ञहरू यसरी धेरै समयपछि एकै छानामुनि भेला भएका थिए । उनीहरूले नेपालमा यो आधा शताब्दीमा गरिएका संघर्ष, भएका उपलब्धि र अब आउने दिनमा गर्नुपर्ने कामका बारेमा खुलेर छलफल गरेका थिए । सम्मेलनले महिला अधिकारको आन्दोलनलाई अझै एकताबद्ध रूपमा सशक्त र बलियो बनाउनुपर्ने सन्देश दियो ।

कार्यक्रमको विशेष आकर्षणका रूपमा रहेको प्रसंग बन्यो– सम्मेलनको अवसर पारी महिला अधिकार आन्दोलनको क्षेत्रमा दशकौंदेखि आफ्नो जीवन अर्पण गर्ने तीनजना अग्रणी महिला अभियन्ता अंगुरबाबा जोशी, तुला राणा र डा. मीना आचार्यलाई सम्मान गरिएको थियो ।

बेइजिङ सम्मेलनपछिका २० वर्षको अन्तरालमा नेपाली महिला आन्दोलनको क्षेत्रमा थुप्रै कुरा भएका छन् । त्यसबेला उठाइएका केही मुद्दालाई राज्यले सम्बोधन गरेको छ भने महिला आन्दोलनले कतिपयलाई सफल बनाएको पनि छ । त्यस्तै, केही मुद्दा आजसम्म पनि ज्यूँका त्यूँ छन् र समाजमा कलंककै रूपमा निरन्तर छन् । यति लामो समयमा देशभर भए गरिएका आन्दोलनका बाबजुद पनि न सरकारको हेर्ने दृष्टिमा परिवर्तन आउन सकेको छ न समाजमा पुरुषहरूको हेराइ नै फेरिन । अझ कतिपय मुद्दालाई त महिलाहरू स्वयंले पनि आत्मसात् नगरेको भान हुन्छ । अर्कोतिर त्यतिखेरका केही मुद्दा हाल आएर अप्रासंगिक भएको पनि देखिन्छ । यसप्रकार यो लामो समयमा प्राप्त भएका उपलब्धि, समस्या र चुनौतीको समीक्षा, पुनर्ताजगीकरण र पुनर्मूल्यांकन यस सम्मेलनमा भएको थियो । यस अर्थमा उक्त सम्मेलन प्राप्त उपलब्धिको समीक्षा, समस्या र चुनौतीहरूलाई चिर्दै आगामी पाँच वर्षका लागि ठोस कार्यदिशा पहिल्याउन सफल भएको मान्न सकिन्छ । यसबाहेक, सम्मेलनले आगामी कार्ययोजनासहित रणनीतिक योजना तयार गरेको छ ।

सन् १९९५ मा चीनको राजधानी बेइजिङमा सम्पन्न संयुक्त राष्ट्रसंघीय चौथो विश्व महिला सम्मेलन विश्व महिला आन्दोलनको एक महत्वपूर्ण औपचारिक कडी थियो । त्यस बेला तय गरिएका योजनाहरू त्यसमा संलग्न भएका राष्ट्रहरूले गरे गरेनन् भनेर हेर्न र अबका दिनमा महिला आन्दोलनलाई कुन बाटोमा लाने भनेर निर्क्योल गर्न यस्ता सम्मेलनहरू हुन निकै आवश्यक थियो र आवश्यकता अझै उत्तिकै छ पनि ।

यस सम्मेलनमा महिला अधिकार सम्बन्धी अत्यावश्यक विषयवस्तुहरूमा महिला र गरिबी, शक्ति संरचना र निर्णय तहमा महिला, महिला र स्वास्थ्य, महिलाविरुद्धको हिंसा, महिला र अर्थतन्त्र, महिला र सशस्त्र संघर्ष, महिला र सञ्चार माध्यम, महिलाको मानव अधिकार, महिला र वातावरण, महिला शिक्षा र तालिम, महिला विकासका लागि संस्थागत संयन्त्र, नेपालमा बालिका, लैङ्गिक पहिचान र परम्परागत हानिकारक प्रथासमेत गरी विभिन्न १४ शीर्षकमा विज्ञहरूद्वारा कार्यपत्र पेस गरिएको थियो भने त्यसमा सहभागीहरूले व्यापक छलफल गरेका थिए ।

'महिला र गरिबी' विषयमा डा. प्रतिभा सुवेदीले कार्यपत्र पेस गर्नुभएको थियो । उक्त कार्यपत्रमा खासगरी महिलामा रहेको

गरिबीलाई कसरी निर्मूल गर्न सकिन्छ भन्ने सवाल उठाइएको थियो । यसमा महिलाहरूको गरिबी हटाउन गरिएका प्रयासहरूलाई प्रभावकारी रूपमा महिलाको समग्र विकासको पक्षमा कसरी कार्य गर्दा राम्रो हुन्छ भन्ने विषयमा गहन छलफल भएको थियो ।

'शक्ति संरचना र निर्णय तहमा महिला' विषयमा अधिकारकर्मी सलोनी सिंहले कार्यपत्र प्रस्तुत गर्नुभयो । छलफलको निष्कर्षमा शक्ति संरचना र निर्णय तहमा महिलाको सहभागिता सन्तोषजनक नरहेको भन्नेमा सबै सहभागीहरू सहमत देखिँदा देखिँदै पनि पछिल्ला वर्ष यस क्षेत्रमा भएका उपलब्धिलाई सबैले उल्लेख्य पनि मानेका थिए । महिला प्रतिनिधित्वको विषय नेपालको मात्र नभई विश्वकै विषय हो र यस दिशामा आधुनिक पुस्ता बढी सजग छ भन्ने गोष्ठीको निष्कर्ष थियो ।

'महिला र स्वाथ्य' विषयमा डा. अरुणा उप्रेतीको प्रस्तुतीकरण थियो । नेपाली महिलाले भोग्नुपर्ने सबै खालका स्वास्थ्य समस्यामा ध्यान केन्द्रित गराउँदै उहाँले महिलाको पोषण पनि स्वास्थ्य सम्बन्धित समस्या हो, पोषणमा व्यापक चेतना अभिवृद्धि गर्नु पर्छ भन्नुभयो र प्रजनन स्वास्थ्यको मात्र नभएर महिलाहरूको समग्र स्वास्थ्य समस्याहरूको सम्बोधन हुने नीति बन्नुपर्नेमा जोड दिनुभयो ।

'महिलाविरुद्धको हिंसा' विषयमा अधिकारकर्मी पिंकीसिंह राणाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । वर्षौं लामो प्रयास र घरेलु हिंसाविरुद्धको ऐनलगायत केही कानुनी पूर्वाधार तयार हुँदा पनि मुलुकको ठूलो जनसंख्या हिंसा र विभेदमा रहेको सबै सहभागीको प्रतिक्रिया थियो ।

प्रा. पुष्पा घिमिरेले 'महिला र अर्थतन्त्र' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। घिमिरेले महिलाको पहुँचमा वृद्धि भए तापनि अर्थतन्त्रमा नियन्त्रण हुन नसकेको बताउँदै लघु वित्त कार्यक्रमले मात्र महिलाको सशक्तीकण र गतिशीलताको पहिचान हुन सक्दैन भन्नुभयो । 'महिला र सशस्त्र संघर्ष'का विषयमा अधिकारकर्मी बबिता बस्नेतले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले सशस्त्र संघर्षका कारण महिलालाई परेको असर आज पनि कायम रहेको, न्यूनीकरण गर्ने दिशामा राज्य सजग र सक्रिय हुन नसकेको पक्षमा जोड दिनुभएको थियो ।

लैङ्गिक पहिचान र यौनिकता विषयमा सायरा कार्कीले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुतकर्ताले आफ्नै अनुभव र व्यक्तिगत घटना अध्ययनहरू अगाडि सार्दै विषयको सुरुआत गर्नुभएको थियो । यो सवाल नयाँ र सहभागीबीच निकै कुतुहलको विषय भएकाले सहभागी पनि धेरै र सक्रिय रूपमा सहभागी भएका थिए ।

निर्मला शर्मा र नितु पण्डितले महिला र सञ्चार विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । नेपाली मिडिया जगत नै कम व्यावसायिक भएका कारण यसमा लैङ्गिकमैत्री र खासगरी महिलामैत्री वातावरण नरहेको निष्कर्ष गोष्ठीका सहभागीहरूको थियो ।

महिला र मानव अधिकार विषयमा सवीन श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सवीन श्रेष्ठले नागरिकता नपाएका कारण भक्तपरमा गरिएको आत्महत्याबाट कार्यपत्र प्रस्तुतीकरणको सुरुआत गर्नुभएको थियो । यस सत्रमा सहभागीहरूले आ–आफ्ना ठाउँका घटना सेयरिङ गरेका थिए । साथै सहभागीहरूले आमाको नामबाट नागरिकता पाउने कानुन बन्नुपर्नेमा जोडदार माग गरेका थिए ।

'महिला र वातावरण' विषयमा अप्सरा चापागाईंले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । महिला अधिकारका क्षेत्रमा काम गरिरहँदा



पुरुषहरूलाई पनि समावेश गराउनुपर्ने र महिला एक्लैले गर्दा ठोस उपलब्धि हासिल हुन नसक्ने विचार राख्दै उहाँले वातावरण विनाश र जलवायु परिवर्तनका कारण सर्वाधिक प्रभावित महिला नै भएको विश्लेषण प्रस्तुत गर्नुभएको थियो ।


'महिला शिक्षा र तालिम' विषयमा शान्तालक्ष्मी श्रेष्ठ तथा प्रेमा लामाले कार्यपत्र पेस गर्नुभयो । नीतिगत तहमा बालबालिकाको स्कुलमा भर्ना भरमग्दुर प्रयास भएको फलस्वरूप कम्तीमा भर्नाको बेला समानता भएको छ। धेरैजसो सामुदायिक विद्यालय अपांगतामैत्री भएका छन् । बालबालिकाको विद्यालय भर्ना संख्यामा उल्लेखनीय वृद्धि भएको छ । उहाँले यो हाम्रो उपलब्धि हो भन्नुभयो ।

'महिला विकासका लागि संस्थागत संयन्त्र' विषयमा कार्यपत्रको प्रस्तुतीकरण ऋतुराज भण्डारीले गर्नुभयो । उहाँले महिलाहरूका संस्थागत संयन्त्रहरू प्रभावकारी र साधन र स्रोत सम्पन्न हुनु पर्छ भन्ने कुरामा जोड दिनुभएको थियो ।

'नेपालमा बालिका' विषयमा सुम्निमा तुलाधरले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । महिला र बालिकाको मुद्दा वा सवाललाई कसरी कार्यान्वयनमा लान सकिन्छ, कसरी उनीहरूका सवाललाई माथिल्लो स्तर वा संयुक्त राष्ट्रसंघसम्म पुऱ्याउने भन्ने विषयमा प्रस्तोताले प्रकाश पार्नुभयो । बालबालिकालाई समान अधिकार हुनुपर्ने, परम्परागत मूल्य–मान्यता र दृष्टिकोणले गर्दा बालिका पछाडि पारिएको जो अवस्था छ, त्यसमा परिवर्तन ल्याउनुपर्ने, नीतिगत आधार अझ सबल बनाउनु पर्ने, भएका नीति पनि व्यवहारमा कार्यान्वयन हुनसकेको अवस्थामा ध्यान दिनुपर्ने धारणा छलफलमा प्रस्तुत गरियो ।

'हानिकारक परम्परागत प्रथा' विषयक कार्यशाला गोष्ठीमा पिंकीसिंह राणाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । महिलाविरुद्धका कुरीतिजन्य हिंसाको बारेमा सदनमा कुरा उठाए पनि यसले प्रमुख मुद्दाको स्वरूप ग्रहण गर्न नसकेको सार्वजनिक गरियो । महिला हिंसाको सवालमा नेपालको कानुनले दिन सक्ने कारबाही हुनुपर्छ भन्ने कुरामा सहभागी सबै सहमत देखिए । कुरीतिजन्य विभेद हाम्रो देशमा मात्र होइन विश्वभरि कुनै न कुनै रूपमा व्याप्त रहेको तर अन्यत्र यसलाई हटाउन सक्रियताका साथ आवाज उठेको जानकारी पनि गोष्ठीमा दिइको थियो । – *अस्मिता डेस्क*

# नर्सको संस्मरणलाई मदन पुरस्कार




साहित्यको दुनियाँमा कहिल्यै कसैले नाम नसुनेकी ४१ वर्षीया राधा पौडेलले लेखेको आत्मसंस्मरण कृति 'खलंगामा हमला' ले वर्ष २०७० को मदन पुरस्कार पायो। (त्यसो त निरन्तर सामाजिक सक्रियताका लागि पौडेलले यसअघि युनिभर्सिटी अफ सान डियागो, अमेरिकाबाट 'वुमन पिसमेकर-२०१२' र राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) द्वारा 'एन-पिस अवार्ड २०१२' प्राप्त गरिसकेको ब्यहोरा पुस्तकको पृष्ठभागमा उल्लेख गरिएको छ)। तर, मदन पुरस्कार पाउने घोषणा भएसँगै एकाएक 'ती अपरिचित' लेखक र उनको कम चर्चित पुस्तक अकस्मात् चर्चामा आए। उनी पेसाले नर्स हुन् र कुनै अन्तर्राष्ट्रिय गैससका लागि जुम्लामा स्वास्थ्य क्षेत्रका लागि कार्यरत छन्। उनै नर्सको संस्मरण डायरीको खोजी हुन थाल्यो। भृकुटी मण्डपमा चलिरहेको बृहत् पुस्तक प्रदर्शनीकै क्रममा पुस्तकको प्रकाशक नेपालय हतार हतार दोस्रो संस्करण निकाल्ने तयारीमा दौडिनुपर्ने भयो। पर-आलोचना र आत्मश्लाघाको संसारमा रमाउने एकथरी कलमकर्मीले समवेत् स्वरमा आवाज उराले- कहिल्यै कतै नामै नसुनिएकी अज्ञात लेखकको पुस्तकले किन र कसरी यस्तो ठूलो पुरस्कार पाउन सक्यो!

तर पुस्तकको पहिलो वाक्य 'जुम्लामा झाडापखाला फैलिनु भनेको काठमाडौँमा रुघाखोकी लागेजस्तै हो' भनेर सुरु गरेपछि अगाडि पढ्नेहरूले जवाफ आफैमा पाए। 'खलंगामा हमला' वास्तवमै पढ्न लायक मात्र होइन, पुरस्कारको हकदार किताब पनि हो। पुस्तकमा अभावग्रस्त परिवारमा जन्मेर दुःखजिलो गरेर हुर्के-पढेकी एकजना साहसी नर्स महिलाले आफ्नो ४० वर्षे जीवनको संक्षिप्त अनुभव र त्यसमा पनि खासगरी जुम्लामा कार्यरत छँदा प्रत्यक्ष अनुभव गर्नु परेको भिषण माओवादी आक्रमण अनि त्यसपछिको जुम्लाको वस्तुस्थितिको रोचक एवं रसिलो वर्णन छ। टुहुरा पिता र दमकी रोगी आमाको लोभलाग्दो बखानसँगै यो राधा पौडेलको आत्मकथा पनि हो। उनको पुर्ख्यौली घर लमजुङको साइँलीटार हो र पछि चितवनको भरतपुर-८ गौरीगञ्जमा बसाइँ सरेको हो। त्यहीँ पाँच छोरी एक छोरा (भाइ) सन्तान जन्मेकोमा लेखक राधा काइँली हुन्। आफ्ना बाको नरिसाउने, नफर्किने बरु कथा हालेजस्तो गरी गल्तीप्रति पछुतोभाव जगाउने विशिष्ट क्षमताबारे उनले किताबका थुप्रै पन्ना खर्चेकी छन्।

सालका बियाँ बेच्न जाने र बिहान पढेर दिउँसो भैंसी चराउन र घाँस काट्न जाने गरेको समयदेखि लिएर अपरेसन कक्षमा 'एनेस्थेटिक असिस्टेन्ट' भएर काम गर्दा अनेक डरलाग्दा र घिनलाग्दा अनुभव बटुलेको अनि चिया पिउँदै अपरेसन कक्षमा काम गर्ने बानी बसेकोसम्मका अनुभव उनले यस पुस्तकमा लेख्न भ्याएकी छन्।

छोटा वाक्य र सरल भाषा रहेको पुस्तकमा लेखिएअनुसार, २०३० सालमा जन्मेकी राधाले जुम्लाको विस्मयकारी दरिद्रता २०१७ सालमा जुम्ला पुगेर सात-आठ महिना बिताएका आफ्नै बाका मुखबाट सुनेकी थिइन्। पछि पोखरामा तीन वर्षे स्टाफ नर्सको पढाइ थालेपछि उनले बाग्लुङ, पर्वत लगायत अन्य दुर्गम पहाडी जिल्लाका वेदनाहरूसित पनि साक्षात्कार हुने मौका पाइन्। अझ पछि नर्सिङ अध्ययन सकेर जागिरको खोजीमा काठमाडौँमा आएर केही समय बिताएपश्चात् त उनलाई काठमाडौं खाल्डो डाँडाकाँडा र कुना कन्दराका बिरामी भेट्न र चिन्न पाइने प्रयोगशाला लाग्यो तर उनले जागिर चाहिँ तीन महिना लामो खोज र प्रतीक्षापछि चितवनको भरतपुर अस्पतालमा पाइन्। (पछि उनले शिक्षण अस्पताल महाराजगञ्जबाट स्वास्थ्य शिक्षामा स्नातकोत्तर र त्रिविबाट समाजशास्त्रमा स्नातकोत्तर समेत पूरा गरिन्)। उनले एक ठाउँ आफ्नो पेसा नर्सिङबारे उल्लेख गर्दै भनेकी छन्, 'नर्सको काम कस्तो हुँदो रहेछ भने बिरामीहरूको दुःखलाई एकदमै नजिकबाट हेर्नुपर्ने। महसुस गर्नुपर्ने। मल्हम लगाउनुपर्ने। डाक्टरहरूले भन्दा कता हो कता बढी।'

उनले पुस्तकमा निकै ठाउँ उल्लेख गरेको एउटा शब्द छ- आम्मामामा! पुस्तक पढ्दै गर्दा यो शब्दले अन्यथा होइन बरु मिठास नै थप्ने काम गरेको महसुस हुन्छ। उनले पुस्तकमा उल्लेख गरेका केही उल्लेखनीय पंक्ति यहाँ उद्धृत गर्नु सान्दर्भिक हुन्छ :

'के पुरुष मात्र आँटिला हुन्छन् भनेर कुनै धर्मग्रन्थमा लेखेको छ र?'

'मैले बेलायत होइन जुम्लामा काम गर्ने मौका पाएँ। बेलायतले मजस्तो नर्स प्रशस्तै पाउँछ। जुम्लामा म एक्ली छु। बेलायतमा मेरो उपस्थितिको मोल सुको बराबर हुन्न। जुम्लामा लाख छ।'

'हामी धनी नै छौं छोरी, जुम्लाका मान्छेभन्दा धेरै धनी छौं।'

'मान्छेले परिपक्व हुन कि दुःख भोग्नुपर्छ, कि देख्नुपर्छ। मैले दुवै अवसर पाएँ। दुःखमा जन्मिएँ। दुःखमै हुर्किएँ। भरतपुर अस्पतालमा चार वर्ष काम गर्दा बिरामीसँगको संसर्गले दुःखको अर्को पाटो पनि खुलस्त भयो।...'

'कर्णालीका जिल्ला जुम्ला, हुम्ला, डोल्पा, मुगु र कालिकोटको नाम आउने बित्तिकै गरिबी र दुर्गमजस्ता विशेषण जोडिएर आइहाल्छन्। अखबारमा पनि प्रायः नराम्रै खबर छापिन्छ। कहिले खाद्यान्न अभावले घेरेको हुन्छ। कहिले झाडापखालाले मान्छे मरिरहेका हुन्छन्। भाइरल इन्फ्लुएन्जाको प्रकोप यहीँ छ। बर्सेनी सयौं व्यक्ति काम खोज्न भारत छिर्नुपर्ने बाध्यता पनि यहीँ छ।'

'जब आफ्नै देशका मान्छे जुम्लालाई परदेश ठान्छन्, कसरी हुन्छ उन्नति?'

राधा पौडेललाई कसैले चिन्छ वा चिन्दैन? राधा पौडेलको नाम कसैले सुनेको छ वा छैन? यी कुराहरूले कुनै अर्थ राख्दैनन्। मूल कुरा, उनले जुन पुस्तक लेखेकी छन् 'खलंगामा हमला', त्यो वास्तवमै उत्कृष्ट छ। पठनीय छ र छ प्रेरक पनि। उनले यो पनि साबित गरेर देखाएकी छन्- जीवन अनुभव लेख्न बुढो हुनु पर्दैन। के लेखिन्छ र कसरी लेखिन्छ भन्ने कुरा प्रमुख हो। थोरै पृष्ठ (१३५ पेज) र सानो आकारमा पनि मान्छेको मन छुने कृति सिर्जना गर्न सकिन्छ।

के उनले यस्ता अरू कृति पनि नेपाली समाजलाई दिने जमर्को गर्ने छिन्? किनभने, कुनै बेला 'आम्मामामा! कस्तो होला जुम्ला?' भनेर बालसुलभ जिज्ञासा पोखिरहेर पछि त्यही ठाउँलाई कर्मथलो बनाउने सुअवसर पाएकी उनले 'जुम्लाको सेवा गर्न अझै पुगेकै छैन।' उनकै शब्दमा- जुम्लामा पाइने र जुम्लीहरूले दिने सामाजिक ज्ञान एक लाख किताबले पनि दिन सक्दैनन्।

*- जयदेव गौतम*